# नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर द्वितीय वर्षको दसौं
पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधकर्ता
लेखराज ओझा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६५

नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान लेखराज ओझा २०६५

शोधनिर्देशक
उपप्रा. गोविन्दप्रसाद शर्मा

# नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर द्वितीय वर्षको दसौं
पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधकर्ता
लेखराज ओझा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६५

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत**

**नेपाली केन्द्रीय विभाग कीर्तिपुर**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र श्री लेखराज ओझाले त्रि.वि. स्नातकोत्तर तह (एम.ए) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि गर्नु भएको **नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

# शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख, प्रा राजेन्द्र सुवेदी ...............................

२. शोधनिर्देशक, उपप्राध्यापक गोविन्दप्रसाद शर्मा ...............................

३. बाह्यपरीक्षक, मधुसुदन गिरी ...............................

मितिः २०६५/९/२

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षका छात्र श्री लेखराज ओझाले **नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । मिहिनेतपूर्वक तयार पारिएको यस शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

२०६५/८/२६

.................................

गोविन्दप्रसाद शर्मा
उपप्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु उपप्रा.गोविन्दप्रसाद शर्माज्यूका निर्देशनमा तयार पारेको हुँ । विविध व्यस्तताका बीच मलाई आफ्नो समय दिई सजग र सचेत गराई समुचित मार्गनिर्देशन गरिदिनुहुने शोधनिर्देशक श्रद्धेय गुरुप्रति हार्दिक कृतज्ञताज्ञापन
गर्दछु । प्रस्तुत शोधशीर्षकको स्वीकृतिका लागि आवश्यक सहयोग पुऱ्याउने नेपाली केन्द्रीय विभागप्रति म आभार व्यक्त गर्दछु ।

शोधपत्रको तयारिका क्रममा आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्ने यज्ञराज 'यात्री' एवम् सु.प. साहित्य समाज, सु.प गजलमञ्च, कैलाली जनपुस्तकालय, नवरत्न साहित्य सङगम आदि साहित्यिक संघसंस्थाका पदाधिकारी तथा मलाई सयोग गर्ने कैलालीका साहित्यकारहरू तथा तिनका परिवारजनप्रति आभार व्यक्त गर्दछु । त्यसैगरी शोधकार्यका लागि आवश्यक पुस्तक, पत्रपत्रिका, शोधपत्र जस्ता सामग्री उपलब्ध गराई सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यका क्रममा सामग्री सङ्कलन गर्न सहयोग गर्ने साथीहरू रामलाल जोशी, पुष्करराज भट्ट, टोपेन्द्र शाह 'रसिक' प्रति कृतज्ञताज्ञापन गर्दछु । त्यस्तै मलाई यहाँसम्मको अध्ययनका लागि प्रेरणा दिनुहुने पूज्य पिता डम्मरलाल ओझा र माता डम्मरादेवी ओझाको ऋणी छु । शोधकार्यका क्रममा विविध पक्षमा सहयोग गर्ने सविता ओझालाई कृतज्ञता ज्ञापन गर्छु । त्यसै गरी सामग्री सङ्कलनदेखि शोधपत्र तयार पार्दासम्म सहयोग गर्ने काका शंकरकुमार भट्ट, बहिनी हेमा, भाइहरू थानेश्वर, यादव र यज्ञराजप्रति आभार व्यक्त गर्छु । सहयोग गर्ने साथीहरू प्रकाश, विष्णु, राजेन्द्रप्रति कृतज्ञता व्यक्त गर्छु ।

शोधपत्रलाई छिटो एवम् शुद्धसँग टङ्कण गरिदिने श्री विष्ट कम्प्युटर सेन्टरकी बहिनी सुश्री सृजना विष्टलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।

मितिः २०६५/८/
शैक्षिक सत्र (०६२-०६४)
क्रम संख्याः २६७

लेखराज ओझा
शोधार्थी
नेपाली केन्द्रीय विभाग
त्रि.वि.कीर्तिपुर, काठमाडौं

# विषय सूची


पृष्ठ

**पहिलो परिच्छेद**
**शोधपरिचय** १-६
१.१ विषयपरिचय १
१.२ शोधसमस्या १
१.३ शोधकार्यको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा २
१.५ शोधकार्यको औचित्य र महत्त्व ५
१.६ शोधकार्यको सीमाङ्कन ५
१.७ शोधविधि ६
१.८ शोधपत्रको रूपरेखा ६

**दोस्रो परिच्छेद**
**कैलाली जिल्लाको परिचय** ७-२४
२.१ भौगोलिक अवस्थिति ७
२.२ कैलाली जिल्लाको नामकरण ९
२.३ प्राकृतिक अवस्था ९
२.४ ऐतिहासिक चिनारी १२
२.५ मन्दिर एवम् धार्मिक स्थलहरू १४
२.६ सामाजिक सन्दर्भ १५
२.७ सांस्कृतिक सन्दर्भ १७
२.८ जातजाति १८
२.९ चाडपर्व १९
२.१० भाषा र भाषिका २०
२.११ शैक्षिक अवस्था २१
२.१२ आर्थिकस्थिति २२
२.१३ निष्कर्ष २४

**तेस्रो परिच्छेद**


**कैलाली जिल्लाको साहित्यिक सर्वेक्षण** **२५-५३**

३.१ पृष्ठभूमि २५

३.२ लोकसाहित्य २५

३.३ अभिलेख २८

३.४ कैलाली जिल्लाको साहित्यिक परम्परा २९

३.५ कैलाली जिल्लाका साहित्यकारहरूको सर्वेक्षण ३२

३ ६ कैलाली जिल्लाका साहित्यकारहरूको विधागत योगदान ४१

३.६.१ कविता विधा ४१

३.६.२ कथा विधा ४३

३.६.३ उपन्यास विधा ४३

३.६.४ निबन्ध विधा ४३

३.६.५ नाटक विधा ४३

३.७ पत्रपत्रिका तथा पुस्तकालय छ ४३

३.७.१ पुस्तकालय ४४

३.७.२ पत्रपत्रिका ४५

३.७.३ एफ.एम ४७

३.८. साहित्यिक सङ्घसंस्था र पुरस्कार ४८

३.८.१ साहित्यिक सङ्घसंस्था ४८

३.८.२ साहित्यिक पुरस्कार ४९

३.९ निष्कर्ष ५२


**चौथो-परिच्छेद**


**कैलाली जिल्लाका प्रतिनिधि साहित्यकारहरूको कृतिगत सङ्क्षिप्त अध्ययन** **५४-११४**

४.१ पृष्ठभूमि ५४

४.२ पहलमानसिंह स्वाँर (१९३५-१९९१) ५५

४.२.१ अटलबहादुर (१९६२) नाटकको अध्ययन ५५

४.२.२ विमलादेवी (१९७६) नाटकको अध्ययन ५८

४.२.३ निष्कर्ष ५९

४.३ नृपबहादुर स्वाँर (१९८३-२०६२) ५९

४.३.१ कथा-व्यथा (२०५९) उपन्यासको अध्ययन ६०

४.३.२ देशभित्र-देशबाहिर (२०६०) यात्रा-संस्मरणको अध्ययन ६२

४.३.३ निष्कर्ष ६४
४.४ खड्कबहादुर सिंह (१९८८-२०४४) ६५
४.४.१ विद्रोह-भाग १ (२०११) र विद्रोह-भाग २ (२०१३) उपन्यासको अध्ययन ६५
४.४.२ निष्कर्ष ६७
४.५ देवकान्त पन्त (१९९३-२०५७) ६७
४.५.१ सीता स्वयम्वर (२०२७) महाकाव्यको अध्ययन ६८
४.५.२ निष्कर्ष ७०
४.६ रामचन्द्र जोशी (१९९३) ७०
४.६.१ आमा (२०४१) खण्डकाव्यको अध्ययन ७०
४.६.२ निष्कर्ष ७२
४.७ भालचन्द्र भण्डारी 'ब्रह्मगोल' (२००६) ७२
४.७.१ सुभद्रा (२०४५) खण्डकाव्यको अध्ययन ७३
४.७.२ जयनेपाल (२०५२) कवितासङ्ग्रहको अध्ययन ७५
४.७.३ निष्कर्ष ७७
४.८ यज्ञराज जोशी 'यात्री' (२०१०) ७७
४.८.१ आमाको महिमा (२०४३) कवितासङ्ग्रहको अध्ययन ७८
४.८.२ भगवतीको वन्दना (२०४७) भक्तिकविता सङ्ग्रहको अध्ययन ७९
४.८.३ निष्कर्ष ८०
४.९ मनिराज जोशी (२०१२) ८०
४.९.१ सरिता (२०५६) खण्डकाव्यको अध्ययन ८१
४.९.२ दशरथ चन्द (२०६५) महाकाव्यको अध्ययन ८३
४.९.३ निष्कर्ष ८६
४.१० पद्मराज जोशी 'प्रभात' (२०१६) ८६
४.१०.१गौरापर्व एक परिचय (२०५९) कृतिको अध्ययन ८६
४.१०.२ पहाडकी सौंराई (२०६४) उपन्यासको अध्ययन ८९
४.१०.३ निष्कर्ष ९१
४.११ हेमन्ती जोशी (२०१८) ९२
४.११.१ प्रतिबिम्ब (२०६४) कथासङ्ग्रहको अध्ययन ९२
४.११.२ निष्कर्ष ९४
४.१२ मेघनाथ खनाल 'बन्धु' (२०१९) ९४
४.१२.१ गजल यात्रा २०६४ गजलसङ्ग्रहको अध्ययन ९४
४.१२.२ निष्कर्ष ९६

४.१३ श्रेष्ठ प्रिया 'पत्थर' (२०२१) ९६
४.१३.१ 'पत्थर'का गजलसङ्ग्रहहरूको अध्ययन ९७
४.१३.२ निष्कर्ष ९९
४.१४ पुष्करराज भट्ट (२०३२) १००
४.१४.१ कर्मयोद्धा (२०५९) लघुकथा सङ्ग्रहको अध्ययन १००
४.१४.२ एक थोपा सागरको (२०६४) लघुकथा सङ्ग्रहको अध्ययन १०२
४.१५.३ निष्कर्ष १०४
४.१५ रामलाल जोशी (२०३४) १०४
४.१५.१ हत्केलामा आकाश (२०५७) गजलसङ्ग्रहको अध्ययन १०४
४.१५.२ निष्कष १०६
४.१६ टी.एन जोशी 'किशोर' (२०३५) १०६
४.१६.१ दशरोएका बेला (२०६२) गजलसङ्ग्रहको अध्ययन १०६
४.१६.२ निष्कर्ष १०८
४.१७ लोकबहादुर चौधरी 'लक्की' (२०३५) १०८
४.१७.१ अन्तर्भाव (२०६३) गजलसङ्ग्रहको अध्ययन १०८
४.१७.२ निष्कर्ष ११०
४.१८ दीर्घराज उपाध्याय 'अनुराग' ११०
४.१८.१ उनैको यादमा (२०५९) गजलसङ्ग्रहको अध्ययन ११०
४.१८.२ निष्कर्ष ११२
४.१९ जनक जोशी 'रसिक' (२०४४) ११२
४.१९.१ युगीन सपना (२०६४) गजलसङ्ग्रहको अध्ययन ११२
४.१९.२ निष्कर्ष ११२
**पाँचौं-परिच्छेद** **११५-११९**
**उपसंहार**

## सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| एम.ए | - | मास्टर्स अफ आर्ट |
| ऐ.ऐ. | - | ऐजन ऐजन |
| कि.मि. | - | किलो मिटर |
| क.सङ् | - | कम.सङ्ख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.वि.स. | - | जिल्ला विकास समिति |
| जि.शि.का | - | जिल्ला शिक्षा कार्यालय |
| डा. | - | डाक्टर |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्र. अ. | - | प्रधान अध्यापक |
| प्रा. | - | प्राध्यापक |
| एफ. एम. | - | फ्रिक्वेन्सी मोडुलेसन |
| बी.ए. | - | बेच्लर अफ आर्ट |
| बी.एस.सी. | - | बेच्लर अफ साइन्स |
| बि.सं. | - | बिक्रम सम्वत् |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| मि. | - | मिटर |
| मि.मि. | - | मिलिमिटर |
| सं. | - | संस्करण |
| सम्पा. | - | सम्पादक |
| सु.प. | - | सुदूरपश्चिमाञ्चल |
| से. | - | सेन्टिग्रेट |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

कैलाली जिल्ला नेपालका पाँच विकासक्षेत्र मध्ये सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा पर्दछ । यस जिल्लाको साहित्यिक पृष्ठभूमि आफ्नै किसिमको रहेको छ । कैलाली जिल्लामा रहेका लोकसाहित्य, अभिलेख, लिखितसाहित्य परम्पराले कैलालीको साहित्यिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । कैलाली जिल्लाको साहित्यिक विकास र परम्परालाई ऊर्जा प्रदान गर्न यहाँका जनताको प्रयास पनि उत्तिकै सह्रानीय रहेको छ । त्यसैले यस जिल्लाका विभिन्न साहित्यिक तथा साहित्येत्तर सङ्घसंस्था, पुरस्कार, पुस्तकालय आदिले पनि कैलालीको साहित्यिक विकासमा टेवा दिएका छन् । अतः यसै विषयसित सम्बन्धित भएर कैलाली जिल्लाको साहित्यिक गतिविधिबारे प्रकाश पार्नु प्रस्तुत शोधकार्यको मुख्य विषय रहेको छ ।

## १.२ शोधसमस्या

कैलाली जिल्लाको साहित्यिक परम्परा धेरै पुरानो नभए पनि पहलमानसिंह स्वाँरदेखि लिएर हालसम्म आइपुग्दा कैलाली जिल्लाको साहित्यले निकै फड्को मारेको छ । यस अवधिमा हालसम्म कैलाली जिल्ला जन्मथलो र कर्मथलो भएका थुप्रै स्थानीय, क्षेत्रीय र राष्ट्रियस्तरका साहित्यकारहरू देखा परिसकेका छन् । यस जिल्लामा थुप्रै साहित्यिक र साहित्येत्तर सङ्घसंस्था, पत्रपत्रिका, पुस्तकालयहरू पनि स्थापना भैसकेका छन् । तर हालसम्म कैलालीको साहित्यिक गतिविधिको व्यवस्थित अध्ययन हुन सकेको छैन । नेपाली साहित्यमा कैलाली जिल्लाका साहित्यकारहरूले कविता, कथा, नाटक, उपन्यास आदि विधागत लेखनबाट योगदान पुऱ्याएका छन् । हालसम्म नेपाली साहित्यमा कैलाली जिल्लाका साहित्यकारहरूको योगदानका बारेमा कुनै लेखाजोखा र मूल्याङ्कन हुन सकेको छैन । कसले कुन विधामा कस्तो योगदान दिएको छ र दिइरहेको छ ? भन्ने प्रष्ट प्रमाण पनि हामीसँग उपलब्ध छैन । अतः कैलाली जिल्लाको व्यवस्थित साहित्यिक अध्ययन गर्नु अनि साहित्यिक गतिविधिका बारेमा खोजअनुसन्धान र मूल्याङ्कन गरी प्रकाशमा ल्याउनु प्रस्तुत शोधकार्यको मुख्य समस्या हो । यससँग सम्बन्धित निम्नलिखित समस्याहरू पनि रहेका छन्-

क) कैलाली जिल्लाको चिनारी कस्तो छ ?

ख) कैलाली जिल्लाको साहित्यलेखनको परम्परा कस्तो छ ?

ग) कैलाली जिल्लाका प्रतिनिधि साहित्यकारहरूको योगदान के-कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य कैलाली जिल्लाको चिनारीका साथै कैलाली जिल्लाको साहित्यको सर्वेक्षण गर्दै, कैलाली जिल्लाबाट सम्पूर्ण नेपाली साहित्यमा पुगेको योगदानबारे चर्चा गर्नु रहेको छ । कैलाली जिल्लाको साहित्यिक सर्वेक्षण र नेपाली साहित्यमा कैलाली जिल्लाका साहित्यकारहरूले पुऱ्याएको योगदानका बारेमा व्यवस्थित र तथ्यपरक अध्ययन तथा विश्लेषण गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्यहरू रहेका छन् -

क) कैलाली जिल्लाको चिनारी दिनु ।

ख) कैलाली जिल्लाको साहित्य लेखनपरम्पराको सर्वेक्षण गर्नु ।

ग) कैलाली जिल्लाका प्रतिनिधि साहित्यकार र तिनका कृतिको सङक्षिप्त अध्ययन विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा कैलाली जिल्लाले पुऱ्याएको योगदानका बारेमा विस्तृत र छुट्टै अध्ययन हालसम्म हुन सकेको छैन । केही पत्रपत्रिका, व्यक्ति र संस्थाले जिल्लाको साहित्यकाबारेमा छिटफुट टीकाटिप्पणी गरेको भने पाइन्छ । कैलाली जिल्लाको साहित्यिक, योगदानका बारेमा प्रकाशित गरिएका केही सामग्री या पूर्वकार्यहरू यसप्रकार छन् ।

- भीमसेन राईले **नेपाली साहित्यको विकास प्रक्रियामा पहलमानसिंह स्वाँरको व्यक्तित्व, कृतित्व र योगदानको विश्लेषण** (२०३२) अप्रकाशित शोधपत्रमा पहलमानसिंह स्वाँरको व्यक्तित्व कृतित्वको योगदानको चर्चा गर्दै उनलाई नाटककारका रूपमा चिनाएका छन् ।

- पूर्णप्रकाश 'यात्री' ले **सेतीका तारा** (२०३४) नामक कृतिमा सेती अञ्चलका तत्कालीन साहित्यकारको चर्चा गर्ने क्रममा तत्कालीन कैलाली जिल्लाका साहित्यकारको चर्चा गरेका छन् ।

- पूर्ण प्रकाश 'यात्री' कै **सेतीको नालीबेली** (२०३४) पुस्तकमा सेती अञ्चलअन्तर्गत पर्ने कैलाली जिल्लाको भौगोलिक र सामाजिक अवस्थाको उल्लेख गरिएको छ ।

- अम्बिकाप्रसाद रेग्मीले **उपन्यासकार खडकबहादुर सिंह** (२०४५) अप्रकाशित शोधपत्रमा खडकबहादुर सिंहलाई उपन्यासकारका रूपमा चिनाएका छन् ।

- भवानीदत्त अवस्थी 'रोशन' ले **देवकान्त पन्तको जीवनी व्यक्तित्व र कृत्तित्वको अध्ययन** (२०५७) अप्रकाशित शोधपत्रमा देवकान्त पन्तको साहित्यिक योगदानको चर्चा गरेका छन् ।
- माधव 'वियोगी' ले **युगपुकार** (वर्ष २, अङ्क ५, २०५७) पत्रिकामा "सुदूरपश्चिमाञ्चलको साहित्यिक गतिविधिः धनगढीको केन्द्रीयतामा" शीर्षकको लेख प्रकाशित गरी सु.प. एवं कैलालीको साहित्यिक गतिविधि र साहित्यकारका बारेमा प्रकाश परेका छन् ।
- 'सुदूरपश्चिमाञ्चल साहित्य समाज' द्वारा प्रकाशित **देवकान्त पन्त स्मृतिग्रन्थ** (२०५९) मा साहित्यकार देवकान्त पन्तका बारेमा चर्चा गरिएको छ ।
- यज्ञराज 'यात्री' ले **मेरो नेपाल दर्शन** (२०५९) नामक पुस्तकमा कैलाली जिल्लाको संक्षिप्त परिचय दिंदै त्यहाँका धार्मिक, ऐतिहासिक र सांस्कृतिक पक्षका बारेमा चर्चा गरेका छन् ।
- सु.प. साहित्यसमाजद्वारा प्रकाशित **साहित्यकार परिचय कोश** (२०६०) मा यस क्षेत्रका साहित्यकारको परिचय प्रस्तुत गरिएको छ ।
- डा. देवीप्रसाद ओभ्फाले **सुदूरपश्चिमाञ्चलमा साहित्य र साहित्यकार** (२०६०) मा सु.प.का साहित्यकाहरूको चर्चा गर्ने क्रममा कैलालीका साहित्यकारहरूको पनि चर्चा गरेका छन् ।
- टोपेन्द्र शाह 'रसिक' ले **भूकम्प** (वर्ष ५, अङ्क ११, २०६०) पत्रिकामा "नेपाली साहित्यमा गजलको प्रवेश, विकास तथा सु.प.मा यस विधाको गतिविधि" लेखमा सङ्क्षिप्त रूपमा कैलालीका गजल र गजलकारहरूको चर्चा गरेका छन् ।
- श्रेष्ठ प्रिया 'पत्थर' ले **गजल प्रवाह** (वर्ष १, अङ्क १, प्रवेशाङ्क २०६१) पत्रिकाको "सुदूरपश्चिमाञ्चलमा गजल मञ्चको स्थापना र हालसम्मका गतिविधि" शीर्षकमा कैलालीको गजलका गतिविधिका बारेमा उल्लेख गरेकी छन् ।
- २०६२ सालमा प्रकाशित **सुरभि** (वर्ष-९, अङ्क ८) मा प्रकाशित सु.प साहित्य समाजको वार्षिक प्रतिवेदनमा उक्त संस्थासम्बन्धी विविध विषय एवम् कैलाली जिल्लाको साहित्यिक गतिविधि र अवस्थाका बारेमा प्रकाश पारिएको छ ।
- खदगेन्द्रराज ओभ्फाले **साहित्यकार यज्ञराज जोशी (यात्री) को जीवनी, व्यक्तित्व र कृतित्व** (२०६२) अप्रकाशित सोधपत्रमा यज्ञराज जोशी (यात्री) लाई कविका रूपमा चिनाएका छन् ।

- परेगराज खनालले **उपन्यासकार श्रेष्ठ प्रिया 'पत्थर' र उनका 'पुनरावृत्ति' र 'मर्यादा' उपन्यासको विश्लेषण र मूल्याङ्कन** (२०६३) अप्रकाशित शोधपत्रमा 'पत्थर' लाई उपन्यासकारको रूपमा चिनाएका छन् ।
- पुष्करराज भट्टले **गजल प्रवाह** (वर्ष ४, अङ्क ४, २०६४) मा "नेपाली गजल र यसको ऐतिहासिक विकासक्रम" लेख प्रकाशित गरी गजलको ऐतिहासिक रूपरेखाको सङ्क्षिप्त विवरण प्रस्तुत गर्ने क्रममा कैलाली जिल्लाको सन्दर्भसमेत जोडेका छन् ।
- सु.प. साहित्य समाजद्वारा प्रकाशित **नृपबहादुर स्वाँर स्मृतिग्रन्थ** (२०६४) मा साहित्यकार नृपबहादुर स्वाँरको साहित्यिक र अन्य पक्षहरूमा प्रकाश पारिएको छ ।
- श्रेष्ठ प्रिया 'पत्थर' ले **साम्यक दृष्टि** भूमिका सङ्ग्रहमा उनले कैलालीका साहित्यकारहरूका कृतिका बारेमा लेखिएका भूमिकामा आफ्नो दृष्टिकोण प्रस्तुत गरेकी छन् ।

यसबाहेक कैलाली जिल्ला र अन्य ठाउँबाट प्रकाशित 'मालिका', 'महामाया', 'देवटबी', 'प्यास' लगाएतका साहित्यिक पत्रिकाले कैलाली जिल्लाका साहित्यकार र साहित्यिक गतिविधिका बारेमा प्रकाश पारेका छन् । यी पूर्वकार्यहरूले कैलाली जिल्लाको साहित्यिक गतिविधि र विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

यस शोधपत्रमा कैलाली जिल्लाको सामान्य परिचय दिंदै यहाँका साहित्यकारबारे सर्वेक्षण गरी यस जिल्लाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । **नेपाल साहित्यमा कैलाली जिल्लाको योगदान** शीर्षकको यस शोधपत्रमा कैलाली जिल्लाको सामान्य परिचयदेखि लिएर समग्र साहित्यिक गतिविधि, परम्परा, विधागत योगदान, सङ्घसंस्था, पत्रपत्रिका, पुरस्कार, साहित्यकारहरूको सूची एवम् प्रतिनिधि साहित्यिकारहरूका कृतिहरूको सङ्क्षिप्त कृतिगत अध्ययन गरिनुका साथै कैलालीको साहित्यिक गतिविधिको सु-व्यवस्थित अध्ययन गरिएकोले प्रस्तुत शोधपत्रको औचित्य सान्दर्भिक देखिन्छ । यस कार्यले आगामी दिनमा कुनै पनि व्यक्तिले क्षेत्रीय अध्ययन गर्न खोजेका खण्डमा महत्त्वपूर्ण भूमिका खेल्ने छ । यस्तै कैलाली जिल्लाको साहित्यिक गतिविधिबारे जान्न चाहने जिज्ञासु व्यक्तिका लागि यो शोधपत्र उपयोगी स्रोत बन्ने भएका कारण पनि प्रस्तुत शोधपत्रको महत्त्व र औचित्य प्रष्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा कैलाली जिल्लाको सीमाभित्र रही जिल्लाको चिनारी, लोकसाहित्य, अभिलेख, साहित्यलेखन परम्परा र यस जिल्लामा रहेर नेपाली र कैलाली जिल्लाको साहित्यमा योगदान गर्ने र गरिरहेका कैलालीका साहित्यकारहरूको नाम र कृतिगत विवरण प्रस्तुत गरिएको छ । यसका साथै साहित्य लेखनमा प्रभाव पार्ने पत्रपत्रिका, सङ्घसंस्था र पुरस्कारको सर्वेक्षणात्मक सूची पनि यसै सीमाभित्र राखिएको छ । कैलाली जिल्लाका प्रतिनिधि साहित्यकार र तिनका कृतिको अध्ययन तथा विश्लेषण एवम् समग्र कैलालीको साहित्यिक योगदानको मूल्याङ्कन पनि प्रस्तुत शोधकार्यको सीमा हो । यसरी अध्ययन गर्दा निरन्तर कैलाली साहित्यमा कृति प्रकाशन गरेर वा नगरेर सेवा गरी रहने, कम्तीमा एक वटा कृतिप्रकाशन भएका (२०६५ असोजपूर्व) साहित्यकारहरूलाई समावेश गरी प्रस्तुत गरिएको छ । यही नै प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत **नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान** शीर्षकको शोधकार्यमा शोधगर्दा सबभन्दा पहिले प्रश्नावली तयार गरी लिखित तथा मौखिक अन्तर्वार्ताका माध्यमबाट कैलाली जिल्लाका साहित्यकारहरूको सूचीको विवरण तथा सामग्री सङ्कलन गरिएको छ । कतिपय साहित्यकारहरूको विवरण सङ्कलन गर्न टेलिफोन, चिठीपत्र तथा साहित्यकारहरूका नातेदारहरूबाट प्राप्त जानकारीलाई आधार बनाइएको छ । विभिन्न संघसंस्था वा लेखकबाट प्रकाशित पत्रपत्रिका र पुस्तक पूर्वकार्यको विवरणमा उल्लेख गरिएका सन्दर्भसामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययनपद्धति अँगालिएको छ ।

यसरी विभिन्न स्रोतबाट प्राप्त सामग्रीलाई आवश्यकताअनुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक एवम् विश्लेषणात्मक प्रस्तुति गरिएको छ । साथै मूल्याङ्कनको क्रममा कृतिपरक समालोचनाप्रणाली पनि आधार मानी तिनको प्रवृत्तिगत अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधकार्यको उपलब्धिलाई सुव्यवस्थित पार्न निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ -

पहिलो परिच्छेदः शोधपरिचय

दोस्रो परिच्छेदः कैलाली जिल्लाको परिचय

तेस्रो परिच्छेदः कैलाली जिल्लाको साहित्यिक सर्वेक्षण

चौथो परिच्छेदः कैलाली जिल्लाका प्रतिनिधि साहित्यकारहरूको कृतिगत सङ्क्षिप्त अध्ययन

पाँचौं परिच्छेदः उपसंहार

शोधपत्रको अन्तमा सन्दर्भग्रन्थसूची र परिशिष्ट दिइएको छ ।

# दोस्रो परिच्छेद

# कैलाली जिल्लाको परिचय

## २.१ भौगोलिक अवस्थिति

कैलाली जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा पर्छ । यो जिल्ला पूर्वमा कर्णाली नदी, बर्दिया र सुर्खेत जिल्ला, पश्चिममा कञ्चनपुर र डडेल्धुरा जिल्लाः उत्तरमा डोटी, डडेल्धुरा र सुर्खेत जिल्ला र दक्षिणमा मोहना (मनहरा) नदी र भारतको उत्तरप्रदेशले घेरिएको छ । यस जिल्लाको बढी जसो भूभाग तराई क्षेत्रमा र केही भूभाग चुरे पहाडी क्षेत्रमा पर्छ ।[१] सुदूरपश्चिमाञ्चलको व्यापारिक केन्द्र धनगढी यस जिल्लाको सदरमुकाम हो ।

कैलाली जिल्लाको क्षेत्रफल ३,२३५ वर्ग कि.मि. छ । जसमध्ये ४०.३% पहाड र ५९.७% तराईमा पर्छ । यो सामुद्रिक सतहबाट १०९ मिटरदेखि १९५० मिटर सम्मको उचाइमा फैलिएको छ । विश्वमानचित्र हेर्दा कैलाली जिल्ला ८०$^{\circ}$.३०’ पूर्वीदेशान्तरदेखि ८१$^{\circ}$ १८’ पूर्वीदेशान्तरसम्म तथा २८$^{\circ}$२२’ उत्तरी आक्षांशदेखि २८$^{\circ}$४७’ उत्तरी आक्षांशसम्म फैलिएको छ ।[२]

कैलाली जिल्लाको उत्तरी भाग चुरेपर्वत र दक्षिणी भाग तराई मिली बनेको छ । कैलाली जिल्लालाई भौगोलिक बनावटका आधारमा विभाजन गर्न सकिन्छ ।[३]

### १) चुरे प्रदेश

कैलाली जिल्लाको उत्तरतर्फ चुरेपर्वत फैलिएको छ । यसलाई नै चुरे प्रदेश भनिन्छ । चुरे पर्वतको सबैभन्दा अग्लो चुचुरो यसै जिल्लामा पर्छ । यहाँको भूबनावट पत्थर, बालुवा, फुस्रोमाटो, कङ्कड आदि मिली बनेको छ । यस प्रदेशमा नदीले बनाएका समथर भूभाग पनि छन् । यिनीहरूलाई भित्रिमधेश भनिन्छ । यस प्रदेशको अधिकांश भूभाग जङ्गलले ढाकेको छ ।

---

[१] **कैलाली जिल्लाको वस्तुगत विवरण** (शाखा तथ्याङ्क कार्यालय कञ्चनपुर, २०६३) पृष्ठ १ ।
२ **कैलाली जिल्लाको वस्तुगत विवरण** (शाखा तथ्याङ्क कार्यालय कञ्चनपुर, २०६३) पृष्ठ ३ ।
[३] **मेचीदेखि महाकाली**, भाग ४, श्री ५ को सरकार, पृष्ठ ९२३ ।

## २) तराई प्रदेश

जिल्लाको दक्षिणमा पर्ने समथर भूभाग नै तराई प्रदेश हो । यसलाई दुई भागमा बाँड्न सकिन्छ ।

क) भावर क्षेत्र

यो क्षेत्र चुरेपहाडको दक्षिण र खासतराईको उत्तर बीच भागमा पर्छ । यहाँको भू-बनोट बालुवा, कङ्कड, फुस्रो माटो, आदि मिली बनेको छ । यो क्षेत्र घना जंगलले घेरिएको छ । यहाँ साल, सिसौं, खयर, हल्दु, साज आदि रूखहरू पाइन्छन् । यसलाई चारकोशे झाडी पनि भनिन्छ ।

ख) खासतराई क्षेत्र

भावर भन्दा दक्षिणमा पर्ने समथर भूभाग खास तराई हो । यहाँको भूबनोट नदीले बगाएर ल्याएको पाँगो माटोले बनेको छ । यो क्षेत्र कृषि उत्पादनका लागि प्रसिद्ध छ । कैलाली जिल्लाको अधिकतम तापक्रम ४४$^{\circ}$ सेन्टिग्रेट र न्यूनतम तापक्रम ७.५$^{\circ}$ से बीच रहन्छ । औषत वर्षा १,८४० मि.मि हुन्छ ।[४]

कैलाली जिल्लामा ४२ गा.वि.स. (पहाडी ७ र तराईमा ३५) दुई नगरपालिका (धनगढी र टीकापुर) छन् । यस जिल्लालाई ६ निर्वाचन क्षेत्र र १३ इलाकामा विभाजन गरिएको छ । धनगढी, टीकापुर, लम्की, भजनी, सुख्खड, मसुरिया, फूलबारी, आदि यस जिल्लाका प्रमुख स्थान हुन् ।

कैलाली जिल्लाका साहित्यकारहरूले भूगोललाई आफ्ना कृतिहरूमा प्रयोग गरेका छन् । कथा, उपन्यास, निबन्धमा भौगोलिक स्थानहरू परिवेशका रूपमा आएका छन् । घोडाघोडी ताल, कर्णाली नदी, भासूको भीर आदिको सुन्दर वर्णन कैलालीका कविका कवितामा पाइन्छ । भूगोलको सफल र सशक्त प्रयोग यहाँका डेउडा गीतमा पाइन्छ । उदाहरणका रूपमा यस गीतलाई लिन सकिन्छ ।

खुटिया गोलादेउ माडौं घण्ट बजेका छन्

मनमेरो साउनकी रात दन्त हाँसेका छन्

---

[४] स्रोत-कर्णाली फिल्ड वेसिन  कार्यलय, अत्तरिया कैलालीको तथ्याङ्क, २०६३ ।

भेरीले पुतलो लायो भासुका करामा

माया प्रीति अपुरै छाड्य यै हो की धरम

खुटिया, भासू आदि कैलाली जिल्लाका भौगोलिक ठाउँहरू हुन् । मनमा पीडा भए पनि हाँस्नु पर्दाको बाध्यता प्रथम श्लोकमा बताइएको छ भने दास्रो श्लोकमा माया जालमा फसाएर बीचैमा छाड्ने प्रवृत्तिप्रति प्रश्न गरिएको छ ।

## २.२ कैलाली जिल्लाको नामकरण

कैलाली जिल्लाको नामकरणका सम्बन्धमा थुप्रै प्रसङ्गहरू पाइन्छन् । यस जिल्लाको नाम कैलाली रहनाका सम्बन्धमा अघि सारिएका प्रसङ्गहरू यस प्रकार छन् ।

परापूर्व कालमा कैलालीमा कालावन्जराहरूको राज्य थियो । उनीहरूको राजधानी कैलाली गाउँमा थियो । त्यसै आधारमा यस ठाउँलाई कैलाली भनिन थालियो । पछि यसैका आधारबाट यस जिल्लाको नाम कैलाली भयो ।[५]

पहिला अपराधीहरूलाई उसको अपराधको सजाय स्वरूप कालापानीमा निर्वासन गर्ने चलन थियो । उक्त कालापानी खुटिया खोलाको उद्‌गमस्थल पनि हो । कालान्तरमा कालापानी शब्द नै अपभ्रंश हुँदै कैलाली भएको हो भन्ने भनाइ छ ।[६]

कैलाली गाउँमा वि.सं.१९८६/१९८७ तिर 'गोश्वरा नापीकार्यालय बसेको थियो । सर्वप्रथम गोश्वरा नापी कार्यालय कैलाली गाउँमा बसेकाले यस जिल्लाको नाम कैलाली भएको हो ।[७]

यसरी कैलाली जिल्लाको नामकरणका सम्बन्धमा विभिन्न प्रसङ्ग या विचार प्रस्तुत हुँदै आए पनि यसको नामकरण गोश्वरा नापीको कार्यालय बसेको स्थान कैलाली गाउँसँग बढी तथ्यपरक छ ।

## २.३ प्राकृतिक अवस्था

प्राकृतिक दृष्टिले हेर्दा यो जिल्ला महत्त्वपूर्ण जिल्लाका रूपमा चिनिन्छ । यो जिल्ला प्राकृतिक सम्पदा एवं सौन्दर्यले भरिएको जिल्ला हो । यस जिल्लाको प्राकृतिक सौन्दर्यलाई यहाँका बन, पाखा, नदी, पहाड, झरना, ताल, वनस्पति, खनिज आदिले चिनाएका छन् । प्रसिद्ध सिमसार क्षेत्र घोडाघोडी

---

[५] जिल्ला विकास समिति, कैलाली **वस्तुगत विवरण** २०६३, पृष्ठ -१ ।

[६] जिल्ला विकास समिति, पूर्ववत, पृष्ट-१ ।

[७] **मेचीदेखि महाकाली** पूर्ववत् पृष्ठ-९२१ ।

ताल यसै जिल्लामा पर्छ । दुर्लभ प्राणी डलफिन (सोस) पनि यस जिल्लामा पाइन्छ । यो जिल्ला चारकोसे झाडीजस्तो प्रसिद्ध वन भएको क्षेत्र पनि हो ।

यो जिल्ला चुरे प्रदेश र तराई प्रदेश मिली बनेको छ । कर्णाली, मोहना (मनहरा), खुटिया, शिवगङ्गा, पथरैया, कालिखोला, गोदावरी, वनारा आदि यहाँका मुख्य नदी हुन् ।

घोडाघोडी, जोकर, तिलके, कोइली, लौकाभौका, बेहडाबाबा आदि प्रमुख तलहरू हुन् । यस जिल्लाको भूबनोटको अवस्था यस प्रकार छ :[८]

**तालिका नं.१**

**भूबनोटको अवस्था**

| क.सं. | विवरण | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषियोग्य जमिन | ८९,९३५ | २७.८० |
| २. | वनजङ्गल | २,०९,७२४ | ६४.८३ |
| ३. | चरन | ६,२६८ | १.९४ |
| ४. | नदी, पर्ती, आवास अन्य | १७,५७३ | ५.४३ |
| | जम्मा | ३,२३,५०० | १०० |

स्रोतः जि.वि.स. कैलालीको तथ्याङ्क २०६३

कैलाली जिल्लामा समशितोष्ण र उष्ण दुई प्रकारको हावापानी पाइन्छ ।[९] समशितोष्ण हावापानी जिल्लाको उत्तरीभागमा पाइन्छ । जहाँ वर्षातमा बढी वर्षा एवं हिउँदमा निकै चिसो हुने गर्छ । यस प्रकारको हावापानी चुरे पर्वतीय क्षेत्रमा पाइन्छ । चुरे पवर्त भन्दा अन्य क्षेत्रमा उष्ण हावापानी पाइन्छ । यस प्रकारको हावापानी पाइने क्षेत्रमा हिउँदमा चिसो भई हुस्सु लागि शितलहर चल्छ भने गर्मीमा अत्याधिक गर्मी भई तातो लु
(राँके) चल्छ । वर्षातमा जलवाष्पयुक्त हावापानी हुने भएकोले उष्णता रहन्छ ।

[८] **कैलाली जिल्लाको वस्तुगत विवरण** (शाखा तथ्याङ्क कार्यालय कञ्चनपुर, २०६३) पृष्ठ ३ ।

[९] **मेचीदेखि महाकाली** पूर्ववत्, पृष्ठ ९२६ ।

कैलाली जिल्लामा मिश्रित पतझड मनसुनी र उष्ण प्रदेशीय सदावहार वन पाइन्छ ।[१०] मिश्रित पतझड मनसुनी वन ३,००० फिट भन्दा माथि चुरे पर्वतमालामा पाइन्छ । यस प्रकारको वनमा चाप, उतिस, कटुस, सल्ला, दार, वर, साल, पिपल, बाँस आदि वनस्पति पाइन्छन् । उष्ण सदावहार वन तराई प्रदेशमा पाइन्छ । यो सधैं हरियो हुन्छ । यस प्रकारको बनमा साल, सिसौ, खयर, साज, जामुन, वाँस, सिमल आदि वनस्पति पाइन्छन् । यस जिल्लामा लुइचे, चील, तित्रा, ढुकुर, काग, वकुल्ला आदि चराहरू पाइन्छन् । गोमन, करेत र माहिर जस्ता सर्प पनि पाइन्छन् ।

कैलाली प्राकृतिक सुन्दरता भएको जिल्ला हो । यसको प्रभाव लोकसाहित्य र लिखित साहित्य दुवैमा पाउन सकिन्छ । कैलालीको प्रकृतिलाई कथाकार, उपन्यासकार, निबन्धकारले परिवेशका रूपमा प्रयोग गरेका छन्  भने कविहरूले प्रकृतिको सौन्दर्यताको वर्णन आफ्ना कवितामा गरेका छन् । नमुनाको रूपमा यस श्लोकलाई लिन सकिन्छ ।

पाक्छन्  काफल भीरका तरुल, बन्छन् अती सुन्दर,
राता कान सुहाउने टप सरी ऐँसेलुका दौतर ।
टिप्दै सोच्दछु स्वर्ग तुल्य यहाँ, इन्द्रादिको आसन,
बन्छन् पल्लव मन्जरी सब यहाँ छर्दै नयाँ वासना ।[११]

प्रस्तुत श्लोकमा कैलाली जिल्लाको पहाडी क्षेत्रको प्रकृतिको सुन्दर वर्णन गरिएको छ । पहाडमा पाइने काफल र तरुल कविलाई अति सुन्दर लागेको र ऐंसेलुलाई ग्रामीण युवतीले कानमा लगाएका टपसँग तुलना गरिएको छ । प्राकृतिक रमणीय वातावरण भएकाले आफ्नो जन्मभूमिलाई कविले स्वर्गसँग तुलना गरेका छन् । सुन्दर पहाडी वनमा पल्लवहरूले छरेको बासनाले कविलाई मुग्ध बनाएको छ । समग्रमा भन्दा यस श्लोकमा कविले कैलालीको तनमय प्रकृतिलाई सुन्दर शब्दमा उतारेका छन् ।

---

[१०] **मेचीदेखि महाकाली** पूर्ववत्,पृष्ठ ९२८ ।

[११] जयराज ओझा 'अभिलासी' "जन्मभूमिका रमाइला क्षणहरु" **'सुरभि'** (गौरा विशेषाङ्क) वर्ष ९, अङ्क ८ (२०५० आषाढ-असोज) पृष्ठ ४२

## २.४ ऐतिहासिक चिनारी

कैलाली जिल्ला वर्तमानमा आएर प्रसिद्ध भएको होइन । यो जिल्ला ऐतिहासिक एवं पौराणिक दृष्टिले पनि त्यतिकै महत्त्वपूर्ण छ । इतिहाँसलाई हेर्दा पौराणिक काल सम्म पुग्नुपर्ने हुन्छ । श्री देवी भागवतको छैटौ स्कन्दको अठारौं र उन्नाईसौं अध्यायमा भगवान विष्णुको ह्यग्रीव अवतारको वर्णन पाइन्छ । जसअनुसार भगवान विष्णु घोडा र लक्ष्मी घोडीका स्वरूपमा अवतरित भई सुन्दर तलाउमा विहार गरेको प्रसँग उल्लेख छ । उक्त प्रसँग कैलाली जिल्लामा रहेको घोडाघोडी तालसँग सम्बन्धित छ ।[१२] यसबाट कैलाली जिल्लाको अस्तित्व पौराणिक कालदेखिनै थियो भन्न सकिन्छ ।

ऐतिहासिक रूपमा पनि कैलाली जिल्लाको अस्तित्व प्राचीन कालदेखिनै रहेको पाइन्छ । प्राचीन कालमा कैलालीलाई बुढान भनिन्थ्यो ।[१३] वर्तमानको कैलाली प्राचीन डोटीमा पर्थ्यो ।[१४] प्राचीन डोटीराज्यको सीमा पश्चिममा यमुना (काँकडा) देखि पूर्वमा त्रिशुली (काठमाडौं) सम्म र उत्तरमा कैलाश मानसरोवरदेखि दक्षिणमा गंगा नदीसम्म थियो ।[१५] प्राचीन डोटीराज्यअन्तर्गत बैतडी, दार्चुला, बझाङ्ग, बाजुरा, अछाम, डोटी, डडेल्धुरा, कैलाली र कञ्चनपुर पर्दथे ।[१६] बाइसे, चौवीसे कालमा कैलाली बाइसे राज्यअन्तर्गत पर्थ्यो ।[१७]

आधुनिक नेपालको एकीकरण अभियानसँगै बहादुर शाहको नायवी कालमा डोटी र अछाम ऐकीकरणसँगै वि.सं.१८४७ मा कैलाली नेपालमा गाभियो ।[१८] सन् १८१६ मा नेपाल सरकार र कम्पनी सरकारबीच भएको सुगौली सन्धिअनुसार कैलालीको तराई भूभाग नेपालबाट अलग भयो ।[१९] सन् १८५७ मा लखनौमा भएको अंग्रेज विरुद्धको भारतीय विद्रोह

---

[१२] पद्मराज जोशी प्रभात, **गौरापर्व एक परिचय**, (धनगढी: सु.प. संस्कृति प्रबर्द्धन समिति २०५९) पृष्ठ १७६ ।

[१३] राजाराम सुवेदी, **कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य**, (काठमाडौं श्री रणबहादुर राई र श्री दुर्जन कुमार राई, २०५६) पृष्ठ २२ ।

[१४] सुर्यमणि अधिकारी, **पश्चिम नेपालको ऐतिहासिक अन्वेषण** (काठमाडौं: नेपाल एसियाली अनुसन्धान केन्द्र, २०४३) पृष्ठ ६३ ।

[१५] राजाराम सुवेदी पूर्ववत् पृष्ठ २३ ।

[१६] राजाराम सुवेदी पूर्ववत् पृष्ठ २४७ ।

[१७] राजाराम सुवेदी पूर्ववत् पृष्ठ १०६ ।

[१८] **मेचीदेखि महाकाली** पूर्ववत् पृष्ठ १९३२ ।

[१९] ऐजन, पृष्ठ १९२३ ।

दबाउन मद्दत गरेकाले आपतको बेला सहयोग गरेको सम्झी कम्पनी सरकारले सन् १८६० मा नयाँ मुलुक भनिने बाँके, बर्दिया, कैलाली, कञ्चनपुर जिल्लाहरू नेपाल सरकारलाई उपहारस्वरूप फिर्ता गऱ्यो ।[२०] राणाकालमा १९७४ देखि १९९० सम्म नयाँ मुलुकमा एउटै बडाहाकिमको शासन थियो ।[२१] १९९० देखि २०२० सम्म कैलाली र कञ्चनपुर एकै जिल्ला थियो ।[२२] २०२१ सालमा कैलाली कञ्चनपुर छुट्टिएर कैलाली अलग जिल्ला भयो ।[२३] वर्तमानमा आएर कैलाली पनि नेपालका ७५ जिल्ला मध्ये एक जिल्ला भएको छ ।

कैलाली जिल्लामा भीमदत्त पन्तले शोषक सामान्तका विरुद्ध सुदूरपश्चिममा गरेको आन्दोलनका क्रममा कैलालीका जमिन्दारका विरुद्ध उठाएका कदमलाई लोककविले विषयवस्तु बनाएका छन् ।

बडेहाँका गाउँ रे जाई, बेलि रे बासो लियो,
काँ छन्, डिट्ठा बाजे काँ गिरीराज, काँ छन्, चेतराज पन्त,
डिट्ठा बाजे पहाड, चेत कलकत्ता, गिरीराज काँ गया अन्त
(भीम ऐसी अनामद किन पछि पछि पुलिस हिन)

ता होइ रे भीमदत्त पन्त, चलु रे भलु कियो ।
सहजपुर गाउँ रे जाइ बेली बासो लियो ।
सहजपुर गगन शाही मेरै वोल लिए ॥
तमरा गाउँका दुःखी गरिब, अन्न कपडा वाणी दिए ।[२४]

प्रस्तुत हरफमा आएका बडेहाँ र सहजपुर कैलाली जिल्लाका गाउँहरू हुन् । प्रथम श्लोकमा भीमदत्त पन्त जमिन्दारका विरुद्ध आफ्ना सहयोगीहरूका साथ बडेहामा पुगेपछि त्यहाँ जमिन्दारहरू

[२०] **मेचीदेखि महाकाली**, पूर्ववत् पृष्ठ ९३२ ।
[२१] **मेचीदेखि महाकाली**, पूर्ववत् पृष्ठ ९६९ ।
[२२] पूर्ववत्, पृष्ठ ९६९ ।
[२३] **मेचीदेखि महाकाली**, पूर्ववत्, पृष्ठ ९६९ ।
[२४] पद्मराज जोशी 'प्रभात' **सु.प. को समाज र लोक संस्कृति एक झलक** (धनगढीः सौराई प्रकाशन २०६४) पृष्ठ ४०-४१ ।

डिट्ठा बाजे, चेतराज, गिरीराज आदिले भागेर ज्यान जोगाएको प्रसङ्ग उल्लेख छ । दोस्रो श्लोकमा कैलालीको पहाडी गाउँ सहजपुरमा पुगी त्यहाँका सामन्त गगन शाहीलाई गरिवहरूलाई लुटेर कमाएको धनमाल बाँड्न भनिएको छ ।

## २.५ मन्दिर एवम् धार्मिक स्थलहरू

कैलाली जिल्लाको समाज बहुधार्मिक भएपनि यहाँ हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्य छ । यहाँका मानिसहरूको जीवन पद्धतिमा हिन्दु धर्म एवं संस्कारहरूको ठूलो प्रभाव छ । यिनीहरूले हिन्दु परम्परा मुताविक धार्मिक गतिविधि सञ्चालन गर्दछन् । यिनीहरू स्पष्ट रूपमा शैव, शाक्त, भाक्त, सौर्य र गाणपत्यमा विभाजन नभए पनि सनातन हिन्दु धर्मका अनुनयकर्ता भने अवश्य हुन् । खासगरी हिन्दु परम्परा अनुरूपका चाडपर्व कैलालीका बासिन्दाहरू मनाउँछन् । २०५८ सालको जनगणनाअनुसार कैलाली जिल्लामा विभिन्न धर्मको स्थिति यस प्रकार छ -

**तालिका नं.२**
**धार्मिक अवस्था**

| क्र.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १. | हिन्दु | ९७.४९ |
| २. | बौद्ध | १.४५ |
| ३. | इस्लाम | ०.५५ |
| ४. | क्रिश्चियन | ०.३४ |
| ५. | किराँत | ०.०२ |
| ६. | अन्य | ०.१५ |
| | जम्मा | १००.०० |

स्रोतः राष्ट्रिय जनगणना, २०५८

कैलालीका बासिन्दा बहुसंख्यक हिन्दु भएकाले यस जिल्लामा हिन्दु देवी देवताका मन्दिरहरू बढी छन् । यस जिल्लाका प्रमुख मन्दिरहरू बेहडाबावा मन्दिर (उर्मा), नैनादेवी मन्दिर (धनगढी) र लक्ष्मीनारायण मन्दिर (धनगढी) प्रमुख छन् । त्यसै गरी समैजी मन्दिर (गोदावरी), गोलादेउ मन्दिर (वेलादेवीपुर), पशुपति मन्दिर (धनगढी), वेङ्कटेश्वर मन्दिर (देवहरिया) र रामसीता (जानकी) मन्दिर (धनगढी) पनि प्रसिद्ध छन् । प्रमुख धार्मिक स्थलहरूमा गोदावरी (गोदावरी), फूलबस्ती (गोदावरी), घोडाघोडी ताल (सुख्खड) आदि छन् । कैलाली जिल्लामा मुस्लिम धर्मावलम्बीले एउटा मस्जिद र इस्लाम धर्मावलम्वीहरूले एउटा गिरिजा

घर (चर्च) बनाएका छन् । बुद्ध धर्मावलम्बीले ठाउँठाउमा गुम्बाको निर्माण गरेका छन् । धनगढीको बुद्धमन्दिर र गोदावरीको गुम्बा प्रसिद्ध हुन् । कैलालीको बेहडाबाबा नेपाल एवं भारतमा समेत प्रसिद्ध छ । यस मन्दिरमा गङ्गा, दशहरा र शिवरात्रिमा विशेष मेला लाग्छ ।[२५]

कैलाली जिल्लाको साहित्यमा यहाँको धर्मले पनि प्रभाव पारेको छ । मन्दिर एवम् धार्मिक स्थलहरू तथा विभिन्न देवी र देवताहरूका आराधना गरिएका कविताहरू यहाँका कविले लेखेको पाइन्छ । देवकान्त पन्तको 'नेपाली तीज कथा' (२०५१) गीतिकाव्य, मनिराज जोशीका 'बेहडा बाबाको उत्पत्ति' (२०४५) भजन/कवितासङ्ग्रह, 'आनन्दगीता' (२०५३) कवितासङग्रह 'विनोदानन्दमणि' (२०६१) कवितासङ्ग्रह, नन्दराम पाण्डेको 'श्रीकृष्ण रुक्मिणी विवाह' (२०५७) भक्तिकाव्य, यज्ञराज 'यात्री' का 'भक्त र भगवान' (२०३९) निबन्ध सङ्ग्रह, केदार स्तुति' (२०४१) स्तुति कवितासङ्ग्रह, 'भगवती वन्दना (२०४७), कवितासङ्ग्रह, 'देव वन्दना' (२०५२) कवितासङ्ग्रह आदि हिन्दु धर्मलाई आधार बनाएर लेखिएका कृतिहरू हुन् । यी रचनाहरू भक्तिरसयुक्त छन् । यी कृतिहरूमा सगुण ईश्वरको वन्दना पाइन्छ ।

## २.६ सामाजिक सन्दर्भ

समाज विभिन्न जातजाति, भाषाभाषि, धार्मिक सम्प्रदायको संयोगबाट बनेको हुन्छ । एक्लो व्यक्तिबाट समाज बन्न सक्दैन । समाज भौगोलिक स्थिति अनुरूप भिन्नभिन्न खालको हुन्छ ।[२६] कुनै एक स्थानमा बसोबास गरेका एकै प्रकारको सोच र मान्यता रहेका मानिसहरूको समूहलाई समाज भनिन्छ ।[२७] समाज बहुक्रियात्मक जटिल संरचना हो, जुन निश्चित नियम, प्रथा, मान्यता, चलन रीतिअनुसार संरचित हुन्छ । यी पक्षहरूले सामाजिक व्यावस्थामा कानुन, ऐन वा नियमसरह भूमिका खेलेका हुन्छन् ।[२८] भौतिक विकाससँगै सामाजिक विकास हुँदै जान्छ । वर्तमान हाम्रो समाज वर्ग संघर्षको समाज हो । वर्ग

संघर्षबाट हाम्रो समाज अघि बढिरहेको छ । समाजमा भौतिक आधारमा उत्पादन पद्धतिको

[२५] यज्ञराज यात्री, **मेरो नेपाल दर्शन** (कैलाली : कैलाली जनपुस्तकालय, २०५८) पृष्ठ ६८ ।

[२६] गणेशप्रसाद शर्मा, **बागलुङ् जिल्लाको साहित्यिक योगदान**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०५५ पृष्ठ १६ ।

[२७] पेशल, दाहल र सोमप्रसाद खतिवडा, **नेपाली समाज र संस्कृति**, (काठमाडौं एम.के पव्लिक ऐन्ड डिस्ट्रिव्युटर्स, २०५७) पृष्ठ १ ।

[२८] तुलसीराम पौडेल, **संस्कृतिका नमुना एक परिचय**, (काठमाडौंः निमा पुस्तक प्रकाशन, २०५४) पृष्ठ ८ ।

विशिष्टता हुन्छ र यो परिवर्तन हुँदै जान्छ । यस किसिमको परिवर्तनसँगै सामाजिक इतिहास निर्माण हुन्छ ।

वर्तमानमा कैलाली जिल्लाको समाज भन्नाले कैलाली जिल्लामा बसोवास गर्ने अलगअलग मानिसहरूको सामूहिक रूप हो । कैलालीको समाज मिश्रित समाज छ । यहाँ विभिन्न भाषा भाषी, जातजाति, संस्कृति, रीतिरिवाज, धर्म, लिङ्ग, पेसा, वर्ग, सोच एवं मान्यता भएका मानिसहरू बसोबास गर्ने गर्दछन् । यहाँको समाजमा व्यक्ति वर्ग र जातजाति अनुरूप सामाजिक भूमिका पाइन्छ । विविधतामा एकता पाइनु यस जिल्लाको मुख्य सामाजिक विशेषता हो ।

कैलालीको समाजको प्रतिछाया यहाँका साहित्यकारहरूका रचनामा पाइन्छ । वर्तमान कैलालीको समाज वर्गद्वन्द्वको समाज भएकाले यहाँका साहित्यकारहरूका कथा, उपन्यास आदिमा वर्गद्वन्द्वको प्रयोग भएको पाइन्छ । कथाकार एवम् उपन्यासकारहरूले कैलाली जिल्लामा भएका शोषण, दमन र उत्पीडनलाई देखेर, भोगेर त्यसको प्रतिबिम्ब आफ्ना साहित्यमा उतारेको पाइन्छ । यहाँका कविहरूले समाजमा विद्यमान अन्याय, असमानता विकृति विसङ्गतिको विरोध कवितामा गरेका छन् । सामाजिक विकृतिको नमुनाको रूपमा यस कवितालाई लिन सकिन्छ -

यो घाउमा नुन-चुक छरी खित्किँदै स्वार्थ हाँस्यो ।
रोए निर्धा गरिब र प्रजातन्त्र धुरुक्क रोयो ॥
जो हुन् पापी अधम तिनले मात्तिदै देश खाए ।
जो हुन् सोझा सरल तिनले दोषि भै लात खाए ॥[२९]

समाजमा आफूलाई पीडा दिएर खित्का छाडी हाँस्ने, प्रजातन्त्रको आगमनपछि पनि समाजमा गरिव पिल्सिएको, भ्रष्ट व्यक्तिहरूले देशको सम्पत्ति रित्याएका, निर्दोश र सोझा व्यक्ति अन्यायमा परेको सामाजिक विकृति र विसङ्गतिको यथार्थताको चित्रण गर्दै त्यसप्रति विरोध र व्यङ्ग्य गरिएको छ ।

समाजमा व्याप्त अन्याय र अत्याचारको प्रभाव यहाँको लोकगीतमा समेत परेको छ ।

कसैकी मखमलकी माला कसैकी पोते नै

[२९] सुभाषचन्द्र भण्डारी “विभत्स नेपालः शान्तिको अभ्यर्थना” **सुरभि** (गौरा विशेष) (वर्ष ९, अङ्क ८ २०६१) पृष्ठ ३४ ।

कसैकी ज्यूनारी बासी कसैकी कोदे नै ।

यस लोकगीतमा समाजमा व्याप्त आर्थिक विसमताले निम्त्याएको पीडा पोखिएको छ । कैलालीको समाज विषमतापूर्ण छ, यहाँ कसैसँग लगाउने एकसरो पोते (माला) पनि छैन भने ठूला भनाउँदासँग हीरा, जवारत, सुन, चाँदी जडिजडाउ मखमलको माला छ । त्यसै गरी गरिबसँग हातमुख जोर्न कोदाको रोटी छैन भने सम्भ्रान्त शोषकले ज्यूनार गर्ने व्यञ्जन (ज्यूनारी) खान नसकेर बासी भएको छ ।

## २.७ सांस्कृतिक सन्दर्भ

सँस्कृति भनेको एउटा जनसमूहको साझा जीवनशैली हो । यो विश्वास र धारणाको एकता पनि हो र यसका कारण मानिसहरू एकै ठाउँमा मिलेर बस्छन् । संस्कृतिका कारण नै एउटा मानवसमूह अर्को मानवसमूहभन्दा फरक देखिन्छ ।[३०] कुनै पनि समूहको संस्कृतिमा त्यस समूहका सदस्यले आफ्नो समाजमा अनुभव गर्ने तथा त्यहाँबाट आर्जन गर्ने सम्पूर्ण ज्ञान व्यवहार तथा विश्वासहरू समाविष्ट हुन्छन् र ती ज्ञान, व्यवहार तथा विश्वासहरू मानिसको शारीरिक विशेषताहरूजस्तो प्रजननका साथै जैविक रूपले एक पिढीबाट अर्को पिँढीमा स्वभावतः सरेर जाने नभई समाजको प्रत्येक सदस्यले सिक्नुपर्ने
हुन्छ ।[३१] संस्कृतिले कुनै जातिको सङ्गीत, नृत्य, भेषभूषा वा धार्मिक चलन तथा सामाजिक परम्परालाई बुझाउँछ ।[३२]

कैलाली जिल्लाको संस्कृति आफ्नै भौगोलिक परिवेशअनुरूपको छ । कैलाली जिल्लामा हिन्दू धर्मलगायत अन्य धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् । कैलालीको संस्कृति पनि धार्मिक परम्पराअनुरूप छ । कैलाली समाज मिश्रित समाज भएकाले संस्कृति पनि विविधतायुक्त छ । कैलाली जिल्लामा हिन्दू धर्माबलम्बी भित्र पनि विभिन्न सम्प्रदाय, पन्थ र मार्गीहरू बसोबास गर्दछन् । यिनीहरू शैव, शाक्त र भाक्त भए पनि सनातन परम्परालाई सबैले स्वीकार गरेका छन् । कैलाली जिल्लामा थारू (राना र चौधरी) को आफ्नै संस्कार र परम्परा छ । यिनीहरू हिन्दू नै भए पनि आफ्नै परम्पराअनुसार जन्म, विवाह, मृत्यु आदि संस्कार गर्दछन् । आफ्नो कुलदेवता भुतुवा पुज्दछन् । ब्राह्मण, ठकुरी, क्षेत्री, दमाई, कामी, जातजाति हिन्दूधर्मानुसार षोडष संस्कार मान्दछन् । हिन्दू

---

[३०] गणेशप्रसाद अधिकारी, **समाज शास्त्र तथा मानवशास्त्र एक परिचय**, (काठमाडौं: रत्नपुस्तक भण्डार, २०५४) पृष्ठ ४७ ।

[३१] विहारीकृष्ण श्रेष्ठ, **कर्णाली लोकसंस्कृति, जनजीवन**, दियार गाउँका ठकुरीहरु, (काठमाडौं: नेरा.प्र.प्र, (?) पृष्ठ ३ ।

[३२] विहारीकृष्ण श्रेष्ठ, **ठकु रीहरु, लोक संस्कृति, जनजीवन**, दियार गाउँका ठकुरीहरु, (काठमाडौं: नेरा.प्र.प्र, (?) पृष्ठ २ ।

कर्मकाण्डीय पद्धतिअनुरूप जन्म, व्रतबन्ध, बिवाह, मृत्यु आदि संस्कार गर्छन् । दसैँ, तिहार, माघी, दशहरा सबैले उत्तिकै मनाउँछन् । सबैले आआफ्नो संस्कृतिअनुरूप जुठो सुतक बार्छन् ।

कैलाली जिल्लाको सँस्कृतिको प्रभाव साहित्यमा पनि परेको छ । ब्रतबन्ध, विवाह आदि संस्कारमा गाइने फाग र मागलमा त्यहाँका बासिन्दाले गर्ने संस्कारहरूको प्रभाव पाइन्छ । त्यसै गरी गौरापर्वका वेला गाइने फाग, अठवाली आदिमा पनि संस्कारको प्रभाव
छ । गौरा पर्वमा विरुडा धुँदाको फाग यस प्रकार छ -

भूमिराग देवा हमरा विरुडी सुजाउन ल्याउन्ना

वरतारी लोली गमरादेवी विरुडी सुजाउनी छन् ।

मयसर गुसाइ हमरा त विरुडी सुजाउन ल्याउन्ना

वरतारी लोली गमारादेवी विरुडी सुजाउन्नी ।[३३]

## २.८ जातजाति

नेपाल बहुभाषी, बहुजाति, बहुसंस्कृति भएको मुलुक हो । यहाँ प्राचीन समयदेखि नै विभिन्न जातजाति बसोबास गर्छन् । कुनै पनि जातजातिले त्यसदेशको साँस्कृतिक अस्तित्वमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कैलाली जिल्ला थरुवानअन्तर्गत पर्छ । यहाँ थारूहरूको बाहुल्यता छ । यहाँ थारू (राना र चौधरी) का अतिरिक्त ब्राह्मण, ठकुरी, क्षेत्री, मगर, दमाई, कामी, आदि ८९ जातजातीका मानिसहरू बसोबास गर्दछन् ।

नेपालको जनगणना २०५८ का अनुसार कैलाली जिल्लाको कुल जनसंख्या ६,१६,६९७ छ । कुल जनसंख्यामा रहेका जातजातिमध्ये प्रमुख जातिको स्थान निम्नलिखित तालिका अनुसार रहेको छ –

---

[३३] पद्मराज जोशी "प्रभात", पूर्ववत्, पृष्ठ ८० ।

**तालिका नं.३**

**जातिगत अवस्था**

| क्र.सं. | जातजाति | संख्या |
|---|---|---|
| १. | थारू (चौधरी राना) | २,६९,५२१ |
| २. | क्षेत्री | १,०७,३९८ |
| ३. | ब्राह्मण | ६६,१९७ |
| ४. | मगर | २३,९१३ |
| ५. | कामी | ३८,३०१ |
| ६. | मुसलिम | ३,३५७ |
| ७. | दमाई/ढोली | १२,९६७ |
| ८. | ठकुरी | १८,१५१ |
| ९. | सार्की | ७,७८६ |
| १०. | सोनार | ३,९९७ |

स्रोतः जि.वि.स.कैलाली, २०६३

कैलाली जिल्ला बहुजाति भएको जिल्ला भएकाले त्यसै अनुसार यहाँको लोकसाहित्य र लिखितसाहित्यको विकास भएको छ । यस जिल्लाका थारू (चौधरी र राना) ब्रह्मण, क्षेत्री, मगर, कामी, दमाई आदि प्रमुख जातजाति हुन् । यिनीहरूको आआफ्नै प्रकारको लोकसाहित्य छ । चौधरीहरूको सखिया गीत, रानाको होरी गीत, मगरको दोहरी गीत एवम् बाहुन, क्षेत्री, कामी र दमाईको डेउडा गीत विशेष प्रसिद्ध छ ।

## २.९ चाडपर्व

कैलाली जिल्ला सामाजिक एवं साँस्कृतिक विविधता भएको जिल्ला भएकाले यहाँका मानिसहरू आफ्नो परम्परा र चलनअनुसार विभिन्न चाडपर्व मनाउँछन् ।

दशैं, तिहार, माघेसङ्क्रान्ति, दशहरा र होली सबै जातजातिले मनाउँछन् । थारूले गुहरी, औली, मेघा (गोगा) लोटाइ, पेण्डिया आदि पर्व मनाउँछन् । पहाडी मूलका वासिन्दाहरूले विसौं, गमरा (गौरा), ओल्के, जाँत आदि पर्व मनाउँछन् । बहुसंस्कृतिको धनी कैलाली जिल्लामा मनाइने चाडपर्वले कैलालीलाई चिनाएका छन् ।

कैलाली बासीहरूले मनाउने चाडपर्वहरूमा आ-आफ्नो परम्परानुसार लोकगीत, लोककथा, लोकगाथा आदि भन्ने र सुन्ने तथा गाउने गरिन्छ । पहाडी मूलका वासिन्दा गौरामा डेउडा खेल्छन् र गाउँछन् भने पुस पन्ध्र र माघेसङक्रान्तिमा लोककथा भन्ने र सुन्ने गर्छन् । त्यसैगरी पहाडका भीर, जंगलमा गाई चराउँदा घाँस काट्दा ठाडी भाकाका डेउडा गाउँछन् । त्यसैगरी चौधरीहरू माघी र दसैंमा सखिया गीत गाउँछन् भने राना होरी गीत गाउँदै नाच्दछन् । मगरहरू विशेष गरी तीजका वेला दोहोरी गीत गाउँछन् । यसरी चाडपर्वमा गाइने गीतहरूमा जीवनका अनुभव र अनुभूति, पर्वको महत्त्व, प्रणय प्रसङ्ग आदिलाई विषयवस्तुका रूपमा प्रयोग गरिन्छ ।

## २.१० भाषा र भाषिका

भाषा विचार विनिमयको साधन हो । यसमार्फत् मानिसहरू आफ्ना मनका भावनाहरू अरूसमक्ष सम्प्रेषण गर्दछन् भने भाषाकै माध्यबाट अरूका विचार मानिसले ग्रहण गरेको हुन्छ । भाषा भौगोलिक दूरी, सामाजिक तथा सांस्कृतिक वातावरण र समयको लामो अन्तरालका कारण फरकफरक हुँदै देखापरेको हुन्छ । यसलाई नै भाषिक भेद भन्ने गरिन्छ ।[३४] भाषाको क्षेत्रीय भेद नै भाषिका हो ।[३५] नेपाल बहुभाषी बहुजातियुक्त देश भएकाले यहाँ भौगोलिक परिवेश अनुरूप भिन्दाभिन्दै भाषा बोलिन्छन् ।

कैलाली जिल्लामा नेपाली भाषाका अतिरिक्त थारू, मैथिलीजस्ता भाषालाई मुख्य भाषाका रूपमा बोलिन्छ । यस जिल्लामा भारोपेली परिवारका नेपाली, थारू, मैथिली आदि भाषा बोलिन्छन् भने भोट बर्मेली परिवारको मगरभाषा बोलिन्छ । यस जिल्लाका मानिसहरूको भाषामा छुट्टै जातिगत शब्द, ध्वनि रूपको विशेषता पाउन सकिन्छ । थारू र नेपाली भाषाका भौगोलिक भेद ( भाषिका) पाउन सकिन्छ । कैलाली जिल्लामा बोलिने प्रमुख भाषाहरूको विवरण यस प्रकार छ ।

[३४] हिरामणि शर्मा, पौड्याल, **पर्वती भाषिकाको स्वरूप र संरचना** (वाराणसीः न्यु कमला मुद्रण, २०४४) पृष्ठ १ ।

[३५] भोलानाथ तिवारी, **भाषा विज्ञान**, नवौ स (इलाहावादः किताबमहल २०५५) पृष्ठ ६१ ।

**तालिका नं.३**

**कैलाली जिल्लामा भाषागत स्थिति**

| क.सं. | मातृभाषा | संख्या |
|---|---|---|
| १. | नेपाली | ३,२२,९८९ |
| २. | थारू (डगौरा/राना) | २,५७,५१२ |
| ३. | मैथली | २,३४७ |
| ४. | मगर | १२,५०७ |
| ५. | हिन्दी | ४,७८१ |
| ६. | राजी | १,२१९ |
| ७. | तामाङ | १,०३७ |
| ८. | नेवार | ९५३ |
| ९. | उर्दू | ७७३ |
| १०. | राजवंशी | ५११ |

स्रोतः राष्ट्रिय जनगणना, २०५८

कैलाली जिल्लाको लिखित साहित्यलाई हेर्दा सबैभन्दा बढी नेपाली भाषामा साहित्य सिर्जना भएको छ । चौधरी र राना भाषामा पनि साहित्यलेखनको आरम्भ भएको पाइन्छ । त्यसैगरी कतिपय स्रष्टाहरूले नेपाली भाषाको डोटेली भाषिकामा समेत साहित्यसिर्जना गरेका छन् ।

### २.११ शैक्षिक अवस्था

शिक्षा मानवजीवनका लागि नभई नहुने कुरा हो । शिक्षा जीवनभर चलिरहने एउटा प्रक्रिया पनि हो । शिक्षा गतिशील छ र सामाजिक परिवर्तनका लागि शिक्षा नभई हुँदैन ।[३६] शिक्षाले मानव जीवन र जगतलाई प्रकाशमान तुल्याउँछ । कैलाली जिल्लामा शैक्षिक गतिविधिको आरम्भ २००७ सालतिरबाट मात्रै भएको हो । त्यसभन्दा पहिले त्यस ठाउँका मानिस भारत गई शिक्षा लिने गर्थे । कैलाली जिल्लाका पुराना विद्यालय भजनी भाषा पाठशाला र त्रिनगर भाषा पाठशाला हुन् ।[३७]

शिक्षा मानवीय जीवनको मुख्य आधार हो । शिक्षाले मानिसका जीवनको मार्गदर्शन गर्दछ । शिक्षाको विकास विना अन्य विकासले पूर्णता पाउन सक्दैन । वर्तमानमा आएर कैलाली शिक्षाको

[३६] चिरञ्जीवी शर्मा र निर्मला शर्मा, **शिक्षा मनोविज्ञान**, (भोटाहिटीः एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स २०५३) पृष्ठ २ ।

[३७] नृपबहादुर स्वाँर, “मेरो शैक्षिक भ्रमण र २००८ सालको कैलाली”, **शैक्षिक स्मारिका** (वर्ष १, अङ्क १, २०६१) पृष्ठ २७ ।

केन्द्र बन्न पुगेको छ । कैलाली जिल्लामा नयाँ शिक्षा योजना २०२९ सालदेखि लागु भयो ।[३८] २०५८ सालको जनगणनाअनुसार कैलालीको कुल साक्षरता ६२% छ । महिला ४०.६% र पुरुष ७४.२१% साक्षर छन् ।[३९] वर्तमानमा कैलाली जिल्लामा शैक्षिक संस्थाको विवरण यस प्रकार छ-

**तालिका नं. ४**

**शैक्षिक विवरण**

| क्र.सं. | विवरण | सरकारी | निजि | जम्मा |
|---|---|---|---|---|
| १. | प्राथमिक विद्यालय | २६६ | ५७ | ३२३ |
| २. | निम्न माध्यामिक विद्यालय | ७८ | २६ | १०४ |
| ३. | माध्यामिक विद्यालय | ७८ | ५२ | १३० |
| ४. | उच्च माध्यामिक विद्यालय | – | २३ | २३ |
| ५. | क्याम्पस | – | १० | १० |

स्रोतः जि.सि.का कैलाली, (२०६४)

शिक्षाले कैलाली जिल्लाको साहित्यिक विकासमा पनि प्रभाव पारेको पाइन्छ । जुन भाषाका वक्ताहरूको शिक्षामा जति पहुँच छ त्यतिकै रूपमा साहित्यको पनि विकास भएको पाइन्छ । शिक्षाको विकास पूर्व लोकसाहित्यमा मात्र सीमित रहेको साहित्य शिक्षाको विकासले गर्दा लिखितसाहित्यका रूपमा अघि बढेको छ ।

## २.१२ आर्थिकस्थिति

जीवनको मुख्य आधार नै अर्थ हो । अर्थविना जीवन यापन असम्भव हुन्छ । कैलाली जिल्लाको आर्थिक स्थिति मध्यकालदेखि नै सुदृढ रहँदै आएको छ । मध्यकालीन समयमा कैलाली प्रमुख व्याव्यारिक नाकाका रूपमा थियो । त्यतिबेला कैलालीबासी निकै सम्पन्न थिए । कैलालीको बाटो भएर नै त्यतीखेर मालसामान, नुन, गुड, पश्चिमी नेपाल एवम् भोट सम्म भित्रिन्थ्यो ।[४०]

आधुनिक कालमा आएर कैलाली जिल्लाको अर्थतन्त्रमा ठूलो परिवर्तन आएको छ । कैलालीको अर्थतन्त्र कृषिमा आधारित भएपनि औद्योगिक विकासतिर अघि बढिरहेको छ । सर्वप्रथम नापी बि.सं. १९६८ सालमा भयो । २०२१/०२२ सालमा यस जिल्लामा भूमिसुधार लागु भयो ।

---

[३८] **मेचीदेखि महाकाली** पूर्ववत, पृष्ठ ९४६ ।

[३९] जिल्लाविकास समिति, कैलाली, पूर्ववत् पृष्ठ ४८ ।

[४०] **मेचीदेखि महाकाली**, पूर्ववत्, पृष्ठ ९५० ।

भूमिलाई अव्वल, द्वयम, सीम र चहारमा वर्गीकरण गरिएको छ ।[४१] कृषिबाहेक कैलालीका बासिन्दा मत्स्यपालन, पशुपालन, पोल्टीफर्म आदि व्यवसायमा समेत लागेका छन् । धान, गहुँ, मकै, कोदो, फाफर, जौं आदि खाद्यवालीका रूपमा लगाइन्छ । उखु, आलु, तोरी, मुसुरो आदि नगदे बाली हुन् ।[४२]

कैलाली जिल्लाको तराईमा यातायातको राम्रो विकास भएको छ । तराई क्षेत्रभरि यातायात, सञ्चार र विद्युत्को सुविधा छ भने पहाडी क्षेत्र अझै अन्धकारमा छ । कैलाली जिल्लामा सडकको अवस्था यस प्रकार छ-

**तालिका नं. ५**

**सडकको स्थिति**

| क.सं. | अवस्था | लम्बाइ (कि.मि.) |
|---|---|---|
| १. | कालोपत्रे | १५९ |
| २. | खण्डास्मिथ | ५१६.७५ |
| ३. | कच्ची | ९२६.३५ |
| | जम्मा | १६०२.१० |

स्रोतः जि.वि.स. कैलाली २०६३

औलो उन्मूलनपश्चात कैलाली जिल्लाको आर्थिक विकास अघि बढेको हो । यहाँ साना, मझौला र ठूला उद्योग खुलेका छन् । राष्ट्रियअन्तराष्ट्रिय परिवेशमा देखापरेको परिवर्तनको प्रभाव कैलाली जिल्लामा समेत परेको छ । वर्तमानमा आएर कैलाली सु.प. क्षेत्रकै औद्योगिक केन्द्रको रूपमा विकसित हुँदै गइरहेको छ ।

'कला र साहित्य समाजको आर्थिक भौतिक जीवनबाट उत्पन्न हुन्छ र त्यसैमा अवस्थित अनि आधारित हुन्छ ।[४३] त्यसै गरी कैलाली जिल्लाको साहित्यमा पनि अर्थव्यवस्थाले ठूलो प्रभाव पारेको छ । गरीब र निमुखा जनता लोकसाहित्यमा धनी भए पनि उनीहरूको पहुँच लिखित

[४१] पूर्ववत्, पृष्ठ ९५१ ।

[४२] पूर्ववत्, पृष्ठ ९५१ ।

[४३] प्रा. मोहनराम शर्मा र डा.खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार २०६१) पृष्ठ १३१

साहित्यसम्म पुग्न सकेको छैन । समाजमा व्याप्त आर्थिक असमानता, शोषण, अन्यायको वर्णन आदि साहित्यकारका साहित्यिक रचनामा भेट्न सकिन्छ ।

## २.१३ निष्कर्ष

कैलाली जिल्ला आफ्नै पहिचान बोकेको एक तराई जिल्ला हो । यो जिल्ला भौगोलिक हिसाबले सुगम छ । प्रायः ठाउँमा बिजुली, खानेपानी, सञ्चार, यातायातको सुविधा पुगेको छ । यो जिल्ला थारूहट (बुढान) क्षेत्रमा पर्छ । यस जिल्लामा थारूहरूको बाहुल्यता छ । थारूका अतिरिक्त ब्राह्मण, क्षेत्री, मगर, दलित जस्ता जातिको पनि बसोबास पाइन्छ । यो जिल्ला साँस्कृतिक रूपमा सम्पन्न छ । यहाँको थारू संस्कृति देशभरि परिचित छ । भाषिक दृष्टिले नेपाली, थारू, मगरको बाहुल्यता रहेको छ । कैलाली जिल्लालाई चिनाउने प्रमुख स्थलहरू घोडाघोडी ताल, कर्णाली नदी (पुल) हुन् । यस जिल्लामा हिन्दुधर्मका अतिरिक्त बौद्ध, इस्लाम, क्रिस्चियन जस्ता धर्म मान्ने मान्छेहरू पनि रहेका छन् । कैलाली जिल्लामा शिक्षाको राम्रो विकास भएको छ । कैलाली जिल्लाको भूगोल, समाज  संस्कृति, शिक्षा, धर्म र आर्थिक अवस्थाको प्रभाव साहित्यमा पनि परेको छ ।

# तेस्रो परिच्छेद

# कैलाली जिल्लाको साहित्यिक सर्वेक्षण

## ३.१ पृष्ठभूमि

साहित्य भाषाको प्रयोगद्वारा सिर्जना गरिने कला हो । यसमा साहित्यकारको अनुभव र अनुभूतिको अभिव्यक्ति हुन्छ ।[४४] जीवनजगत्सँग सम्बद्ध विविध विषयमा सौन्दर्य, रूप, गुण, भावुकता आदि दृष्टिले अभिव्यक्त हुने वा रचिने हृदयस्पर्शी लेख, ग्रन्थ आदि साहित्य हो ।[४५] साहित्यमा मानव जीवनका यथार्थ अभिव्यक्तिहरू पाइन्छन् । साहित्यले प्रकृति र जीवनका विविध पक्ष, मानवीय सभ्यता र संस्कृति सामाजिक अवस्था र मानिसका मनको सूक्ष्मतम अनुभूति र अवस्थितिलाई आफ्नो विषयवस्तुमा समेटेको हुन्छ ।[४६] साहित्य निर्माणमा अनुभव, सरस हृदय र अध्ययनको आवश्यकता पर्दछ ।[४७] जीवनलाई वर्तुल बनाई भिन्नभिन्न दृष्टिकोणले अध्ययन गरी भिन्नभिन्न मनोभावको सूक्ष्मताले मानव हृदयलाई स्पर्शन गर्न खोज्नु नै साहित्य हो ।[४८] साहित्यलाई समाजको दर्पण पनि भनिन्छ । साहित्यकारले भाषाका माध्यमबाट बिम्ब, प्रतीक, अलङ्कार, छन्द, लय, ध्वनि, कथानक र रसानुभूतिका माध्यमद्वारा पाठकलाई साहित्यको कलात्मक सौन्दर्य प्रदान गर्दछ ।[४९] साहित्यमा भाव र भाषाको अन्योन्याश्रित सम्बन्ध रहन्छ । साहित्यको लेखन अनुभव र अनुभूतिविना सम्भव छैन । साहित्यलेखनको एउटा निश्चित परम्परा हुन्छ । त्यही परम्परामा साहित्य अगि बढेको

हुन्छ । नेपाली साहित्य पनि आफ्नै साहित्यिक परम्पराका साथ अगि बढेको छ । सिङ्गो नेपाली साहित्यझैं कैलाली जिल्लाको साहित्य पनि लोकसाहित्य, अभिलेख हुँदै साहित्य लेखनमा अगि बढेको देखिन्छ ।

## ३.२ लोकसाहित्य

'लोकज्ञान वा लोकभावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त व्यक्ति विशेषको नभई अपठितहरूबाट सामूहिक ढङ्गले लोकगीत लोककविता, लोकगाथा/लोककाव्य, लोककथा,

---

[१] दयाराम श्रेष्ठ, **साहित्यको इतिहासः सिद्धान्त र सन्दर्भ**, दोस्रो सं. ( काठमाडौं : त्रिकोण प्रकाशन, २०६१) पृष्ठ ५ ।

[२] प्रा.बालकृष्ण पोखरेल र अन्य, संपा.**नेपाली वृहत् शब्दकोश** पाँचौ सं.(काठमाडौंःने.रा प्र.प्र २०६०) पृष्ठ १२६९

[३] हेमाङ्गराज अधिकारी र बद्रीविलास भट्टराई, सं. **प्रयोगात्मक नेपाली शव्दकोश,** (काठमाडौंः विद्यार्थी प्रकाशन प्रा.लि.२०६१) पृष्ठ ५४ ।

४ दयाराम श्रेष्ठ ऐजन, पृष्ठ १०५ ।

[५] टंकप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा** (काठमाडौंः साझा प्रकाशन, २०५५) पृष्ठ ३ ।

६ दयाराम श्रेष्ठ ऐजन पृष्ठ ४६ ।

लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का आदि विधाका रूपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ ।[५०] लोकसाहित्य लोकभावनासँग जोडिएको हुन्छ । यसमा कुनै किसिमको कृतिमता हुँदैन । सहज र सरल हुनु लोकसाहित्यको प्रमुख विशेषता हो । लोकसाहित्य लोकजीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइलाउने साहित्य हो ।[५१] यसमा लोकमानसका भावना समेटिएका हुन्छन् । लोकभावनाको स्वस्फूर्त अभिव्यक्ति प्रवाहबाट लोकसाहित्यको निर्माण हुन्छ ।[५२] लोकले कहिल्यै नविर्सने श्रुतिपरम्परामा आधारित सरल र सहज साहित्यको रूपमा लोकसाहित्यलाई लिने गरिन्छ । नेपाली साहित्यको इतिहास लोकसाहित्यसित प्रत्यक्ष सम्बन्धित छ । नेपाली साहित्यको इतिहासझैं कैलाली जिल्लाको साहित्यिक पृष्ठभूमि पनि लोकसाहित्यसित सम्बन्धित रहेको छ ।

कैलाली जिल्ला लोकसाहित्यका दृष्टिले महत्त्वपूर्ण जिल्लाका रूपमा चिनिन्छ । यस जिल्लामा लोकगीत, लोकगाथा, लोकनाटक, उखान, टुक्का, मन्त्र आदिको प्रयोग प्रशस्त मात्रामा भएको छ । लोकसाहित्यका हिसाबले यो जिल्ला धनी छ । यस जिल्लामा बहुभाषिक, बहुसांस्कृतिक भएका मानिसहरूको विविधतायुक्त समाज छ । सबै जातजातिले आ-आफ्नो परम्पराअनुसार चाडपर्व अनुष्ठान, उत्सव, मेलापात आदिका वेला समय परिस्थितिअनुसार लोकभाका सुसेल्ने गर्छन् । नेपालीइतरका भाषाभाषीहरूमध्ये चौधरीको सखिया गीत, राना थारूको होरी गीत, मगरको दोहोरी गीत प्रमुख छन् । अन्य भाषाका लोकसाहित्यझैं नेपाली लोकसाहित्य पनि यस जिल्लाको प्रमुख लोकसाहित्य हो । कैलाली जिल्लामा विभिन्न चाड पर्व मेलापात, संस्कार, उत्सव आदिमा डेउडा, फाग, चैत गाउने गरिन्छ । यहाँका लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक यहींको सेरोफेरोसित सम्बन्धित छन् । कुनै प्रतीकात्मक छन् भने कुनै सहज र सरल छन् । तिनमा ग्रामीण समाजका मानिसहरूको दुःखसुखको भावना समेटिएको हुन्छ । कैलाली जिल्लामा बढी फस्टाएको विधा लोकगीत (डेउडा) हो । डेउडा महाकालीदेखि कर्णालीसम्म विशेष रूपले फैलिएको छ ।[५३] लोकगीतले कैलालीको स्थानीयतालाई झल्काएको पाइन्छ । यहाँका लोकगीतको उदाहरण

हात्तीले मचर्काइ लैग्यो बारावनका रुइना

[७] मोहनराज शर्मा र खगेन्द्र लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य** (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६३) पृष्ठ १५ ।

[८] चूडामणि बन्धु, **नेपाली लोक साहित्य** (थापाथली: एकता बुक्स प्रा.लि. २०५७) पृष्ठ २५ ।

[९] ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रमा**, (काठमाडौं: नेपाली विद्या प्रकाशन २०४५) पृष्ठ ६५ ।

[५३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृष्ठ १२८ ।

नदिउसो बाडुली खुट्को नरातिका सुइना

सहभागिताका आधारमा डेउडालाई एकल, दोहरी र समूहगत रूपमा खेलिन्छ ।[५४] यसले अनेक विषयवस्तु र भाव समेट्दछ । डेउडामा प्रेम, धर्म, अध्यात्म, समसामयिक राजनीतिक एवं सामाजिक घटना देवस्तुति, इतिहास आदि विषयवस्तुका रूपमा आएका हुन्छन् । फागु पर्वका बेला कैलाली जिल्लामा होली गीत उत्साहका साथ खेलिन्छ । यी गीतहरूमा हिन्दी भाषाको प्रभाव पाइन्छ । होरी गीत भारतबाट तराई हुँदै पहाडतर्फ र सुदूर पश्चिमसम्म पुगेको हो ।[५५] लोकगीतपछि बढी महत्त्वपूर्ण विधा लोकगाथा हो । लोकगाथामा लोकइतिहास, लोकमानसका दुःख, सुख, हाँसो, आँशु, पीडा, व्यक्त हुन्छ । कैलाली जिल्लामा यस्ता लोकगाथाहरू विभिन्न चाडपर्व संस्कार आदिमा गाउने गरिएको

छ । गौरापर्वका अवसरमा गाइने चैत, डेउडा धमारी, ढुस्का प्रमुख लोकगाथा हुन् ।[५६] लोकगाथाको उदाहरण–

आँङ्नीको खेलमाल छाड गमरा देवीउँ, लोक भुराइ जनमार ।

देवीउँलोक भुराइ जन मार ।

जब मेरा बाबा जीऊ पुरो दाइजो दिन्ना, तब छाडुलो आँङनीको खेल ।

महेश्वरौ तब छाडलो आङ्नीको खेल ।[५७]

कैलाली जिल्लाका ग्रामीण र अपठित समूहका बीच लोककथा भन्ने परम्परा छ । विशष गरी ग्रामीण भेगका आशिक्षित मानिसहरू दिनभरको थकाइ मेट्न, एकछिन मनोरञ्जन लिन युवायुवती, बुढाबुढी सबैले यस्ता कथाहरू भन्ने र सुन्ने गर्छन् । यस्ता कथाहरू हिउँदका लामा रातमा भनिन्छन् । खास गरी पौष पन्ध्रलाई वर्षभरिको सबैभन्दा लामो रात भन्दै तरुल, फर्सी उसिनेर खाने र रातभरि लोककथा भन्दैसुन्दै जाग्राम बस्ने परम्परा छ । माघेसङ्क्रान्तिको अगिल्लो दिन पनि जाग्राम बसी लोककथा भनिन्छन् । यस क्षेत्रमा लोककथालाई बातइ पनि भनिन्छ । यस्ता लोककथाहरू राजारानीको कथा,

(राजारानीकी बातइ), जादुटुनामुनाका कथा बढी भन्ने  तथा सुन्ने गरिन्छ । उदाहरणका रूपमा ढुडेमुलेइ बातइ, सतलसिंङ्गे रजाइ बातइ, घोगिसालकी बातइ आदिलाई लिन

---

[५४] पद्मराज जोशी, **सुदूरपशिचमाञ्चलको समाज र लोक संस्कृति एक झलक** (धनगढीः सौराई प्रकाशन, २०६४) पृष्ठ १५ ।

[५५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल पूर्ववत्, पृष्ठ १२८ ।

[५६] पद्मराज जोशी पूर्ववत, पृष्ठ, २२६ ।

[५७] पद्मराज जोशी पूर्ववत, पृष्ठ, २२६ ।

सकिन्छ । लोकनाटक, उखान, टुक्का, गाउँखाने कथा, मन्त्र पनि यस जिल्लामा रोचकताका साथ प्रदर्शन गर्ने र भन्ने गरिन्छ । कैलाली जिल्लाका पहाडी भेगतिर प्रचलित उखानको उदाहरण यस प्रकार छ-

नहुनेइ छाँचा सय रड्का,

पेटचेला हात कन्छेउडी,

सकद्या बुव नसकद्या घोडो,

अफनाचेला चेट्टेपालै भलो,

जइको पोइनै उइको कोइनै,

फुचेरा हताउ गु नपुछ्याउनु ।

कैलाली जिल्लामा प्रचलित यी विविध लोकसाहित्यका विधा-उपविधाहरूले कैलालीको साहित्यिक परम्परामा महत्त्वपूर्ण भूमिका खेलेका छन्  । कैलालीको लोकसाहित्य प्रत्यक्ष रूपमा लिखित साहित्यसँग जोडिएको छ । यस क्षेत्रको लोकसाहित्यको सङ्कलन र विश्लेषणमा कलम चलाउने साहित्यकारहरू देवकान्त पन्त, पद्मराज जोशी, एकराज भट्ट आदि छन् ।

## ३.३ अभिलेख

अभिलेख सामान्यतया कडा वस्तुमा खोपेर, अक्षर कुँद्ने या लेख्ने गरी तयार पारिएका हुन्छन् ।[५८] ढुङ्गा वा धातुका पातामा कुँदिएका प्राचीनसामाग्री वा प्रमाणिक कागजात, लिखित विवरण वा रेकर्डलाई अभिलेख भनिन्छ ।[५९] अभिलेखले कुनै पनि देशको इतिहास, भाषा, संस्कृति साहित्यको अध्ययनका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ ।[६०] अभिलेख ढुङ्गा या धातुमा लेखिने गरिन्छ । आजकालको जस्तो मुद्रण वा छापाखानाको व्यावस्था प्राचीन समयमा नभएका कारण अभिलेखलाई नै अध्ययनको मुख्य स्रोत मानिएको छ ।[६१] अभिलेखबाट कुनै पनि देशको भाषिक तथा साहित्यिक विकासको पृष्ठभूमि पत्ता लगाउन सकिन्छ । नेपालमा अभिलेखको थालनी चौधौं शताब्दीबाट भएको हो, भने पन्ध्रौं शताब्दीदेखि टीकावाङमय र उन्नाईसौं शताब्दीदेखि साहित्ययात्रा आरम्भ भएको

---

[५८] सोमप्रसाद खतिवडा, **अभिलेख एवं मुद्रणशास्त्र**, (काठमाडौ : एम. के. पब्लिसर्स एन्ड डिष्ट्रीव्युटर्स,२०४९)पृष्ठ ७ ।

[५९] दयाराम श्रेष्ठ पूर्ववत्, पृष्ठ ११७ ।

[६०] डा. पेशल दाहाल, **नेपालको इतिहास**, (काठमाडौं: एम.के. पव्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स, २०५८) पृष्ठ १ ।

[६१] सोमप्रसाद खतिवडा, पूर्ववत् पृष्ठ २ ।

मानिन्छ ।[६२] कैलाली जिल्ला औलो ग्रस्त क्षेत्रका रूपमा थियो । त्यसअघि स्थायी रूपमा मानव सभ्यता र सामाजिक विकास भएको पाइदैन । यो जिल्ला नेपालमा सन् १८६० मा नयाँ नेपालको रूपमा गभिन पुगेको हो । यस जिल्लामा शिलालेख, ताम्रपत्र, टीकावाङ्मय प्रकाशमा आएका छैनन् । कैलाली जिल्लाको मालपोत कार्यालयमा रहेको अठ्सट्टालाई महत्त्वपूर्ण दस्तावेजका रूपमा लिन सकिन्छ । यो वि.सं.१९६७/६८ मा प्रथमपटक कैलालीमा भएको नापीको श्रेस्ता हो । वि.स. १९६८ सालमा भएको नापी सम्बन्धी विवरण भएका कारण यसलाई अठ्सट्टा भनिएको हो । यसमा कैलाली जिल्लाका विभिन्न तप्का, मौजा आदिको विवरण छ । मलवारा, लिकमा, राजापुर, भजनी, धनगढी, हसुलिया प्रमुख तप्का

हुन् । कैलाली जिल्ला लामो ऐतिहासिक पृष्ठभूमि भएको जिल्ला होइन तथापि यहाँको इतिहास सम्बन्धि राम्रोसँग अध्ययन हुनसकेको छैन । विस्तृत रूपमा अध्ययनअनुसन्धान गरिएका खण्डमा थुप्रै ऐतिहासिक विषयहरू प्रकाशमा आउन सक्ने कुरालाई नकार्न

सकिदैन ।

## ३.४ कैलाली जिल्लाको साहित्यिक परम्परा

'परम्परा अतीत नभई निरन्तरता हो' । परम्परामा लेखकको अनुक्रम र कृति विवरण तथा प्रमुख लेखकहरूको उपलब्धि चित्रण मात्र नभई, त्यस साहित्यका सम्पूर्ण गौण र प्रमुख लेखकहरूसमेतका सम्पूर्ण प्राप्ति र अप्राप्ति शक्ति र सम्भावनाको समष्टि हो । परम्परा निरन्तर विकसित हुन्छ ।[६३] परम्परामा समय समयमा विभिन्न कारणले परिवर्तन भइरहन्छ । कुनै पनि साहित्यको विकास लोकसाहित्य, अभिलेख, टीकावाङ्मय हुँदै विकसित भएको मानिन्छ । भाषिक विकासले नै कुनै पनि देशको साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ । भाषा मानवीय अभिव्यक्तिको माध्यम हो । भाषाकै माध्यमबाट साहित्यले मौलाउने अवसर प्राप्त गरेको हुन्छ ।[६४] कैलाली जिल्लाको साहित्य पनि भाषिक विकास र लोकसाहित्यिक पृष्ठभूमिका साथ अगि बढेको छ । कैलाली जिल्ला नयाँ मुलुकका रूपमा सन् १८६० मा नेपालमा मिलेपछि मात्रै तीव्र रूपमा सामाजिक विकास अघि बढेको हो । यहाँको साहित्यिक विकास तथा सामाजिक र साँस्कृतिक विकाससँगै भएको छ । कैलाली जिल्लामा सामाजिक र सांस्कृतिक विकासको लामो परम्परा नभएकाले यहाँको साहित्यिक परम्परा त्यति पुरानो छैन ।

---

[६२] ठाकुर पराजुली पूर्ववत्, पृष्ठ ३० ।

[६३] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनको सैद्धान्तिक परम्परा**, पहिलो भाग पाँचौ सं. (पुलचोक: साझा प्रकाशन, २०५८) पृष्ठ २८२ ।

[६४] भोलानाथ तिवारी पूर्ववत् पृष्ठ ३ ।

कैलाली जिल्लाको साहित्यलेखनको परम्पराको आरम्भ नेपाली साहित्यको माध्यमिक कालसँगै भएको हो । कैलाली जिल्लाको साहित्यिक इतिहासको थालनी पहलमानसिंह स्वाँरबाट भएको हो । उनको जन्म वि.सं.१९३५ साल अछामको रिडीकोटमा भए पनि उनको कर्मथलो कैलालीको पहलमानपुर, आमबासा हो । उनको देहान्त वि.सं.१९९१ सालमा कैलालीको पहलमानपुर आमबासमा भएको हो ।[६५] पहलमानसिंह स्वाँरलाई नै कैलाली जिल्लाको प्रथम साहित्यकार मान्नु पर्ने हुन्छ । यिनीभन्दा अगि कुनै पनि साहित्यकार देखापरेका छैनन् ।

पहलमानसिँह स्वाँर पछि खड्कबहादुर सिँह (१९८८-२०४४) देखा पर्छन् । यिनको जन्म कैलालीको अलाडमा भएको हो । उनी सुदूरपश्चिमको साहित्यिक इतिहासमा लेखन र प्रकाशनका दृष्टिले प्रथम उपन्यासकार हुन् ।[६६] उनका औपन्यासिक कृतिमा २००७ सालको राजनीतिक अवस्था, सामाजिक शोषण, दमन, आदिको चित्रण पाइन्छ ।

साहित्यकार नृपबहादुर स्वाँर (१९८३-२०६२) र देवकान्त पन्त (१९९३-२०५७) यस जिल्लाका अग्रणी साहित्यकार हुन् । नृपबहादुर स्वाँरले साहित्यलेखनको आरम्भ वि.सं.२००६ मा गरेका हुन् ।[६७] देवकान्त पन्तको कवितायात्राको आरम्भ २०२० सालमा भएको हो ।[६८] अर्जुन सिटौला (१९९६-२०५) को २०१७ सालमा 'नारीका लागि' पुस्तकाकार कृति प्रकाशन भएको पाइन्छ ।[६९] ज्योतिप्रकाश जोशीको 'गौरव' शीर्षकको कविता सन् १९६३ सालमा बनारसबाट प्रकाशित हुने 'विश्वसौरभ' पत्रिकामा प्रकाशित भएको जानकारी पाइन्छ ।[७०]

**सेती सन्देश** (२०२९), **खप्तड सन्देश** (२०३८) **मालिका** (२०४१), **सेती समाचार** (२०३९), जस्ता पत्रपत्रिकाको प्रकाशनसँगै कैलाली जिल्लाको साहित्यिक विकास तीव्ररूपमा अघि बढेको पाइन्छ । यस समयावधिमा देखापर्ने साहित्यकारहरू रामचन्द्र, जोशी, दीनानाथ भट्ट, यज्ञराज

---

[६५] भीमसेन राई, नेपाली साहित्यको विकास प्रक्रियामा पहलमानसिंह स्वाँरको व्यक्तित्व, कृत्तित्व र योगदानको विश्लेषण, अप्रकाशित नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर २०३२ पृष्ठ ६ ।

[६६] डा. देवीप्रसाद ओझा, **सुदूरपश्चिमाञ्चलमा साहित्य र साहित्यकारहरू**, (महेन्द्रनगरः सु.प. सार्वजनिक सेवा तथा अनुसन्धान समिति २०६०) पृष्ठ ६१ ।

[६७] पद्मराज जोशी र अन्य, संम्पा. **नृपबहादुर स्वाँर स्मृतिग्रन्थ**, (धनगढीः सु.प्र.साहित्य समाज, २०६४) पृष्ठ १५५ ।

[६८] भालचन्द्र भण्डारी 'ब्रह्मगोल' र अन्य संम्पा. **देवकान्त पन्त स्मृतिग्रन्थ**, (धनगढीः सु.प. साहित्य समाज, २०५८) पृष्ठ ९० ।

[६९] यज्ञराज 'यात्री' र अन्य, संम्पा. **साहित्यकार परिचय कोष** (धनगढी सु.प. साहित्य समाज २०६०९) पृष्ठ २ ।

[७०] ऐजन, पृष्ठ २५ ।

यात्री, एकराज भट्ट, भालचन्द्र भण्डारी ब्रह्मगोल', श्रेष्ठ प्रिया पत्थर, निर्मल कुमार भण्डारी, पद्मराज जोशी, करवीर शाह, मनिराज जोशी, वाशुदेव पाण्डेय, जयराज ओझा, प्रभाकर भण्डारी, देवराज आचार्य, धनञ्जय तिमिल्सिना, नन्दराम पाण्डेय, नारायणप्रसाद संग्रैला, गणेशराज ओझा 'सुधोयात्री', मेघनाथ खनाल, मनोहर लामिछाने, महादेव जोशी, भूमिराज जोशी, नेत्रप्रसाद पनेरू, आदि छन् ।

नेपालमा प्रजातन्त्रको पुर्नस्थापना भएपछि २०४६ सालदेखि यता शिक्षणसङ्स्था, पत्रपत्रिका, साहित्यिक संघसङ्स्था छापाखाना आदिको स्थापना र विकासले कैलाली जिल्लाको साहित्यिक विकासमा ठूलो सहयोग पुर्‍याएको छ । यस अवधिमा थुप्रै नव साहित्यिक प्रतिभाहरू देखापरेका छन् । यस क्रममा देखापर्ने साहित्यकारहरू रामलाल जोशी, पुष्प पसेली, टी.एन.जोशी 'किशोर', र नरेन्द्रराज भट्ट 'अंञ्जान', पुष्करराज भट्ट, सुभाषचन्द्र भण्डारी, तपराज विनाडी 'अञ्जान', दीर्घराज 'अनुराग', शिवराज योगी 'आँशु', अशोक बोहरा 'असीम पीडा', टोपेन्द्र शाह 'रसिक', कृष्णसिंह पेला, दीपा ऐर 'उदासी' ऋचा लुइटेल, तारा भट्ट 'पल्लवी', तुलसी शर्मा, हेमन्ती जोशी, लोकबहादुर चौधरी 'लक्की', जनक 'रसिक' मिनबहादुर थापा 'मिलन', बम 'भितभाषी', रक्षा श्रेष्ठ, रघुनाथ ओझा, जनक कडायत, 'निर्दोषी' निर्दोष 'डेविट', जयदेव जोशी 'दार्चुले', बलबहादुर रावल, दीपक कुँवर 'पूर्णविराम', दीपिका भट्ट 'विवस', सेतराज 'सङ्गम', धर्मराज जोशी, टेकबहादुर ठकुल्ला, निरञ्जन बम 'टी.एम', बलबहादुर रावत 'सानु', मिन ठकुरी, उमा जोशी, तिलक बोहरा आदि छन् ।

कैलाली जिल्लाको साहित्य इतिहासको थालनी बीसौं शताब्दी उत्तरार्द्धदेखि भएको पाइन्छ । ऐतिहासिक पृष्ठभूमि लामो नभए पनि साहित्य विकास खास गरी शिक्षाको प्रभाव, पत्रपत्रिकाको प्रकाशन, विभिन्न साहित्यिक गतिविधि र सङ्घसंस्था आदिको विकासले छोटै अवधिमा भए पनि साहित्यको विकास छिटोछिटो भएको हो ।

## ३.५ कैलाली जिल्लाका साहित्यकारहरूको सर्वेक्षण

कैलाली जिल्लामा साहित्यिक लेखन र चिन्तनको परम्परा नेपाली साहित्यको माध्यमिककालसँगै आरम्भ भएको हो । नेपाली साहित्यमा माध्यमिक कालको आरम्भ १९४१ सालदेखि भएको मानिन्छ । हालसम्म कैलाली जिल्लामा विभिन्न साहित्यकारहरू देखा परिसकेका छन् । तिनीहरूले विविध विधामा कलम चलाएका छन् । तिनीहरूमध्ये कसैको जन्मथलो अन्यत्र भए पनि कैलालीलाई कर्मथलो बनाई साहित्य साधनारत छन् भने कोही कैलालीमै जन्मेर साहित्य

सेवामा लागेका छन् । यसरी कैलाली जिल्लामा रहेर नेपाली साहित्यमा योगदान पुऱ्याउने कैलालीका साहित्यकारहरूको सूचीलाई यहाँ वर्णानुक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

१. अर्जुन सिटौला (१९९६, तेह्रथुम)

क) नारीका लागि (२०१७) कवितासङ्ग्रह

२. अशोक बोहरा 'असीमपीडा' (२०३६, टीकापुर)

कृतिहरू:

क) संयोग-वियोग (२०५२) गजलसङ्ग्रह

ख) आकांक्षाका तस्विरहरू (२०५७) गजलसङ्ग्रह

ग) बाँसुरीका धुनहरू (२०५८) संयुक्त गजलसङ्ग्रह

३. ऋचा लुइटेल (२०३९) झापा

कृतिहरू:

क) बाँसुरीका धुनहरू (२०५८) संयुक्त गजलसङ्ग्रह

ख) पुष्पलता: कलमका डोबहरूमा (२०६१) गजलसङ्ग्रह

ग) भावनाको यात्रा (?) गजलसङ्ग्रह

४. एकराज भट्ट (२००५, डोटी)

कृति:

क) गौरागीत माला (२०५२) गौरापर्वसम्बन्धी गीतहरूको सङ्ग्रह

५. करवीर शाह (२००८, डडेलधुरा)

कृति:

क) खद्दरभित्र सुनको मोहर (२०३६) कवितासङ्ग्रह

६. कृष्णसिंह पेंला (२०२८, बैतडी)

कृति:

क) अञ्जुलीमा सागर (२०६४) गजलसङ्ग्रह

७. कृष्ण पनेरु 'वञ्चित' (१९९८, डडेलधुरा)

कृतिः

क) बिसौनी (२०६०) रचनासङ्ग्रह

८. खड्कबहादुर सिंह (१९८८-२०४४, कैलाली)

कृतिहरूः

क) विद्रोह भाग १ (२०११) उपन्यास

ख) विद्रोह भाग २ (२०१३) उपन्यास

ग) हुरीको चरा (२०१३) उपन्यास

९. गणेशप्रसाद ओझा (२०२६ डोटी)

कृतिः

क) जुत्ता दर्शन (?) हास्यव्यङ्ग्यात्मक निबन्धसङ्ग्रह

१०. गोकुलराज जोशी (२०२६, बझाङ्ग)

कृतिः

क) जमर्को (२०४५) कवितासङ्ग्रह

११. जयराज ओझा 'अभिलासी' (२०१४ डोटी)

कृतिः

क) सपना (२०६०) खण्डकाव्य

१२. ज्योतिप्रकाश जोशी 'आचार्य' (१९९८ बझाङ्) (१९८८-२०४४, कैलाली)

कृतिः

क) मर्त्याधिकार (?) रचनासङ्ग्रह

१३. जनक जोशी (जनक 'रसिक' २०४४ डडेलधुरा)

कृतिः

क) युगीन सपना (२०६४) गजलसङ्ग्रह

१४. टेकबहादुर ठकुल्ला(?)

कृतिः

क) मनभित्रका ज्वरभाटाहरू

१५. त्रैलोक्यनाथ जोशी (टी.एन. जोशी 'किशोर' २०३४ डडेलधुरा)

कृतिहरूः

क) ने.वि.संघ एक झलक (२०५३) राजनीतिक

ख) देश रोएका बेला (२०६२) गजलसङ्ग्रह

१६. ज्ञानचन्द्र उपाध्याय (२०२४ बाजुरा)

कृतिः

क) रैवार (?)

१७. तुलसी शर्मा (२०३८, कैलाली)

कृतिः

क) भाउजू (२०५९) उपन्यास

१८. तिलक बोहरा 'समर्पण' (२०३८, अछाम)

कृतिः

क) सम्झनाको सम्झना (२०६५) मुक्तकसङ्ग्रह १९. दिव्यसागर साउद (२०३३, कैलाली)

कृतिः

क) एउटा लहर सागरको (२०५६) गजलसङ्ग्रह

२०. दीर्घराज उपाध्याय 'अनुराग' (?)

कृतिः उनैको यादमा (२०५९) गजलसङ्ग्रह

२१. देवराज आचार्य (२००१, गोरखा)

कृतिहरू

क) 'उदार' पत्रिकाको अनुदार अनुहार (२०४८) धर्म संस्कृति

ख) दर्शन परिचयः एक भ्रम (२०५०) धर्म

ग) श्री वैष्णवीय-परम्परा एक लघुपरिचय (२०६५) धर्म

२२. देवकान्त पन्त (१९९३-२०५७ डोटी)

कृतिहरूः

क) सीता स्वयम्वर (२०२७) महाकाव्य

ख) शिव विवाह मङ्गल (२०२७) खण्डकाव्य

ग) डोटेली लोकसाहित्य-एक परिचय (२०३२) लोकसाहित्य

घ) जय नेपाल (२०३६) लघुकाव्य

ङ) शान्तिक्षेत्र नेपाल (२०४०) खण्डकाव्य

च) नेपाली तीज कथा (२०५१) गीतिकाव्य

२३. धिरज ठकुरी (२०३८)

कृतिः

क) किनारादेखि किनारासम्म (२०६२) गजलसङ्ग्रह

२४. नन्दराम पाण्डेय (१९९९, डडेलधुरा)

कृतिः

क) श्रीकृष्ण रुक्मिणी विवाह (२०५७) कविता

२५. नृपबहादुर स्वाँर (१९८३-२०६२)

कृतिहरूः

क) सेतीको मन्दिर (२०४२) कवितासङ्ग्रह

ख) गोठाले ठिटो (२०५१) खण्डकाव्य

ग) स्वाँरको चिनारी (२०४९) वंशावली

घ) कुसुमी (२०५४) उपन्यास

ङ) चिनु (२०५६) उपन्यास

च) कथाव्यथा (२०५९) उपन्यास

छ) देशभित्र-देशबाहिर (२०६०) यात्रासंस्मरण

ज) स्वाँर वंशावली भाग-१ (२०६१) वंशावली

झ) स्वाँर वंशावली भाग-२ (२०६४) वंशावली

२६. नरेन्द्र भट्ट 'अञ्जान' (२०३४, बैतडी)

कृति

क) शहिदपुत्र (२०५६) खण्डकाव्य

२७. निर्मलकुमार भण्डारी (२०१३, डोटी)

कृतिहरूः

क) कर्तव्यवोध सन्देश (२०५२) कवितासङ्ग्रह

ख) चेलीबेटीको बह-व्याथा र बिलौना (२०५२) कवितासङ्ग्रह

ग) सावधान नयाँ युग आउँदै छ (२०५६) खण्डकाव्य

घ) आरोग्य सन्देश सतक (२०६०) कविता

ङ) वीरेन्द्र (?) शोककाव्य

२८. निरञ्जन बम 'त्रिमधुमुस्कान' (२०४२, बैतडी)

कृतिहरू:

क) जीवनयात्रा (२०५८) उपन्यास

ख) वियोग (२०६३) मुक्तकसङ्ग्रह

२९. निर्दोश डेविट (डम्बरबहादुर थापा २०३७ कैलाली)

कृतिहरू:

क) मेरोमनका व्यथाहरू (२०५७) मुक्तकसङ्ग्रह

ख) बादलभित्रको जून (२०५८) मुक्तकसङ्ग्रह

३०. नेत्रप्रसाद पनेरू (२०1० डडेलधुरा)

कृतिहरू:

क) आस्थाका आखर (?)

ख) जिजिविषाका कक्षबाट (?)

ग) यात्रा र आयाम (?) एकाङ्कीहरू

घ) डोटेली आहान माला (२०६३) उखानसङ्ग्रह

३१. पद्‌मराज जोशी 'प्रभात' (२०१६ डोटी)

३२. पहलमानसिंह स्वाँर (१९३५-१९९१)

कृतिहरू:

क) प्रेमामृत वचन सङ्ग्रह (१९६०) लघुकाव्यसङ्ग्रह

ख) अटलबहादुर (१९६२) नाटक

ग) एकलाखको चोरी (२०३८) उपन्यास

घ) रत्नावली (२०३४) नाटिका

ङ) विमलादेवी (२०३२) नाटक

च) लागुभागा (२०३३) नाटक

छ) विष्णुमाया (२०३३) नाटिक

ज) अभिज्ञान शाकुन्तल (२०१६) नाटक

३३. पुष्करराज भट्ट 'एकलव्य' (२०३२, बैतडी)

कृतिहरू:

क) कर्मयोद्धा (२०५९) लघुकथासङ्ग्रह

ख) युगधारा (२०५९) निबन्ध

ग) आस्था नायकको अवसान (२०६१) लघु कथासङ्ग्रह

घ) मुक्तिदूत (२०६२) लघुकथासङ्ग्रह

ङ) सुनौलो बिहान (२०६३) गजलसङ्ग्रह

च) एकथोपा सागरको (२०६४) लघुकथासङ्ग्रह

छ) जनमतः कविता -२ (२०६४) कवितासङ्ग्रह

ज) सहयात्रा-१ (२०६४) संयुक्त कवितासङ्ग्रह

३४. बलबहादुर रावत 'सानु' (२०४० कैलाली)

कृतिः

क) गजलका फूलहरू (२०६१) गजलसङ्ग्रह

३५. भालचन्द्र भण्डारी 'ब्रह्मगोल' (२००६ डोटी)

कृतिहरूः

क) सुभद्रा (२०४५) खण्डकाव्य

ख) जय नेपाल (२०५२) कवितासङ्ग्रह

३६. भेषराज पन्त 'निश्छल' (२०३२ डडेलधुरा)

कृतिः

क) कुसुम (२०५४) काव्य

ख) धर्तीको जून (२०६०) कवितासङ्ग्रह

३७. भोजराज भट्ट 'कल्पित पालुवा' (२०१५, डोटी)

कृतिः

क) संसद र सिंहदरवार लिएर फल्दैछ, फुल्दैछ काठमाडौं (?) कवितासङ्ग्रह

३८. मनिराज जोशी (२०१२, डोटी)

कृतिहरूः

क) बेहडाबाबाको उत्पत्ति (२०४५) भजनसङ्ग्रह

ख) बालज्योतिसार (२०४९) ज्योतिष

ग) आनन्दगीता (२०५३) कवितासङ्ग्रह

घ) सरिता (२०५६) खण्डकाव्य

ङ) अमर साधक पहलमानसिंह स्वार (२०६१) महाकाव्य

च) विनोदानन्दमणि (२०६१) खण्डकाव्य

छ) आजको युगमा ज्योतिषको अपरिहार्यता (२०६२) ज्योतिष

ज) दुई लाखको अर्ती (२०६२) कथासङ्ग्रह

झ) धौली (२०६४) खण्डकाव्य

ञ) दशरथ चन्द (२०६५) महाकाव्य

३९. मानबहादुर थापा 'मिलन' (२०३४)

कृतिहरूः

क) मेरा हत्केलाका रेखाहरूको मिलन (२०५७) गजलसङ्ग्रह

ख) तिम्रो प्यार र छुटेको आँचल (२०६१) गजलसङ्ग्रह

४०. मिहीलाल उपाध्याय (२०१०, डोटी)

कृतिहरूः

क) कसम यो माटोको (२०५३) कवितासङ्ग्रह

ख) बादलको प्रेरणा (२०५९) कवितासङ्ग्रह

४१. मेघनाथ खनाल 'बन्धु' (२०१९ इलाम)

कृतिः

क) गजल यात्रा (२०६४) गजलसङ्ग्रह

४२. यज्ञराज भट्ट 'अज्ञात शर्मा' (२००३ डोटी)

कृतिः

क) सहयात्रा- १ (२०६४) संयुक्त-कवितासङ्ग्रह

४३. यज्ञराज यात्री (२०१० डोटी)

कृतिहरूः

क) शारदी पुष्प (२०३०) कवितासङ्ग्रह

ख) आमा (२०३८) कवितासङ्ग्रह

ग) भक्त र भगवान (२०३९) निबन्धसङ्ग्रह

घ) हिलोमा कलम (२०४१) निबन्धसङ्ग्रह

ङ) केदार स्तुति (२०४१) कवितासङ्ग्रह

च) आमाको महिमा (२०४२) कवितासङ्ग्रह

छ) भगवती वन्दना (२०४७) कवितासङ्ग्रह

ज) नेपालका लाल (२०४७) कवितासङ्ग्रह

झ) मातृभूमि नेपाल (२०४८) कवितासङ्ग्रह

ञ) नारी (२०५०) निबन्धसङ्ग्रह

ट) देववन्दना (२०५२) कवितासङ्ग्रह

ठ) मेरो नेपाल दर्शन (२०५९) विविध

ड) आस्था (२०६०) कवितासङ्ग्रह

ढ) विष्णुदास (२०६३) शोककाव्य

ण) जनगुनासो (२०६४) कवितासङ्ग्रह

४४. राजेन्द्र पाण्डेय (२०३८, कञ्चनपुर)

कृतिः

क) कालुमाया (२०५८), खण्डकाव्य

४५. रामचन्द्र जोशी (१९९३, डोटी)

कृतिहरूः

क) आमा (२०४१) खण्डकाव्य

ख) श्री बडीमालिका, खप्तड र स्वामी (२०४२) कवितासङ्ग्रह

४६. रामलाल जोशी 'बन्दीखाम' (२०३४) डोटी)

कृतिः

क) हत्केलामा आकाश (२०५७) गजलसङ्ग्रह

४७. लक्की चौधरी (२०३५ कैलाली)

कृतिहरू:

क) सहिदान (२०६१) गजलसङ्ग्रह

ख) तिहुवार (२०६२) थारूसंस्कृति

ग) अन्तर्भाव (२०६३) गजलसङ्ग्रह

४८. लालबहादुर रावल (१९९१ अछाम)

कृति:

क) लालमुगा (२०५७) विविध

४९. विष्णु 'प्रकाश' दौल्याल (२०३७ बझाङ्)

कृतिहरू:

क) विदाइ (२०५७) उपन्यास

ख) बिर्सन नसकिने बाला (?) कवितासङ्ग्रह

५०. वेणीमाधव भट्ट 'वर्षात' (२००७ डोटी)

कृतिहरू:

क) घोडाघोडी ताल महात्म्य (?)

ख) श्री केदार जाँत (?)

५१. शंकर खड्का (२०३२, अछाम)

कृति:

क) जिउँदो लाश (?)

५२. हरिप्रिया श्रेष्ठ (श्रेष्ठ प्रिया पत्थर २०२१ डोटी)

कृतिहरू:

क) पतिङ्गर (२०४८) उपन्यास

ख) पुकार (२०४९) उपन्यास

ग) रङ्गभूमि (२०५०) उपन्यास

घ) मर्यादा (२०५२) उपन्यास

ङ) कसिङ्गर (२०५३) उपन्यास

च) पग्लिएका व्याथहरू (२०५३) गजलसङ्ग्रह

छ) पुनरावृत्ति (२०५७) उपन्यास

ज) पत्थरका प्रलापहरू (२०५९) गजलसङ्ग्रह

झ) आँसुको सौगात (२०६०) गजलसङ्ग्रह

ञ) क्रमजारी छ (२०६१) कवितासङ्ग्रह

ट) सम्यक दृष्टि (२०६४) भूमिकासङ्ग्रह

५३. हेमन्ती जोशी (२०१८ डोटी)

कृतिहरू:

क) प्रतिबिम्ब (२०६४) कथासङ्ग्रह

ख) सहयात्रा-१ (२०६४) संयुक्त कवितासङ्ग्रह

## ३ ६ कैलाली जिल्लाका साहित्यकारहरूको विधागत योगदान

कैलाली जिल्लाका साहित्यकारहरूको साहित्यिक लेखन विविध विधामा छरिएको छ । यहाँका साहित्यकारहरू कथा, कविता, उपन्यास, नाटक, गजल, निबन्ध, समालोचना, जीवनी, यात्रासंस्मरण आदि विधामा रहेर साहित्य सिर्जना गर्दै आएका छन् । यस जिल्लाका साहित्यकारहरूले वर्तमानसम्म रचना गरेका कृतिको विधागत योगदानलाई यस प्रकार प्रस्तुत गरिएको छ-

### ३.६.१ कविता विधा

कविता विधा यस जिल्लामा सबैभन्दा बढी लेखिने विधा हो । यस जिल्लाका पुरानो पुस्ताका साहित्यकारमध्ये यज्ञराज यात्री, करवीर शाह, नृपबहादुर स्वाँर, देवकान्त पन्त, निर्मलकुमार भण्डारी, यज्ञराज भट्ट, जयराज ओझा, मनिराज जोशी, रामचन्द्र जोशी, अर्जुन सिटौला, श्रेष्ठप्रिया पत्थर, भालचन्द्र भण्डारी, आदि छन् । यस पुस्ताका कविका रचनाहरू आयामगत दृष्टिले हेर्दा कविताको लघुरूप फुटकर कवितादेखि लिएर कविताको वृहत्तररूप महाकाव्यसम्म भेटिन्छन् । यिनीहरूका रचनामा संस्कृत साहित्य परम्पराका मूल्य र मान्यता प्रति झुकाव, परिष्कारवादी शैलीशिल्प, धार्मिक र आध्यात्मिक चेत, समाजसुधारको सन्देश जस्ता वैशिष्ट्य पाइन्छन् । परिष्कारवादी काव्यधाराका आधुनिक कवि बन्न सक्ने क्षमता यिनीहरूमा छ ।[७१]

कविता विधामा कलम चलाउने नवप्रतिभाहरू नरेन्द्र भट्ट, पुष्करराज भट्ट, हेमन्ती जोशी, विष्णु दौल्याल, भेषराज पन्त, तिलक बोहरा, भोजराज भट्ट, आदि छन् । यिनीहरूमा समसामयिक नेपाली कवितामा प्रचलित विभिन्न प्रवृत्ति र धाराको प्रभाव पाइन्छ । यिनीहरूका कवितामा प्राप्त हुने मूल प्रवृत्ति, वर्तमान अस्थिर राजनीतिप्रति वितृष्णा, युगवोध, नैराश्यता, परम्पराप्रति विद्रोह, व्यङ्ग्य र सुधारको सन्देश, माया प्रीतिका कुरा आदि हुन् ।

---

[७१] माधव, वियोगी, "सुदूरपश्चिमको साहित्यिक गतिविधि: धनगढीको केन्द्रीयतामा", **युगपुकार** (वर्ष २, अङ्क ५ २०५५) पृष्ठ १८ ।

### ३.६.१.१ गजल

गजलमा सहयोग पुऱ्याउने साहित्यकारहरू श्रेष्ठ प्रिया पत्थर, रामलाल जोशी, दीर्घराज 'अनराग', टी.एन. जोशी 'किशोर', मेघनाथ 'बन्धु', ऋचालुइटेल, दिव्य सागर साउँद, अशोक बोहरा, कृष्णसिंह पेला, मेघनाथ बन्धु, पुष्करराज भट्ट, लक्की चौधरी, जनक 'रसिक', बलबहादुर रावत, आदि छन् । गजल प्रणय प्रसङ्गलाई विषयवस्तु बनाएर लेखिने विधाको रूपमा चिनिए पनि यहाँका गजलकारहरूले विविध विष्यवस्तुमा गजल रचना गरेका छन् । सामाजिक समस्या, विकृति, विसङ्गति, प्रणयप्रसङ्ग राजनीतिक विकृति, विसङ्गति, जीवनभोगाइका अनुभव आदिलाई विषयवस्तु बनाएर गजल लेखेका छन् । यस विधाको विशेष गरी नवोदित साहित्यकारहरू माझ ठूलो प्रभाव पारेको छ ।

### ३.६.१.२ मुक्तक

मुक्तकमा योगदान पुऱ्याउने साहित्यकारहरू 'निर्दोश' डेविट, निरञ्जन बम, तिलक 'समर्पण' आदि छन् ।

कैलालीका कविहरूले कविताको लघु मुक्तक र हाइकुदेखि कविताको बृहत्तररूप महाकाव्यसम्मको कविता सिर्जना गरेका छन् । मुक्तक र हाइकु चोटिला र सूत्रात्मक छन् । यहाँका गजलकारहरूका गजल विषयवस्तु, भाव एवम् लय चेतका दृष्टिले विविधता युक्त छन् । गजलहरू समसामयिक नेपाली गजलका विविध प्रवृत्तियुक्त छन् । फुटकर कवितामा पुराना पुस्ताका कविहरूले छन्दोवद्ध र परिष्कारवादी मान्यतानुसार कविता लेखेका छन् र लेखिरहेका छन् भने युवा पुस्ताका कविका कवितामा समसामयिक नेपाली कविताको प्रभाव पाइन्छ । यहाँका कविहरूले कविताको मझौला रूप खण्डकाव्यको रचना गरेको पाइन्छ । यिनीहरूका खण्डकाव्य संख्यात्मक एवम् गुणात्मक दुवै रूपले उत्कृष्ट छन् । उच्चतम् स्तरको खण्डकाव्यको रचना कसैबाट हुन नसके पनि उच्चमध्यस्तरका खण्डकाव्यहरू धेरैले लेखेका छन् । यहाँका महाकाव्यकारहरू आधुनिक नेपाली महाकाव्यबाट प्रभावित छन् । सङख्यात्मक दृष्टिले महाकाव्यको विकास कमै भएको छ । यिनीहरूका महाकाव्यहरू उच्चमध्यस्तरका देखा पर्दछन् । समग्रमा भन्दा छोटै अवधिमा भएपनि कैलाली जिल्लामा भएको कविताको विकासक्रम सकारात्मक छ ।

### ३.६.२ कथा विधा

कथा साहित्यको आख्यानात्मक विधा हो । कैलाली जिल्लामा कथा विधामा योगदान पुऱ्याउने कथाकारहरू पद्मराज जोशी, पुष्करराज भट्ट, हेमन्ती जोशी, मनिराज जोशी आदि छन्

। यिनीहरूका कथामा युगवोध, आञ्चलिकता, समाजमा विद्यमान विकृति विसङ्गति प्रति विद्रोह आदि प्रवृत्ति पाइन्छ । यिनीहरूका कथा, आदर्शोन्मुख यथार्थवाद, सामाजिक यथार्थबाद, प्रगतिशील चिन्तनबाट प्रभावित छन् ।

### ३.६.३ उपन्यास विधा

उपन्यास विधामा कलम चलाउने साहित्यकारहरू खडकबहादुर सिंह, नृपबहादुर स्वाँर, श्रेष्ठप्रिया पत्थर, पद्मराज जोशी, विष्णुप्रकाश दौल्याल, तुलसी जोशी, आदि छन् । यिनीहरूका उपन्यासमा आञ्चलिकता, स्थानीय भाषिकाको प्रयोग, सामाजिक समस्याको उठान, भावुक प्रेम, नारी समस्या आदि प्रवृत्ति पाइन्छ ।

### ३.६.४ निबन्ध विधा

निबन्ध विधामा योगदान पुऱ्याउने साहित्यकारहरू, नृपबहादुर स्वाँर, यज्ञराज यात्री, गणेशप्रसाद ओझा, पुष्करराज भट्ट आदि हुन् ।

### ३.६.५ नाटक विधा

नाटक साहित्यको दृश्य विधा हो । नाटक विधामा योगदान पुऱ्याउने साहित्यकार पहलमानसिंह स्वाँर, नेत्रप्रसाद पनेरू आदि छन् ।

कैलाली जिल्लामा कविता, कथा, गजल र उपन्यास विधाको राम्रो विकास भएको छ । नाटक र निबन्ध विधामा कलम चलाउने साहित्यकार न्यून छन् । समालोचना, साहित्येतिहास, जीवनी विधामा फुटकर रचना प्रकाशित भए पनि कृतिकारका रूपमा वर्तमानसम्म केही पनि देखापरिसकेका छैनन् । कविता र गजल विधाको गुणात्मक र संख्यात्मक विकास उपयुक्त ढंगले भएको छ ।

## ३.७ पत्रपत्रिका तथा पुस्तकालय

कैलाली जिल्लामा पत्रपत्रिका तथा पुस्तकालयका कारण पनि साहित्यिक गतिविधिमा प्रभाव पारेका पाइन्छ । यस जिल्लाको पुस्तकालय र पत्रपत्रिकाको योगदान यस प्रकार सर्वेक्षण गरिएको छ ।

### ३.७.१ पुस्तकालय

कैलाली जिल्लाको साहित्यिक गतिविधिमा टेवा पुऱ्याउने कार्यमा यस क्षेत्रका पुस्तकालय तथा पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण छ । यस क्षेत्रमा शैक्षिक विकाससँगै पत्रपत्रिका सञ्चालन तथा पुस्तकालय स्थापनाको कार्य अघि बढेको हो । कैलाली जिल्लाको पहिलो पुस्तकालयका रूपमा 'कैलाली जनपुस्तकालय' (२०१४) स्थापना भएको पाइन्छ ।[७२] हाल सम्म यस जिल्लामा निम्नलिखित सार्वजनिक पुस्तकालयहरू स्थापना भएका छन् -

१. कैलाली जनपुस्तकालय (२०१४) धनगढी

२. विद्यामन्दिर पुस्तकालय (२०३८) धनगढी

३. गोदावरी पुस्तकालय (२०४१) गोदावरी गा.वि.स.

४. पहलमान पुस्तकालय (२०४९) पहलमानपुर

५. भानु पुस्तकालय (२०४९) सत्ती

६. प्रतिभा पुस्तकालय (२०५६) अत्तरिया

७.हसुलीया पुस्तकालय (२०५७) हसुलिया

८. प्रतिभा पुस्तकालय (२०५७) श्रीपुर

९.टीकापुर सामुदायिक पुस्तकालय (२०६१) टीकापुर

१०. मदी पुस्तकालय (२०६२) उर्मा

त्यसैगरी यहाँका शैक्षिक संस्था विद्यालय र क्याम्पस आदिले शैक्षणिक प्रयोजनका लागि पुस्तकालयको स्थापना गरेका छन् । यिनीहरूमध्ये 'यी' प्रमुख छन्-

१. कैलाली बहुमुखी क्याम्पसको पुस्तकालय

२. ऐश्वर्य उच्च मा.वि.को पुस्तकालय

३. सरस्वती उच्च मा.वि. गेटाको पुस्तकालय

४. सु.प. क्याम्पसको पुस्तकालय

[७२] कैलाली जनपुस्तकालयका अध्यक्ष दीनानाथ भट्टसँगको भेटवार्ता अनुसार (२०६५ भाद्र)

उपर्युक्त सार्वजनिक पुस्तकालयमध्ये कैलाली जनपुस्तकालय, टीकापुर सामुदायिक पुस्तकालय, प्रतिभा पुस्तकालय सञ्चालनमा छन् भने अन्यप्रायः बन्द अवस्थामा छन् । कैलाली जनपुस्तकालयले यस जिल्लामा विभिन्न साहित्यिक गतिविधिहरू पत्रपत्रिकाको प्रकाशन, कविगोष्ठी, पुस्तक प्रकाशन, अन्तर्क्रिया आदि गरेर साहित्यिक विकासमा ठूलो योगदान पुऱ्याएको छ ।

### ३.७.२ पत्रपत्रिका

कैलाली जिल्लाको साहित्यिक गतिविधिमा पुस्तकालयझैं पत्रपत्रिकाको योगदानलाई पनि बिर्सन सकिँदैन । यस जिल्लामा साहित्योत्थानको उद्देश्य राखी विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन भएको पाइन्छ । कैलाली जिल्लाको प्रथम पत्रिका तत्कालीन जिल्ला पञ्चायत कैलालीद्वारा प्रकाशित **सेती सन्देश** (२०२९) भए पनि प्रथम साहित्यिक पत्रिका कैलाली जनपुस्तकालयद्वारा प्रकाशित **मालिका** (२०४१) हो ।[७३] हालसम्म कैलाली जिल्ला प्रशासनमा दैनिक, मासिक, साप्ताहिक, अर्द्धसाप्ताहिक र वार्षिक आदि गरी ७२ वटा पत्रपत्रिका दर्ता भएका छन् । यीमध्ये साहित्य र साहित्येत्तर पत्रिकाहरू निम्नअनुसार छन् । साहित्योथानको उद्देश्य राखी प्रकाशित पत्रपत्रिकाको विवरण यस प्रकार छ  -

१. मालिका (२०४१) वार्षिक

२. गोरा (२०४६) द्वैमासिक

३. सौगात (२०५०) त्रैमासिक

४. सौरभ (२०५१) द्वैमासिक

५. सुरभी (२०५२) अर्द्धवार्षिक

६. कोपिला (२०५३) चौमासिक

७. युगपुकार (२०५४) द्वैमासिक

८. शित (२०५४) त्रैमासिक (प्रथम हवाइ पत्रिका)

९. माहामाया (२०५५) वार्षिक

१०. भूकम्प (२०५५) त्रैमासिक

---

[७३] सु.प. साहित्य समाजका संस्थापक अध्यक्ष्य, यज्ञराज यात्रीबाट प्राप्त जानकारी अनुसार (२०६५ भाद्र) ।

११. नवरत्न (२०५६) त्रैमासिक

१२. मन्दाकिनी (२०५७) मासिक

१३. सरगम (२०५८) त्रैमासिक

१५. सौचीन (२०५८) मासिक

१६. सौराई (२०५८) द्वैमासिक

१७. सुरेली (२०५८) द्वैमासिक

१८.परेली (?) ?

१९. प्रेरणा (२०५९) द्वैमासिक

२०) आयाम (२०६०)

२१) सेतीको सुसेली (?) वार्षिक

२२) कैलाली सङ्गम (?) वार्षिक

२३) अङ्कुर (?) वार्षिक

२४) जिज्ञासु (२०६१) द्वैमासिक बालपत्रिका

२०.गजलप्रवाह (२०६१) अर्द्धवार्षिक (गजल प्रधान)

यीमध्ये सुरभी, मालिका, गजलप्रवाह, माहामाया निरन्तर प्रकाशन भइरहेका छन् । हालसम्म प्रकाशित यी पत्रपत्रिकाहरूले साहित्यविकासमा ठूलो योगदान दिएका छन् ।

साहित्येत्तर मूल उद्देश्य बनाएर प्रकाशन हुने पत्रपत्रिकाले पनि साहित्य विशेष अङ्क, विशेष पृष्ठ, आदि प्रकाशन गरी साहित्य विकासमा योगदान पुऱ्याएका छन् । तीमध्ये प्रमुख पत्रपत्रिकाको सूची यस प्रकार छ –

१. सेती सन्देश (२०२९)

२. खप्तड सन्देश (२०३८)

३. मातृ सन्देश (२०३९) त्रैमासिक

४. सेती समाचार (२०३९) साप्ताहिकबाट दैनिक

५. शिलान्यास (२०३९) साप्ताहिक

६. हाम्रो परामर्श (२०५८) साप्ताहिक

७. युगदान (२०५७) साप्ताहिक

८. धनगढी पोस्ट (२०५७) दैनिक

९. नेपाल टाइम्स (?) दैनिक

१०. सुदूरहटलाइन (२०६२) अर्द्ध-साप्ताहिक

११. सुदूर सन्देश (२०५८) दैनिक

१२. हमार पहुरा (२०६३) अर्द्ध साप्ताहिक (थारु चौधरी भाषाको पत्रिका)

**३.७.३ एफ. एम.**

कैलाली जिल्लाको साहित्यमा यस जिल्लामा सञ्चालीत एफ. एम. रेडियोहरूले समेत योगदान दिएका छन् । हालसम्म कैलाली जिल्लामा सञ्चालन भैरहेका एफ. एम. रेडियोहरू निम्नानुसार छन् :

१. घोडाघोडी एफ. एम.

२. खप्तड एफ. एम.

३. दिनेश एफ. एम.

४. फूलवारी एफ. एम.

५. जनआवाज एफ. एम.

६. कान्तिपुर एफ. एम.

यी एफ. एम. रेडियोहरूले पनि विभिन्न साहित्यिक कार्यक्रमहरू सञ्चालन गरी यस जिल्लाको साहित्यउत्थानमा ठूलो सहयोग गरेका छन् ।

माथि उल्लिखित पुस्तकालय तथा साहित्यिक एवम् साहित्येत्तर पत्रपत्रिकाहरूले कैलाली जिल्लामा साहित्यिक गतिविधिलाई उत्प्रेरणा दिन महत्त्वपूर्ण भूमिका खेलेका छन् । विशेष गरी पुस्तकालय स्थापनाको मूल अभिष्ट शैक्षिक गतिविधि बृद्धि गर्नु रहेको देखिन्छ । शैक्षिक गतिविधिको

बृद्धिसँगै कैलाली जिल्लामा बढेको शैक्षिक चेतनाले साहित्यको क्षेत्रलाई पनि अघि बढाएको हो । यस क्षेत्रको साहित्यिक चेतना बृद्धिसँगै साहित्यिक पत्रपत्रिकाको प्रकाशन प्रारम्भ भएको पाइन्छ ।

## ३.८. साहित्यिक सङ्घसंस्था र पुरस्कार

कैलाली जिल्लामा साहित्यको विकासका लागि विभिन्न सङ्घसंस्थाका गतिविधि पनि उल्लेख्य देखिन्छ । यस जिल्लामा पुरस्कारको पनि परम्परा रहेको छ ।

### ३.८.१ साहित्यिक सङ्घसंस्था

कैलाली जिल्लाको साहित्योत्थानकानिम्ति साहित्यिक सङ्घसंस्था र पुरस्कारले महत्त्वपूर्ण भूमिका खेलेका छन् । कैलाली जिल्लाको साहित्यिक एवम् सांस्कृतिक सेवा गर्ने उद्देश्यले स्थापित संस्था 'सुदूरपश्चिमाञ्चल साहित्यिक एवम् सांस्कृतिक सङ्घ' (२०४५) हो । जुन वर्तमानमा विघटित अवस्थामा छ । विशुद्ध साहित्य सेवा गर्ने उद्देश्यले स्थापित साहित्यिक संस्था 'सुदूरपश्चिमाञ्चल साहित्य समाज' (२०५१) हो । हालसम्म यस जिल्लामा साहित्य विकास गर्ने उद्देश्यले साहित्यिक र साहित्येत्तर संस्थाहरू स्थापना भएका छन् -

१. सुदूरपश्चिमाञ्चल साहित्यिक एवं सांस्कृतिक सङ्घ (२०४५)

२. सुदूरपश्चिमाञ्चल साहित्य समाज (२०५१)

३. नवरत्न साहित्य संगम (२०५५)

४. डोटेली समाज (२०५५)

५. विद्यार्थी साहित्य प्रतिष्ठान (२०५६)

६. सुदूरपश्चिमाञ्चल साहित्यिक पत्रकार सङ्घ (२०५७)

७. सुदूरपश्चिमाञ्चल गजल मञ्च (२०५९)

८. नाट्यश्वरी कलाकेन्द्र (२०६०)

९. खप्तड सांस्कृतिक परिवार (२०६०)

१०) प्रगतिशील लेखक संघ (२०६०)

११. न्यूभिजन कलाकेन्द्र (२०६१)

१२. भाषा संस्कृतिक परिषद् (२०६१)

१३. अञ्जुली सांस्कृतिक परिवार (?)

'सु.प. साहित्य समाज' सबैभन्दा क्रियाशील साहित्यिक संस्था हो । यो कैलालीको मात्र नभई सिङ्गो सु.प.क्षेत्रकै प्रतिनिधि साहित्यिक संस्था हो । यसले साहित्यिक गोष्ठी आयोजना गर्ने, साहित्यकारहरूको जन्मजयन्ति मनाउने, साहित्यकार पुरस्कृत एवम् सम्मानित गर्ने, साहित्यिक सभासम्मेलन आयोजना गर्ने, पुस्तक एवम् पत्रपत्रिका प्रकाशन गर्ने आदि महत्त्वपूर्ण कार्य निरन्तर गर्दै आएको छ । सु.प. साहित्य समाजको आयोजना एवम् संयोजकत्वमा अन्तराष्ट्रियस्तरको 'द्वितीय नेपाल भारत नेपाली लेखक सम्मेलन' (सन् २००१), आयोजना गरेको छ । राष्ट्रियस्तरका नेपाल बालसाहित्य समाजको बाह्रौं सम्मेलन (२०५७), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको साँस्कृतिक संगोष्ठी (२०५५), राष्ट्रकवि घिमिरेको सम्मान तथा रथारोहण (२०६०), सु.प.साहित्यिक तथा साँकृतिक सम्मेलन (२०६२), आदि प्रमुख हुन् ।[७४]

'नवरत्न साहित्य संगम' युवा साहित्यकारहरूद्वारा स्थापित साहित्यिक संस्था हो । यसले साहित्यिक गोष्ठी, सभा, पत्रपत्रिकाको प्रकाशन, विभिन्न पुरस्कारद्वारा साहित्यकार सम्मान आदि कार्य गर्दै आएको छ ।

'विद्यार्थी साहित्य प्रतिष्ठान' कैलाली बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूद्वारा स्थापित संस्था हो । यसले पत्रपत्रिका प्रकाशन, साहित्यिक कार्यक्रम संञ्चालन, साहित्यिक पुरस्कार एवम् सम्मान प्रदान गर्ने कार्य गरी साहित्य सेवा गर्दै आएको छ ।

'सु.प. गजलमञ्च' यस क्षेत्रको गजल विधाको उत्थानका लागि गठित संस्था हो । यसले गजल गोष्ठी आयोजना गर्ने, गजल कृतिहरू प्रकाशन गर्ने, गजलप्रधान पत्रिका प्रकाशन गर्ने, गजल साधकलाई राष्ट्रियस्तरको पुरस्कार दिने आदि कार्य गर्दै आएको छ ।[७५]

### ३.८.२ साहित्यिक पुरस्कार

साहित्यिक सङ्घसंस्थाझैं साहित्यिक पुरस्कार पनि यस जिल्लाका साहित्यिक विकासका महत्त्वपूर्ण अङ्ग हुन् । विशेष गरी कैलाली जिल्लाका साहित्यकारहरूलाई सम्मान गरी हौसला प्रदान गर्ने उद्देश्यले विभिन्न पुरस्कार एवम् सम्मानहरू स्थापना गरिएका छन् । ती निम्नलिखित छन् –

---

[७४] सु.प. साहित्य समाजका अध्यक्ष पद्मराज जोशी 'प्रभात' बाट प्राप्त जानकारी अनुसार ।

[७५] सु.प. गजलमञ्चका संस्थापक अध्यक्ष श्रेष्ठ प्रिया पत्थर संगको भेटवर्ता अनुसार (भाद्र २०६५) ।

१. प्रतिभा श्री सम्मान (२०५५)

२. सुदूरपश्चिमाञ्चल साहित्य पुरस्कार (२०५६)

३. विद्यार्थी साहित्य पुरस्कार (२०५६)

४. नवरत्न साहित्यसाधना सम्मान (२०६०)

५. संस्कृति साधना सम्मान (२०६१)

६. पत्थर गजल साधना सम्मान (२०६१)

७. गजल रत्न सम्मान (२०६१)

८. दीनानाथ प्रतिभा पुरस्कार (२०६५)

'प्रतिभा श्री सम्मान' (२०५५) सु.प.साहित्य समाजद्वारा स्थापित कैलाली जिल्लाको प्रथम साहित्यिक पुरस्कार हो । यो पुरस्कार हरेक वर्ष भानु जयन्तीका दिन नगद रू १००१।– (एक हजार एक) सहित दोसल्ला र सम्मान पत्रका साथ साहित्यको सेवा गरेवापत दिइन्छ । हालसम्म प्रतिभा श्री सम्मानद्वारा सम्मनित हुने साहित्यकारहरू यस प्रकार छन्- पूर्णानन्द भट्ट, (२०५५) मनिराज जोशी (२०५६), महादेव भट्ट (२०५७), श्रेष्ठ प्रिया पत्थर (२०५८), मानबहादुर सिंह पहाडी (२०५९), भक्तबहादुर खड्का (२०६०) यज्ञराज यात्री (२०६२), नरराज गिरी (२०६३), हर्ष प्रसाद भट्ट (२०६४) ।

'सुदूरपश्चिमाञ्चल साहित्य पुरस्कार' (२०५६) सु.प. साहित्य समाजद्वारा स्थापित कैलाली जिल्लाको सबैभन्दा ठूलो पुरस्कार हो । यस पुरस्कारको राशी रू १०,००१।– (दशहजार एक) रहेको छ भने यसका साथै दोसल्ला र सम्मानपत्र पनि प्रदान गरिन्छ । सु.प.मा रहेर वा बाहिर बसेर यस क्षेत्रको साहित्यिक श्रीवृद्धि गर्ने स्रष्टालाई यो पुरस्कार हरेक वर्ष दिइन्छ । हालसम्म यो पुरस्कार पाउने स्रष्टाहरू पूर्णानन्द भट्ट (२०५६), पूर्णप्रकाश नेपाल (२०५७), वासुदेव भाइसाव (२०५८), आत्माराम ओझा (२०५९), नृपबहादुर स्वाँर (२०६०), निर्मलकुमार भण्डारी (२०६१), आर.डी. प्रकाश चटौत (२०६२), मनिराज जोशी (२०६३) र महादेव भट्ट (२०६४) छन् ।[७६]

'विद्यार्थी साहित्य पुरस्कार' (२०५६) विद्यार्थी साहित्य प्रतिष्ठानद्वारा हरेक वर्ष प्रदान गरिने पुरस्कार हो । यसको राशी रु १११११।– (एक हजार एक सय एघाह्र) एवम् दोसल्ला र सम्मानपत्र रहेको छ । निर्मलकुमार भण्डारी (२०५६), नृपबहादुर स्वाँर (२०५७), भालचन्द्र भण्डारी (२०५८),

---

[७६] सु.प. साहित्य समाजका संस्थापक अध्यक्ष यज्ञराज 'यात्री' बाट प्राप्त जानकारी अनुसार (२०६५) भाद्र ।

देवकान्त पन्त (२०५९, मरोणोपरान्त), टी.एन.जोशी 'किशोर' र कल्याण ओभा (२०६० संयुक्त रूपमा) र बाशुदेव पाण्डेय (२०६१) ले पाएका छन् ।

'अभिनन्दन सम्मान' (२०५९) सु.प. गजल मञ्चद्वारा हरेक वर्ष दिइने सम्मान हो । यो सम्मानमा गजल विधामा विशिष्ठ योगदान दिने गजलकारलाई दोसल्ला र सम्मानपत्र दिइन्छ । हालसम्म यो सम्मान पाउने साहित्यकारहरू ज्ञानुवाकर पौडेल (२०६०), डा. घनश्याम 'परिश्रमी' (२०६०), वुँद राना (२०६१), ललिजन रावल (२०६२), गोविन्दराज विनोदी (२०६४), वियोगी बुढाथोकी (२०६५) र श्रेष्ठ प्रिया पत्थर (२०६५) रहेका छन् ।[७७]

नवरत्न साहित्य संगमले पनि हरेक वर्ष २०६० सालदेखि एकजना बृद्ध र एकजना युवा साहित्यकारलाई 'नवरत्न साहित्य साधना सम्मान' द्वारा सम्मनित गर्दै आइरहेको छ । यस सम्मानबाट सम्मानित हुने स्रष्टाहरू दीनानाथ भट्ट र रामलाल जोशी (२०६०), माया

मिनु न्यौपाने र खगेन्द्र गिरी कोपिला (२०६१), कृष्ण पनेरु वञ्चित र मनिराज जोशी (२०६२), यज्ञराज यात्री र मेघनाथ खनाल (२०६३) र रामनाथ अधिकारी र हेमन्ती जोशी (२०६४) रहेका छन् ।

'गजल रत्न उपाधी सम्मान' (२०६१) सु.प गजलमञ्चद्वारा स्थापित प्रत्येक वर्ष एकजना गजलकारलाई दिने पुरस्कार हो । यो पुरस्कारमा रू ११११।– (एक हजार एक सय एघार) सहित दोसल्ला र प्रमाणपत्र दिइन्छ । हालसम्म यस पुरस्कारबाट सम्मानित हुने साहित्यकारहरू दिव्य सागर साउँद (२०६१), प्रकाश गिरी 'निच्छल' (२०६२), देवी पन्थी (२०६३), अशोक बोहरा 'असीम पीडा' (२०६४) र उज्जवल जी.सी (२०६५) रहेका छन् ।

'पत्थर गजल साधना सम्मान' २०६१ सालमा 'गजल साधना सम्मान' का नाममा श्रेष्ठ प्रिया पत्थरद्वारा स्थापित र सु.प.गजल मञ्चद्वारा सञ्चालित वर्षभरिका उत्कृष्ट गजल सङ्ग्रहलाई प्रदान गरिने पुरस्कार हो । स्थापना कालमा पुरस्कारको राशी रू ३००१।– (तीन हजार एक) भए पनि वर्तमानमा रू ५००१।– (पाँच हजार एक) पुऱ्याइएको छ भने साथमा दोसल्ला र प्रमाणपत्र पनि दिइन्छ । हालसम्म यो पुरस्कार पाउने स्रष्टा र कृतिहरू दीर्घराज 'अनुराग' को 'उनैको यादमा' (२०६१), रामप्रसाद साहको 'अश्रुपुरित आँखाहरू'

[७७] टोपेन्द्र शाह 'रसिक' वाट प्राप्त जानकारी अनुसार (२०६५, भाद्र) ।

(२०६२), दीपक 'समीप' को 'भूगोलभित्र नकोरिएको देश' (२०६३), पुष्प अधिकारी 'अञ्जली' को 'स्वप्निल नयन' (२०६४), धनराज गिरीको 'ढल्दैन स्वाभिमान कसै गरे पनि' (२०६५) रहेका छन् ।

नेपाली भाषाको भाषिका एवम् नेपालीइतरका भाषामा गजल सङ्ग्रह प्रकाशित गर्ने गजलकारहरूलाई 'गजल मञ्चले गजल विधाका लागि भाषागत सम्मान' ले सम्मानित गर्ने गरेको छ । हालसम्म यस सम्मानद्वारा सम्मानित हुने साहित्यकार र गजल सङ्ग्रहहरू वीरबहादुर चन्द, 'चौपातोरे मान्स' (२०६३) डोटेली भाषाको प्रथम गजल सङ्ग्रह र लक्की चौधरीका 'सहीदान' ( २०६४) थारू भाषाको गजल सङ्ग्रह रहेका छन् ।

यसका अतिरिक्त विभिन्न अवसरमा गरिने प्रतियोगितात्मक साहित्यिक कार्यक्रम, कविता एवं गजल गोष्ठी, आदिका अवसरमा पनि साहित्यकारहरूलाई सम्मानित गर्ने गरेको पाइन्छ ।

## ३.९ निष्कर्ष

कैलाली जिल्लाको समग्र साहित्यिक सर्वेक्षण गर्दा यहाँको साहित्यिक पृष्ठभूमि, परम्परा र विकास बारे जानकारी हुन्छ । कैलाली जिल्लाको साहित्यिक पृष्ठभूमि यहाँको लोकसाहित्य हो । कैलाली जिल्लामा लिखित साहित्यको विकास पूर्व लोकसाहित्यको विकास भएको पाइन्छ । यसैका आधारमा शनैः शनैः लिखित साहित्यको विकास भएको हो । यहाँका लोकगीत, लोककथा, उखान टुक्का आदिमा कैलाली जिल्लाका जनजीवनका विविधपक्षहरू समेटिएका छन् । लोक साहित्यका माध्यामबाट यहाँका मानिसहरू आफ्ना जीवनका अनुभव र अनुभूति जीवन भोगाइका दुःख-सुख पीडा वेदना पोख्ने गर्दछन् । कैलाली बासीहरूले मेलापात गर्दा, खेतबारीमा काम गर्दा, चाडपर्व, विवाह आदि संस्कार आदिकाबेला लोक भाखाहरू सुसेलेको पाइन्छ । लोक साहित्यले लिखितसाहित्यलाई अघि बढाउन मद्दत गरेको छ । यहाँका साहित्यकारका कृतिका विषयवस्तु र कविताको लय चेतमा लोकसाहित्यको प्रभाव पाइन्छ । यहाँका लिखितसाहित्यको विकास नेपाली साहित्यको माध्यामिक कालबाट भएको हो । अहिलेसम्मको खोजअनुसन्धानका आधारमा लिखित साहित्यको आरम्भ पहलमानसिंह स्वाँरबाट भएको हो । पहलमानसिंह स्वाँर नै कैलाली जिल्लाको लिखित साहित्यका आरम्भकर्ता हुन् । उनी कैलालीका मात्र साहित्यकार नभएर सिङ्गो नेपाली साहित्यमा सुपरिचित साहित्यकार एवम् नेपाली नाट्य क्षेत्रका प्रथम दुःखान्त नाटककार हुन् । उनी पछि कैलालीमा थुप्रै साहित्यकारहरू देखा परिसकेका छन् । वर्तमानसम्म देखा परेका प्रमुख साहित्यकारहरू खडकबहादुर सिंह, देवकान्त पन्त, नृपबहादुर स्वाँर, रामचन्द्र जोशी, एकराज भट्ट, यज्ञराज जोशी 'यात्री', भालचन्द्र भण्डारी, करवीर शाह, मनिराज जोशी, पद्मराज जोशी, निर्मलकुमार भण्डारी, श्रेष्ठ प्रिया 'पत्थर', हेमन्ती जोशी मेघनाथ बन्धु, पुष्करराज भट्ट, रामलाल

जोशी, वाशुदेव पाण्डेय, टी.एन जोशी 'किशोर', लक्की चौधरी, तपराज विनाडी, शिवराज योगी, टोपेन्द्र शाह, अशोक बोहरा, दिव्यसागर साउँद, ऋचा लुइटेल, सुभाषचन्द्र भण्डारी, जयराज ओझा, दीर्घराग 'अनुराग', जनक रसिक, मिलन थापा, आदि हुन् । कैलालीका साहित्यकारहरूले कथा, कविता, गजल, उपन्यास, नाटक आदि विधा क्षेत्रमा कलम चलाएका छन् । वर्तमान सम्मको स्थितिलाई हेर्दा सवैभन्दा बढी लेखिएको विधा कविता विधा हो । अन्य विधाका तुलनामा संख्यात्मक र गुणात्मक रूपमा कविता विधा राम्रोसँग विकसित भएको पाइन्छ । सु.प. साहित्य समाज, सु.प. गजल मञ्च, नवरत्न साहित्य सङगम, कैलाली जनपुस्तकालय आदि यस जिल्लाका प्रमुख साहित्यिक सङ्घसंस्था हुन् । यिनीहरूले साहित्यिक पत्रपत्रिकाको प्रकाशन, पुरस्कारको स्थापना, साहित्यिक कार्यक्रमको आयोजना, विभिन्न साहित्यकारहरूका कृतिहरूको प्रकाश आदि कार्य गरी कैलालीको साहित्योथानमा योगदान दिएका छन् । 'सु.प. साहित्य पुरस्कार', 'पत्थर गजल साधना सम्मान', 'प्रतिभा श्री सम्मान', 'नवरत्न साहित्य साधना सम्मान' आदि कैलालीका प्रमुख साहित्यिक पुरस्कार एवं सम्मान हुन् । यी पुरस्कारहरूले कैलाली एवम् सम्पूर्ण नेपाली साहित्यका स्रष्टाहरूलाई सम्मान गर्दै उनीहरूको साहित्य सिर्जनशीलतामा हौसला प्रदान गरेका र उनीहरूको उचित मूल्याङ्कन समेत गरेका छन् । कैलाली जिल्लाको प्रथम साहित्यिक पत्रिका **मालिका** हो । यसका अतिरिक्त 'सुरभि', 'सौरभ', 'गजल प्रवाह', 'युगपुकार', 'मन्दाकिनी', 'नवरत्न', 'कोपिला', 'भूकम्प', 'अंकुर' आदि प्रमुख साहित्यिक पत्रिका हुन् । यी पत्रपत्रिकाहरूले कैलाली जिल्लाका साहित्यकारहरूका रचना प्रकाशन गरी यहाँको साहित्यको विकासमा टेवा पुऱ्याएका छन् । समग्रमा भन्दा कैलाली जिल्लाको साहित्यिक परम्परा यहाँका मुख्य एवं गौण सबै साहित्यकारहरूको समष्टि रूप हो । सबै साहित्यकार एवं साहित्यप्रेमिहरूको यहाँको साहित्यपरम्परालाई जीवन्त बनाउन ठूलो योगदान छ । कैलाली जिल्लाको साहित्य वर्तमान अवस्थामा आइपुग्न लोकसाहित्य, अभिलेख, लिखित साहित्य हुँदै अघि बढेको पाइन्छ जुन विभिन्न चरण उपचरण पार गर्दै अघि बढिरहेको छ ।

# चौथो-परिच्छेद

# कैलाली जिल्लाका प्रतिनिधि साहित्यकारहरूको कृतिगत सङ्क्षिप्त अध्ययन

## ४.१ पृष्ठभूमि

कैलाली जिल्लामा लिखितसाहित्यको सुरूवात पहलमानसिंह स्वाारबाट भएको हो । २००७ सालको परिवर्तन पछि जनतामा भएको चेतनावृद्धि शैक्षिक चहलपहल आदिले यस जिल्लाको साहित्यिक विकासमा ठूलो मद्दत पुऱ्याएको छ। औलो उल्मूलनपश्चात यस जिल्लामा भएको विकास निर्माणले गर्दा देशका विभिन्न क्षेत्रबाट बसाइ–सराइ सर्ने क्रमसागै भएको पत्रपत्रिकाको प्रकाशन, साहित्यिक सङ्घसंस्थाको स्थापना, पुस्तकालयको स्थापनाले गर्दा यस जिल्लाको साहित्यिक गतिविधि अगि बढेको हो । यस जिल्लाका साहित्यकारहरू कोही यही जन्मेर साहित्य सिर्जनामा लागेका छन् भने कोही देशका विभिन्न भागबाट स्थायी रूपमा बसाइ सराइ गरी यहाा आएर साहित्य साधनारत छन् । तिनीहरूले आआ˜नो क्षेत्रबाट साहित्योत्थानमा ठूलो योगदान दिएका छन् । विगतदेखि वर्तमानसम्म कैलाली जिल्लामा दर्जनौं साहित्यकारहरू देखापरिसकेका छन् । यस अध्यायमा कैलाली जिल्लाका महत्त्वपूर्ण र प्रतिनिधि साहित्यकारहरूको कृतिगत

संक्षिप्त अध्ययन गरिने **छ** । यसरी अध्ययन गर्दा उमेरगत ज्येष्ठतालाई आधार मानी साहित्यकार र तिनका कृतिको सर्ंक्षिप्त अध्ययन गरिएको **छ** ।

### ४.२ पहलमानसिंह स्वाँर (१९३५-१९९१)

पहलमानसिंह स्वाँरको जन्म विक्रम सम्वत् १९३५ सालमा अछामको रिडीकोट भन्ने ठाउँमा भएको हो । यिनी माध्यमिककालीन नेपाली साहित्यका सशक्त साहित्यकार हुन् । यिनी सम्पन्न परिवारमा जन्मेपनि यिनको जीवन कष्टपूर्वक बित्यो । यिनले साहित्यिक र साहित्येत्तर गरी सोह्र कृतिहरू लेखेको जानकारी पाइन्छ ।[७८] यिनका अटलबहादुर (१९६२), अभिज्ञान शाकुन्तल (२०१६), विमलादेवी (२०३२), लागुभागा

(२०३३) विष्णुमाया (२०३३) नाट्यकृति प्रकाशित भएका छन् । यिनी प्रथम दुःखान्त नेपाली नाटककार हुन् । **अटलबहादुर** यिनको प्रथम र नेपाली साहित्यको प्रथम नाट्यकृति हो । यिनको देहान्त वि.सं १९९१ सालमा कैलालीको पहलमानपुरको आमाबासामा भएको हो ।[७९]

### ४.२.१ अटलबहादुर (१९६२) नाटकको अध्ययन

**अटलबहादुर** पहलमान सिंह स्वाँरद्वारा वि.स. १९५६ देखि वि.स. १९६० का बीचमा लेखिएको, १९६२ सालमा बनारसबाट प्रकाशित, १९६४/६५ तिर दार्जीलिङमा मञ्चीत नाटक हो ।[८०] यस नाटकमार्फत् उनले 'वियोगान्तम् न नाटकम्' भन्ने पूर्वीय नाट्य मान्यतालाई चुनौती दिंदै पाश्चात्य वियोगान्त नाट्य मान्यतालाई सर्वप्रथम नेपाली नाट्यपरम्परामा भित्र्याएका छन् ।

**अटलबहादुर** नाटकमा तीन अङ्क र पहिलो, दोस्रो, तेस्रो अङ्कमा क्रमशः चार, छ र सात दृश्यहरू छन् । यो वीररस प्रधान सामाजिक नाटक हो । **अटलबहादुर** नाटकको कथावस्तु पश्चिम नेपालको दानकोट राज्यसँग सम्बन्धित छ । दानकोट राज्यका राजा राजबहादुरलाई उनका कान्छी रानी र भाइ मिलेर विष खुवाउँछन् । यस कार्यमा सेनापति गुलाबसिंह तथा राम पाँडे र साम पाँडेको समेत मिलेमतो हुन्छ । यो कुरा मर्ने बेला राजाले आफ्ना विश्वासपात्र वृद्ध मन्त्रीलाई भन्दछन् । जेठी रानीपट्टिका एक मात्र राजकुमार अटलबहादुरलाई यस घटनासँग सम्बन्धित अर्तीपत्र नौ महिनापछि एक्लै सुटुक्क खोल्ने शर्तमा दिएका हुन्छन् । व्यभिचारिणी कान्छी रानी राजा मरेपछि

---

[७८] भीमसेन राई, **नेपाली साहित्यको विकास प्रक्रियामा पहलमान सिंह स्वाँर को व्यक्तित्व कृतित्व र योगदानको विश्लेषण**, अप्रकाशित शोधपत्र नेपाली केन्दीय विभाग, त्रि.वि., कीर्तिपुर २०३२, पष्ठ- ११ ।

[२] भीमसेन राई, ऐजन, पष्ठ- ११ ।

[३] सम्पादक घटराज भट्टराई, **नेपाली स्नातकोत्तर समालोचना** (काठमाडौं पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर २०५९) पृष्ठ, १८१ ।

आफ्ना देवर अमरबहादुरसँग पोइल जान्छिन् । राजाभएपछि अमरबहादुरले आफू मनपरी तरिकाले राज्य सञ्चालन गर्दछन् । राज्यमा खोलिएका विद्यालय बन्द गर्छन्; बाटाघाटा भत्काउँछन् । राम्रो काम गर्नेलाई दण्ड र खराब काम गर्नेलाई पुरस्कृत गर्दछन् । आफ्ना सहयोगीलाई उच्च ओहदामा पुऱ्याउँछन् । वृद्ध मन्त्रीलाई जेल चलान गरिन्छ । उनी जेलमुक्त भएर राजाको समाधीस्थल गएर बस्दछन् । केही समयपछि राजाको प्रेतात्माले आकाशवाणीमार्फत् अटलबहादुरलाई समाधिस्थल गएर वृद्ध मन्त्रीलाई भेट्न सल्लाह दिन्छ । वृद्ध मन्त्रीले  अटलबहादुरलाई उनका काका र कान्छीआमाले राजालाई विष खुवाएर मारेको घटनाको जानकारी दिन्छ । ठीक त्यसैबेला कान्छी रानी र अमरबहादुरले अटलबहादुरले आफूहरू बीचको अनैतिक सम्बन्ध थाहा नपावस भनी अटलबहादुरलाई सिलगढी पठाउने विचार गर्छन् । अटलबहादुरको प्रेम कान्छी रानीको भाइकी छोरी कमलनयनीसँग हुन्छ । उसले प्रेम प्रसङ्गका क्रममा अटलबहादुरसँग अर्तीपत्र मागी आफू राखेकी हुन्छे । कमलनयनीसँग अर्तीपत्र मागी अटलबहादुर चार सय सैनिक साथ लिएर वृद्ध मन्त्री भएको ठाउँमा जान्छ । विष खुवाएर राजा मारेको घटना सिपाहीले समेत थाहा पाउँछन् । भोलिपल्ट वृद्धमन्त्री र अटलबहादुर सिपाहीहरूसहित दरबारमा फर्की गुलाबसिँह, राम पाँडे, साम पाँडेसहित राजा अमरबहादुर र कान्छी रानीलाई मार्दछन् । अचानक गोली लागि कमलनयनी र अटलबहादुरको समेत दुःखद निधन
हुन्छ । यहीं नाटकको अन्त्य हुन्छ ।

**अटलबहादुर** नाटकका प्रमुख पात्रहरू वृद्ध राजा राजबहादुर, राजाका भाइ अमरबहादुर, जेठी रानीपट्टिका राजकुमार अटलबहादुर, कान्छी रानी, वृद्धमन्त्री, सेनापति गुलाबसिंह, सामपाँडे, रामपाँडे आदि हुन् । यसका अतिरिक्त थुप्रै अन्य गौणपात्रहरू पनि
छन् । राजा राजबहादुर बूढा र रोगी हुन् । उनी कान्छीरानी र भाइको षड्यन्त्रमा परी ज्यान गुमाउन पुग्छन् । उनी पुरुष, सत्, मञ्चीय, गतिहीन, वृद्ध पात्र हुन् । अटलबहादुर सोह्र-सत्र वर्ष उमेर पुगेका युवराज हुन् । उनी राजबहादुरकी जेठीरानीपट्टिका एक मात्र सन्तान हुन् । उनी पुरुष, गतिशील, मञ्चीय, सत्पात्र हुन् । कमलनयनी युवराज अटलबहादुरकी प्रेमिका हुन् । उनी स्त्री, सत्, मञ्चीय हुन् । वृद्धमन्त्री कर्तव्यपरायण, राजभक्त व्यक्ति हुन् । उनी सत् मञ्चीय वृद्ध, पुरुष, गतिशील पात्र हुन् । गुलाबसिंह सेनापति हो । ऊ असल, मञ्चीय, पुरुष, सहायक पात्रका रूपमा उपस्थित छ । कान्छी रानी छलकपट, व्यभिचारी, कठोरता, शौर्य आदि नारीसुलभ विकृत गुण भएकी

नारी पात्र हुन् ।[८१] उनी असत्, मञ्चीय, गतिशील प्रमुख पात्र हुन् । अमरबहादुर राजा राजबहादुरको भाइ हो । ऊ विधुर छ । ऊ व्यभिचारी, छलकपटपूर्ण भावना भएको, निर्दयी भाइमारा पात्रका रूपमा आएको छ । ऊ बद्ध, असत्, पुरुष मञ्चीय, पात्र हो । यस नाटकमा कुनै पनि पात्रहरू नायक र नायिकाको भूमिका निर्वाह गर्ने गरी प्रयोग भएका छैनन् । समालोचक डा. कुमारबहादुर जोशीले कान्छी रानी र अमरबहादुरलाई नायक र नायिका तथा अटलबहादुर र कमलनयनीलाई उपनायक र उपनायिका मानेका छन् ।[८२] यस नाटकका पात्रहरूमा चन्द्रशमशेरकालीन राणाहरूको प्रति छाया बनेर आएका छन् ।

**अटलबहादुर** नाटकमा बाह्य द्वन्द्वको प्रयोग गरिएको छ । नाटकका सत् र असत् पात्रहरूका बीचको सत्कर्म र असत्कर्मको बीचको द्वन्द्व र सङ्घर्ष क्रमिक रूपमा विकसित हुँदै गएर अन्त्यमा युद्ध, हत्या र सर्वनाशमा नाटक टुङ्गिएको छ ।

पूर्वीय र रसविधानका दृष्टिले हेर्दा यस नाटकमा करुण, शृङ्गार, वीर र हाँस्यरसको समायोजन गरिएको छ । विदूषक जादुभक्तका क्रियाकलापमा हास्य रस, कमलनयनी र अटलबहादुर तथा अमरबहादुर र कान्छीरानीका प्रेममा शृङ्गार, वीरतापूर्ण आक्रमण र लडाइँमा वीर रस अनि सर्वनाशमा करुण रस निष्पन्न भएको छ । यस नाटकमा रसको पूर्ण परिपाक भने भएको छैन । नाटक पाश्चात्य दुःखान्त नाट्यमान्यताअनुरूप लेखिएको भए पनि त्रासदी नाट्यानुरूप छैन ।

**अटलबहादुर** नाटकमा पश्चिम नेपालको दानकोट राज्य र त्यहाँका शासकहरू एवम् तिनको शासन प्रणालीको जेजस्तो चित्र उतारिएको छ, त्यसमा तत्कालीन राणाशासनको नग्न नाच र पाशविक दृश्यको छाया देख्न सकिन्छ । यस नाटकमा नेपाली समाजअनुरूप संस्कार, पारिवारिक र सामाजिक पृष्ठभूमि, राज्य व्यवस्था परिवेशको रूपमा आएको छ ।

**अटलबहादुर** नाटकमा प्रयुक्त भाषाशैली सरल छ । यस नाटकमा शुद्ध नेपाली भाषाको प्रयोग नभई आञ्चलिक भाषिकाको प्रभाव परेको छ । नाटकका बीच-बीचमा दोहा, चौपाई, गजलको प्रयोग गरिएको छ ।

**अटलबहादुर नाटक प्रथम दुःखान्त नेपाली नाटक हो । यो माध्यमिककालीन नाट्यपरम्पराको उत्कृष्ट नाटक हो । नेपाली नाट्य परम्परामा दुःखान्त नाटकको सुरुवात गर्नु, ध्वन्यात्मक तहमा चन्द्रशमशेरकालीन नेपाली समाज र राजनीतिको झल्को दिनु आदि यस नाटकका सबल पक्ष हुन् भने दुःखान्तको पूर्ण परिपालन हुन नसक्नु, अङ्ग्रेजी नाटक ...ह्यामलेटÚ को प्रभाव पाइनु, नाटकलाई अगि बढाउन आकाशवाणीको प्रयोग गरिनु आदि दुर्बल पक्ष हुन् ।**

---

[८१] घटराज भट्टराई, संम्पा. पूर्ववत् पृष्ठ १८६ ।

[८२] ऐजन पृष्ठ, १८५-१८७ ।

### ४.२.२ विमलादेवी (१९७६) नाटकको अध्ययन

**विमलादेवी** (१९७६) सालमा लेखिएका र (२०३२) सालमा प्रकाशित एतिहासिक नाटक हो । यस नाटकमा जम्मा तीन अङ्क छन् । पहिलो र दोस्रो अङ्कमा सात-सात दृश्य छन्, भने तेस्रो अङ्कमा एघार दृश्य छन् । यसरी यस नाटकमा जम्मा २५ दृश्यहरू छन् । यस नाटकको कथावस्तु गुजराती इतिहासमा आधारित छ ।

**विमलादेवी** नाटकको कथासार यस प्रकार छ - प्रजाप्रेमी गुजरात नरेश जयशिखर महारानी रूपसुन्दरीका साथ गुजरातको राजधानी पंचासमा बसेर राज्य गरिरहेका हुन्छन् । उनकी विवाहयोग्य उमेरकी एउटी बहिनी छिन् - विमलादेवी, जसको विवाह क्षेत्रियोचित साहस र शूरताले युक्त मुल्तानका राजकुमार सुरपालसँग सम्पन्न हुन्छ । राजा जयशिखरको उन्नति र कीर्तिको कुरा सुनेर दक्षिण कल्याणी नगरीको ईर्श्यालु राजा र भुवड राज्यमाथि आक्रमण गर्छ । पहिलोपल्ट पराजित भुवड सैनिक सुदृढीकरण गरेर आखिरमा गुजरात राज्यलाई जित्न सफल हुन्छ । स्वदेश र स्वाभिमानको रक्षाका लागि शत्रुसँग लड्दा राजा जयशिखर र उनका वीर सेनानीहरू युद्धभूमिमा वीरगति प्राप्त गर्दछन् । राजा भुवडको छोराले राजकुमारी विमलादेवीको अपहरण गर्छ । विमलादेवी आफ्नो चारित्रिक दृढताको परिचय दिन्छिन् र आफ्ना पति सुरपालको मृत्यु सुन्नासाथ आत्मदाह गरेर सती बन्ने तयारी गदर्छिन । आफ्नी अर्धाङ्गिनी प्राण विसर्जनको तयारी गर्दछिन् भन्ने कुरा भील्लहरूबाट थाहापाएर भील्लहरूका सहायताले राजकुमार सुरपाल उनको प्राण रक्षा गर्न सफल हुन्छन् । अन्त्यमा रानी रूपसुन्दरी र भावी आशाका प्रतीक बालक राजकुमारसँग विमलादेवी र उनका पति तथा गुरु पुरोहित आदिको भेट हुन्छ । राजकुमारलाई भविष्यमा गुजरातका राजा बन्ने आशिष दिन्छन् ।

**विमलादेवी** नाटकको परिवेश भारतको गुजरात राज्यके हो । त्यसबेलाको चालचलन रीतिथिति, लडाईंको वातावरण, गुजरातीहरूको वेषभुषा आदि परिवेशका रूपमा आएका छन् ।

राजा जयशिखर, रानी रूपसुन्दरी, विमलादेवी, राजकुमार सुरपाल आदि यस नाटकका प्रमुख पात्रहरू हुन् । विमलादेवी यस नाटककी नायिका हुन् । उनी आदर्श प्रेमिका र पत्नीका रूपमा आएकी छिन् । उनी पतिपरायणा हिन्दू नारी हुन् ।

नाटकमा स्वभाविक रूपमा गद्यको प्रयोग भएको छ । सम्वाद छोटा छोटा छन् । यस नाटकमा ठूला राजा र सानाराजा (सामन्त) का बीचमा प्रयोग हुने भाषाको प्रयोग पाइन्छ । भाषागत रूपमा कर्ता क्रियाको सङ्गति मिलेको पाइदैन । कतिपय ठाउँमा विभक्तिको प्रयोग पनि उचित ढंङ्गले गरेको पाइदैन । ठाउँठाउँमा पद्यको समेत प्रयोग पाइन्छ ।

**विमलादेवी** नाटकमा सीमित स्वार्थ र आदर्शका बीचमा द्वन्द्व पाइन्छ । राजा जयशिखरले उच्च आदर्शको प्रतिनिधित्व गरेका छन् भने राजा भुवड सीमित स्वार्थका पक्षमा देखिन्छन् । पहिले

भुवडको स्वार्थी प्रवृत्तिले जिते पनि अन्तत्वगत्वा राजा जयशिखर पक्षको जित भएको छ । यसरी यस नाटकमा प्रयोग भएको द्वन्द्व वाह्य द्वन्द्व हो । यस नाटकले देखाउन खोजेको कुरा आदर्शको जहिले पनि जित हुन्छ भन्ने हो ।

### ४.२.३ निष्कर्ष

पहलमानसिंह स्वाँ र बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्व हुन् । उनले साहित्य र सहित्येत्तर कृतिको रचना गरेका छन् । यिनी मूलत: नाटककार हुन् । उनी माध्यमिक र आधुनिक नाटकका सेतु हुन् । उनले नेपाली नाटकलाई माध्यमिककालबाट आधुनिक कालतर्फ डोऱ्याउने चेष्टा गरे पनि माध्यमिककालीन् प्रवृत्तिबाट पूर्णत: उन्मुक्ति पाउन सकेका छैनन् । नेपाली नाट्य क्षेत्रमा दु:खान्त नाट्यपरम्पराको आरम्भ गर्नु उनको महत्त्वपूर्ण योगदान हो । नेपाली नाटकका क्षेत्रमा गुणात्मक एवम् संख्यात्मक योगदान पुऱ्याएकाले उनी अमर बनेका छन् ।

## ४.३ नृपबहादुर स्वाँर (१९८३-२०६२)

राजनीति र साहित्यमा समान रूपले सक्रिय रहने थुप्रै व्यक्तित्वहरूमध्ये नृपबहादुर स्वाँर पनि एक हुन् । उनको जन्म अछामको प्रतिष्ठित स्वाँर परिवारमा वि.सं.१९८३ मा भएको हो । राजनीति र समाजसेवाका क्षेत्रमा बढी सक्रिय रहेका नृपबहादुर स्वाँर जीवनको उत्तरार्द्ध चरणतिर साहित्य सिर्जनातर्फ बढी सक्रिय देखिन्छन् । यिनका विविध विधाका कृतिहरू प्रकाशित छन् । यिनका प्रकाशित कृतिहरू सेतीको मन्दिर
(२०४२) कवितासङ्ग्रह, गोठाले ठिटो (२०५१) खण्डकाव्य, स्वाँरको चिनारी (२०४९) वंशावली, कुसुमी (२०५४) उपन्यास, चिनो (२०५६) उपन्यास, कथा-व्यथा (२०५९) उपन्यास तथा देशभित्र-देशबाहिर (२०६०) यात्रा संस्मरण आदि हुन् । उनलाई साहित्यको सेवा गरेबापत सु.प. साहित्य पुरस्कार (२०६०), विद्यार्थी साहित्य पुरस्कार
(२०५७) आदि सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । यिनको देहान्त वि.स. २०६२ सालमा भएको हो ।

### ४.३.१ कथा-व्यथा (२०५९) उपन्यासको अध्ययन

**कथा-व्यथा** नृपबहादुर स्वाँरको प्रकाशनका दृष्टिले तेस्रो अर्थात् अन्तिम उपन्यास हो । **कथा-व्यथा** को संक्षिप्त कथासार यस प्रकार छ- कान्छी काठमाडौंको व्यापारी गोपालदासको घरमा शरण लिएर बसेकी छे । त्यही घरमा पश्चिम नेपालको कर्णाली प्रदेशबाट हाइस्कुल पढ्न आएको विद्यार्थी अमर पनि बसेको छ । कान्छी छोराको हराएको पीडा, पतिमृत्युको चोट व्यथा सहेर बसेकी छे । ऊ अमरलाई आफ्नो छोरा झैं व्यवहार गर्छे । तर एकअर्काका बारेमा पूर्ण जानकारी प्राप्त गरेका हुँदैनन् । दुवै एक अर्काका बीचमा परिचित भइसकेपछि कान्छी आफ्ना जीवनका घटना-परिघटना अमरलाई सुनाउँछे । घरबेटी साहू गोपालदासका बारे पनि अमरलाई कुराहरू सुनाउँछे । गोपालदास बुढो र रोगी भएपछि आफ्नो कुरुङ्गको व्यापारलाई छोराको जिम्मा लगाएर काठमाडौं असन आएर बस्छ । उता छोराले त्यहाँ भोटेनी विवाह गर्छ । उनीहरूको एकमात्र छोरो, जेठी बुहारीलाई छोडी भोटमा गएर बसेकोमा गोपालदास र उसकी पत्नी चिन्तित हुन्छन् । ठीक

त्यसैबेला भारत स्वतन्त्र हुन्छ र नेपालमा पनि प्रजातन्त्रका लागि आन्दोलन सुरु हुन्छ । अमरको साथी शिशिर राजनीतिमा लागेर पर्चा छपाउने र वितरण गर्ने कार्य गर्छ । शिशिरलाई अमरले एउटा उपन्यासको पाण्डुलिपि तयार पार्न भन्छ । शिशिर पाण्डुलिपि लिएर आउँछ । अमर आफू साहित्यमार्फत् जनचेतना फैलाउने कुरा गर्छ । पाण्डुलिपिको शीर्षक **कथा-व्यथा** राखिएको हुन्छ । काठमाडौं टुँडीखेलमा भएको घोडेजात्रा र ठूली गौरीको आगमनबाट उक्त पाण्डुलिपि उपन्यासको कथा सुरु भएको छ । बेलगाउँका मानिसहरू दाउरा बेचेर जीवन यापन गर्छन् । गौरीको बुवा बूढो भएपछि काममा सघाउन ऊ दाउरा बेच्न थाल्छे । दाउरा फाल्ने बेला गुन्डाको पञ्जाबाट भाग्न सफल हुन्छे । ऊ अनेकौं पीडा र वेदना लिएर घर पुग्छे । घरमा गएर आमाले पकाएर राखेको गुन्द्रुक र ढिंडो खाएर सुत्छे । वनमा गएका बेला रूखबाट खस्छे र काँइला भक्तमानले उसलाई बोकेर घर पुऱ्याइदिन्छ । उनीहरू यस घटनाले एक अर्काका नजिक हुन्छन् । भक्तमानका घरमा अपाङ्ग श्रीमती हुन्छे, जो सन्तानविहीन
छे । ठूली भक्तमानसित पोइल जान्छे र छोरा जन्माउँछे । ऊ भक्तमानको घरमा गएपछि कान्छी बन्न पुग्छे । कान्छीको छोरा इन्डिया गई काम गर्ने क्रममा हत्याको आरोपमा जेलपर्छ । कान्छी काठमाडौं आएर साहूको चाकरी गरेर बस्छ । अमर र आरतीका बीच प्रेमसम्बन्ध हुन्छ । अमर गाउँमा जाँदा शैलेन्द्र र सोभानसँग प्रभावित भई क्रान्तिकारी बन्छ । गाउँमा जनचेतना फैलाउँछ । काठमाडौं फर्केपछि राणाविरोधी आन्दोलनमा सहभागी हुन्छ । अमर र उसका साथी शिशिर, गोपाल, शिलु, आरतीको पिछा पुलिसले गरेपछि पर्चा बाँड्ने कार्य कान्छीले गर्छे । कान्छी पनि राणाशासनको विरुद्धमा लाग्छे । केही समयपछि कान्छीको छोरा जेलमुक्त हुन्छ । देशमा आन्दोलन बढ्नुका साथै राणाहरूको दमन पनि बढ्छ । अन्तमा दिल्ली-सम्झौता भएर आन्दोलन स्थगित हुन्छ । जताततै विजयोत्सव मनाइन्छ । केही समयपछि कान्छी आरतीको हात अमरको हातमा राखेर प्राणत्याग गर्छे । यसरी एउटी पीडित नारीको कथा-व्यथा भन्दै उपन्यास सकिन्छ । यस उपन्यासले तत्कालीन नेपाली समाजको पीडा, वेदनाको कथा भनेकाले उपन्यासको शीर्षक **कथा-व्यथा** सार्थक छ ।

**कथा-व्यथा** उपन्यास मध्यम आकारको उपन्यास हो । यो १३८ पृष्ठमा फैलिएको छ । यसमा छोटा-छोटा २४ भागहरू छन् । कथा वृत्ताकारीय ढाँचामा छ ।

यस उपनयासको परिवेशका रूपमा नेपालभित्र काठमाडौं कर्णाली र भारतको दिल्ली आदि क्षेत्र हुन् । यसै उपन्यासका घटनाहरू २००७ सालको सेरोफेरोमा घटेका छन् । तत्कालीन नेपाली समाजमा व्याप्त सामन्ति संस्कार, सात सालको क्रान्तिले फैलाएको त्रास, डर आदि वातावरणका रूपमा आएको छ ।

**कथा-व्यथा** उपन्यासका प्रमुखपात्र कान्छी, अमर, आरती, शिशिर, गोपाल, आदि
हुन् । अमर र आरती नायक नायिकाका रूपमा आएका छन् । आरती र अमर तत्कालीन शिक्षित युवावर्गका प्रतिनिधि पात्र हुन् । अमर वर्गीय, मञ्चीय, बद्ध, पुरुष सत्पात्र हो । आरती मैया अमरकी प्रेमिका हो । ऊ मञ्चीय, बद्ध, सत्, नारी, वर्गीय समाजकी प्रतिनिधि पात्र हो हो . । ऊ सत, बद्ध गतिशील, नारी, मञ्चीय पात्र शिशिर अमरको साथी हो, ऊ सत्, बद्ध, मञ्चीय र गतिशील पात्र हो । यसका अतिरिक्त प्रहरी, राणाहरू, सामन्त आदि पात्रहरू पनि यस उपन्यासमा छन् ।

**कथा-व्यथा** उपन्यासमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । यस उपन्यासमा छोट्टी, हिजु, गर्खा, जिया आदि स्थानीय भाषिकामा प्रयोग हुने शब्द पनि प्रयोग भएका छन् । उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

उपन्यासमा सामाजिक र ऐतिहासिक विषयवस्तुलाई मिश्रण गरिएको छ । २००७ सालतिरको नेपाली समाजको चित्र उतार्नु उपन्यासको सफल पक्ष हो । अमरमा स्वयम् उपन्यासकारको छाया देखिन्छ । यो उपन्यासमा आदर्शवाद, यथार्थवाद र प्रगतिशील विचारको मिश्रण गरिएको छ ।

### ४.३.२ देशभित्र-देशबाहिर (२०६०) यात्रा-संस्मरणको अध्ययन

**देशभित्र-देशबाहिर** (२०६०) साहित्यकार नृपबहादुर स्वाँरको सबैभन्दा पछिल्लो समयमा प्रकाशित कृति हो । स्वाँरले यस कृतिमा बाल्यकालदेखि प्रौढावस्थासम्म देशभित्र र बाहिर रहँदा देखेका, भोगेका र अनुभव गरेका घटना तथा विषयहरूलाई संस्मरणात्मक रूप दिएका छन् । यस कृतिलाई देशभित्र र देशबाहिर गरी दुई खण्डमा विभाजित गरिएको छ । देशभित्र खण्डअन्तर्गत नृपबहादुरका देशका घटना, विषय तथा प्रसङ्ग अनि तत्सम्बन्धी अनुभव-अनुभूतिहरूलाई 'जलजलेका बासमा', 'साँझमा घरिएको पाहुना द्यौता समान हुन्छ', 'कालीको किनारै किनार', भूस्वर्ग खप्तड', 'कर्णालीको तिरैतिर', 'नापानी पौवामा एकरात', 'मौरेको पुलमाथि नरसिंह गिरीको सम्झना' र 'तेलेको लेकमाथि' आठवटा निबन्धहरू समावेश छन् भने देशबाहिर खण्डअन्तर्गत बाल्यकालमा भोट जाँदा बस्दाको अनुभव र पछि अमेरिकाको भ्रमण गर्दा सँगालेका अनुभव र अनुभूतिलाई 'कुतीको बाटो डिगर्चासम्म', 'आस्था र विश्वासकी देवी दक्षिणकाली', 'सान्फ्रान्सिस्कोदेखि अकल्याण्डसम्म', 'पावेल एक अविस्मरणीय मित्र', 'पेमा परिवारसँगको परिचय', 'ल्हासाबाट पेमा परिवारको पलायन', 'पावेलको चिडियाखाना', 'नयाँ संसारप्रतिको उत्सुकता', 'उजेली पक्षमा रमाएको पावेलको जीवन', 'पाश्चात्य र हिन्दू संस्कृति बीचको विभेद', 'अँधेरी पच्छेमा रुमल्लिएको पावेलको जीवन' र 'प्रशान्त सागरमाथि उडेको मन' गरी बाह्रवटा निबन्धहरू समावेश छन् । यसरी यस सङ्ग्रहमा जम्मा बीस वटा नियात्रा सङ्कलित छन् ।

देशभित्र खण्डअन्तर्गत 'जलजलाको बासमा' 'साँझमा घरिएको पाहुना द्यौता हुन्छ' र देशबाहिर खण्डअन्तर्गत राखिएको 'कुतीको बाटो डिगर्चासम्म' शीर्षक नियात्रामा काठमाडौं दरबार हाईस्कुलमा अध्ययन गर्ने नृपबहादुर स्वाँरले बिदा हुँदा पिताजी कार्यरत रहेको ठाउँसम्म आउँदा-जाँदा सँगालेका बाल्यकालीन सम्झनाहरूलाई संस्मरणात्मक रूप दिएका छन् । 'जलजलेको बाँसमा' निबन्धमा स्वाँरले मिनपचासको छुट्टी मनाउन कुती आफ्नो परिवारलाई भेट्न जाँदाको अनुभव व्यक्त गरेका छन् । 'साँझमा घरिएको पाहुना द्यौता समान हुन्छ' निबन्धमा १९९८ सालतिर काठमाडौंदेखि भोटको केरूङ्सम्मको यात्राको वर्णन छ । 'कालीको किनारैकिनार' निबन्धमा स्वाँरले पञ्चायत नीति तथा जाँचबुझ समितिको सदस्यका हैसियतले २०४१ देखि २०४६ सालसम्म धनगढीबाट महाकाली नदीको तिरैतिर दार्चुलासम्म गरेको यात्राको वर्णन संस्मरणात्मक शैलीमा गरिएको छ । पूर्वदिप्तिका रूपमा लेखकले २००८ सालतिर दार्चुलामा गरेको भ्रमणलाई लिएका छन् । 'भूस्वर्ग खप्तड' निबन्धमा खप्तडको प्राकृतिक रमणीयता, साँस्कृतिक पक्ष र खप्तड बाबाको विलक्षण आध्यात्मिक शक्तिको वर्णन छ । 'कर्णालीको तिरैतिर' शीर्षक निबन्धमा अछामबाट ठूलीगाड हुँदै कर्णालीको

किनारै किनार तराई आइपुगेको अनुभव सँगालिएको छ । त्यस क्रममा भोटेजातिका पीडा, बाध्यता, पेशा र मर्मलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । 'नापानी पौवामा एकरात' निबन्धमा राजनीतिक क्रममा अञ्चल सभामा भाग लिन धनगढीबाट सिलगढी जाँदा नापानी भन्ने ठाउँको पाटीमा बास बसेको अनुभवलाई पोखिएको छ । 'मौरेको पुलमाथि नरसिंह गिरीको सम्झना' निबन्धमा समाजसेवी नरसिंह गिरी र आफूले समाजसेवामा लाग्नु पर्ने कारणका बारेमा उल्लेख गरिएको छ । 'तेलेको लेकमाथि' नियात्रामा तराईमा गर्मी बढेपछि तेलेको बाटो हुँदै अछाम जाँदा गरेको यात्राको सुन्दर प्रस्तुति छ ।

देशबाहिर खण्डअन्तर्गतका 'पावेल एक अविस्मरणीय मित्र', 'पावेलको चिडियाखाना', 'उजेली पच्छेमा रमाएको पावेलको जीवन', 'पाश्चात्य र हिन्दू संस्कृति बीच विभेद', 'अँधेरी पच्छेमा रुमल्लिएको पावेलको जीवन', 'पेमा परिवारसँगको परिचय' तथा 'ल्हासाबाट पेमा परिवारको पलायन' यात्रा संस्मरणहरू एक अर्कासँग अन्तर्सम्बन्धित छन् । ती निबन्धहरूमा निबन्धकारले आफूले विदेशमा बस्दा पावेल परिवार र पेमा परिवारसँगको मित्रताबाट प्राप्त अनुभव र तिनीहरूसँग उठबस गरेका क्षणको स्मरणात्मक शैलीमा प्रस्तुत गरेका छन् । माथि उल्लेखित सुरुका पाँच निबन्धमा सन् १९६८ को सेक्टेम्बरमा अमेरिकामा भ्रमण गर्दा घुमेका ठाउँहरू र भेटेका मानिसहरूलाई विषयवस्तु बनाइएको छ । पूर्वीय तथा पाश्चात्य जगत् सांस्कृतिक, धार्मिक नियम चालचलनले फरक-फरक भए पनि प्राकृतिक वातावरण र मानवीय मूलभूत भावना सबै ठाउँमा एकनास हुने यथार्थतालाई यी निबन्धमा देखाइएको छ । 'आस्था र विश्वासकी देवी दक्षिणकाली' नियात्रामा निबन्धकारको सम्मानमा क्यालिफोर्निया विश्वविद्यालयका प्रोफेसरले आयोजना गरेको रात्रिभोजलाई विषय बनाइएको छ । यो निबन्ध 'सान फ्रान्सिस्कोदेखि अकल्याण्डसम्म' निबन्धको पूर्वपीठिका हो । 'पेमा परिवारसितको परिचय' र 'ल्हासाबाट पेमा परिवारको पलायन' शीर्षकको निबन्धमा चीन सरकारले तिब्बतलाई अधीनस्त गरेपछि त्यहाँका स्थानीयबासीमा परेको दुःख र दलाइ लामाका समर्थकले तिब्बत छाड्नुको कारण उल्लेख गरिएको छ ।

**देशभित्र-देशबाहिर** नियात्रा सङ्ग्रहको भाषाशैली सरल छ । आफूले देखेभोगेका कुरालाई सरल र सहज तरिकाले प्रस्तुत गरिएको छ । भाविक चमत्कार देखाएर पाण्डित्य प्रदर्शन गर्नुभन्दा आफूले अनुभव गरेको जीवन र जगत्प्रतिको धारणालाई वैयक्तिक ढङ्गले अभिव्यक्त गरिएको छ । यस सङ्ग्रहमा लेखकले नेपाली भाषिकाका शब्दहरू (घरिएको, तादी, रानपास, छकालो, टिठाउनु) प्रयोग गरेका छन् । यस सङ्ग्रहमा व्याकरणिक कमी कमजोरीहरू छन् । त्यसै गरी विभिन्न लेखमा उर्दू, हिन्दी र अंग्रेजी भाषाका आगन्तुक शब्दहरू पनि आएका छन् ।

निबन्धकार नृपबहादुर स्वाँरले आफ्ना निबन्धमा विभिन्न भाव र विचारहरू समेटेका छन् । मानवीय जीवनका दु:ख-सु:ख, हाँसो-पीडाको भावमय प्रस्तुति उनका निबन्धमा पाइन्छ । स्वतन्त्रता र आधुनिकताका नाममा छाडा र उच्छृङ्खल जीवन बिताउनुभन्दा आफ्नो धर्म र संस्कृतिका सत् पक्षलाई अँगालेर अगि बढ्नुपर्ने विचार उनका निबन्धमा पाइन्छ । पराधिन शरणार्थी जीवनप्रति पनि उनले सहानुभूति प्रकट गरेका छन् । मत्स्यन्यायको विरोध र मानवताको वकालत पनि उनका निबन्धमा गरिएको छ । उनका सबै निबन्धहरूमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.३.३ निष्कर्ष

नृपबहादुर स्वाँर साहित्य, समाजसेवा र राजनीतिमा समान रूपले सक्रिय व्यक्तित्व हुन् । उनले कविता, निबन्ध र उपन्यास विधामा कलम चलाएका छन् । यिनका साहित्यिक कृतिमा भावना र कल्पनाको मिश्रण पाइन्छ । सुदूपश्चिममा कविता, उपन्यास र कथा विधामा कलम चलाउने साहित्यकार धेरै छन् तर नृपबहादुर स्वाँरले निबन्ध (नियात्रा) विधामा कलम चलाएर प्रशंसनीय कार्य गरेका छन् । उनका कृतिमा प्रयुक्त विषयवस्तुले आञ्चलिकतासमेत झल्काएका छन् । विषयवस्तुको सङ्गठन र भाषिक त्रुटीयुक्त हुनु उनका कृतिको कमजोरीको पक्ष हो । राष्ट्रियस्तरमा आफ्नो वर्चस्व कायम गर्न नसके पनि नृपबहादुर स्वाँर कैलाली जिल्लाका उल्लेख्य साहित्यकार हुन् । पञ्चायती व्यवस्थाको राजनीति गरेका व्यक्ति भए पनि त्यस व्यवस्थाको गुणगान नगाई साहित्य लेखी स्वतन्त्र रूपमा साहित्य सिर्जना गर्नु उनको सकारात्मक पक्ष हो ।

## ४.४ खड्कबहादुर सिंह (१९८८-२०४४)

खड्कबहादुर सिंहको जन्म वि.सं १९८८ सालमा सेती अञ्चलको कैलाली ( तत्कालीन डोटी) जिल्लामा भएको हो । यिनले घरैमा स्वअध्ययन गरी शिक्षा आर्जन गरेका हुन् । यिनी २००७ सालपूर्व नै राजनीतिमा सक्रिय देखिन्छन् । यिनी पञ्चायती कालका सशक्त नेताका रूपमा चिनिन्छन् । यिनी पञ्चायत कालमा विभिन्न मन्त्री र गाउँफर्क राष्ट्रिय अभियानका अध्यक्ष बनेका देखिन्छन् । यिनी सुदूरपश्चिमाञ्चल क्षेत्रका लेखन र प्रकाशनका दृष्टिले प्रथम उपन्यासकार हुन् ।[८३] यिनका विद्रोह भाग-१ (२०११), विद्रोह भाग-२ (२०१३) र हुरीको चरा (२०१३) उपन्यासहरू प्रकाशित छन् । यिनको देहान्त (२०४४) सालमा दुर्घटनामा परी दाङमा भएको हो । उनले उपन्यासका माध्यमबाट २००७ सालको सेरोफेरोको नेपाली समाजमा व्याप्त गरिबी, अशिक्षा,

---

[८३] डा. देवी प्रसाद ओझा, **सुदुरपश्चिमाञ्चलमा साहित्य र साहित्यकारहरू** (कञ्चनपुरः सुदुरपश्चिमाञ्चल सामाजिक सेवा तथा अनुसन्धान समिति, २०६०) पृष्ठ ६१ ।

शोषण, अन्याय, अज्ञानता र मानवीय आकांक्षाका साथै राजनीतिक अवस्थाको यथार्थ चित्रण गरेका छन् ।

### ४.४.१ विद्रोह-भाग १ (२०११) र विद्रोह-भाग २ (२०१३) उपन्यासको अध्ययन

खड्कबहादुर सिंहद्वारा लिखित उपन्यास 'विद्रोह' दुई भागमा संरचित औपन्यासिक कृति हो । विद्रोह भाग एक र दुई संरचनात्मक दृष्टिले अलग-अलग पुस्तकाकार कृति भए पनि कथावस्तुका हिसाबले एउटै कृति हो ।[८४] यस उपन्यासले २००७ सालतिरको नेपाली समाजको सामाजिक अन्याय, शोषण गरिबी एवं राजनीतिक अवस्थाको चित्रण गरेको छ ।

दीप साहू महाजनको अन्याय-अत्याचार सहन नसकी भारतमा विदेसिन पुग्छ । ऊ त्यहाँ गएर कानपुरमा पुग्छ र उसको भेट गोपालसँग हुन्छ । दीप कानपुरमा गणेशसँग बस्न थाल्छ । उसको प्रेम गणेशकी भतिजी प्रभासँग हुन्छ । एकदिन आफ्नी प्रेमिका प्रभालाई उसकी सँगिनी कुसुमकहाँ गएका बेला नेपालमा राणाशासन विरुद्ध क्रान्ति भइरहेको थाहा पाउँछ । दीप आफ्नी प्रेमिकालाई त्यहीँ छोडी नेपाल आउँछ । केही समयपछि प्रभा पनि आफ्नी सँगिनीको साथ नेपालतिर आउँछे । वीरगञ्जमा राणाविरुद्ध लड्ने क्रममा राणाहरूका सेनाको कब्जामा पर्छे तापनि आफूलाई हतास पार्न खोज्ने राणाका सेनाको हत्या गरी आधा रातमा त्यहाँबाट फरार हुन्छे । त्यसपछि काठमाडौं आउन लागेकी प्रभालाई राहदानी नभएकाले गढीबाट फर्काइन्छ र ऊ भैंसे पुग्छे । ऊ त्यहाँ बस्ने क्रममा त्यहाँका अशिक्षित नारीहरूका लागि विद्यालय खोली शिक्षा दिन्छे । केही समयपछि ऊ काठमाडौं पुग्छे । दीपकलाई खोज्न काठमाडौं आइपुगेकी प्रभालाई नयाँ सडकको होटलमा एउटा व्यक्तिले हातपात गर्न खोज्दा पिस्तोल देखाईं उम्कन सफल हुन्छे । यता दीपक नेपाल आएर राणाविरुद्ध लडाई गरी जेलबाट बन्दी राजनेताहरूलाई मुक्त पार्छ । गाउँलेको वेषमा आफ्नो होटलमा आएर पिछा गरिरहेको सी.आई.डी. इन्स्पेक्टरलाई साथीहरूको सहयोगमा चौखुऱ्याई त्यहाँबाट भाग्छ र पशुपतिमा गएर राणाशासनविरुद्ध लाग्छ । उता भोलिपल्ट बिहान सी.आई.डी. इन्स्पेक्टर मुक्त भइसकेपछि प्रहरीको सहयोगमा होटेलमा छापा मार्छ । त्यहाँ बस्ने मन्त्रीका मानिससमेत समातिन्छन् तर मन्त्रीको आदेशमा छाडिन्छ । होटेलकी मालिक्नीलाई चोर आएकाले प्रहरीको सहयोग लिएको भन्ने कागज गरी छाडिन्छ । त्यही अनुरूपको झुटो खबर सबैतिर फिँजाइन्छ । उता बडाहाकिमले ल्याएकी आफ्नी प्रियसीलाई खोज्दै काठमाडौं आइपुगेको दीलु उसकी प्रियसी मनले आत्महत्या गरेकोमा बडाहाकिमविरुद्ध मुद्धा दायर गर्छ र फलस्वरूप दीलु छ महिना

---

[८४] अम्विकाप्रसाद रेग्मी, **उपन्यासका खडकबहादुर सिंह** अप्रकाशित शोधपत्र, नेपाली केन्द्रिय शिक्षण विभाग कीर्तिपुर २०४५, पृष्ठ-२१ ।

जेल पर्छ । जेलबाट छुटेपछि ऊ राजनीतिक नेतासँग परिचित हुन पुग्छ । नेताकै निर्देशनमा पार्टीको शाखा कार्यालय खोल्न ओलपानी भन्ने ठाउँमा पुग्छ । ऊ त्यहाँ गरिबलाई शिक्षा दिन्छ र शोषक सामन्तीको विरोध गर्छ ।

**विद्रोह** उपन्यासमा तत्कालीन सामाजिक र राजनीतिक अवस्थाको चित्र भएपनि कथावस्तु बिना निष्कर्ष बीचैमा समाप्त भएको छ । यसलाई अपूर्ण उपन्यास भन्न सकिन्छ किनभने कथावस्तुले पूर्णता प्राप्त गरेको छैन ।

**विद्रोह** उपन्यासमा परिवेशका रूपमा नेपालका वीरगञ्ज, भैँसे, काठमाडौं आदि ठाउँका साथै भारतको कानपुर सहर आएका छन् । यस उपन्यासका घटनाक्रमहरू २००७ सालको सेरोफेरोमा घटेका छन् । उपन्यासमा तत्कालीन नेपाली समाजमा व्याप्त रोग, भोक, गरिबी शोषण, दमनका साथै सातसालको क्रान्तिको चित्रणसमेत परिवेशका रूपमा आएका छन् ।

**विद्रोह**मा नेपाली समाजका पात्रहरूको प्रयोग गरिएको छ । दीपक र प्रभा यस उपन्यासका नायक नायिका हुन् । दीपक मञ्चीय, पुरुष, वर्गीय, बद्ध, गतिशील सत् पात्रका रूपमा आएको छ । ऊ पश्चिम नेपालको गरिब वर्गको प्रतिनिधि पात्रका रूपमा आएको छ । ऊ तत्कालीन नेपाली युवावर्गको प्रतिनिधि पात्रसमेत हो । साहूको दलन र पीडन सहन गर्न नसकी भारतको कानपुरमा पुग्छ । ऊ विद्रोही चरित्रको छ । प्रभा शिक्षित नेपाली नारीकी प्रतिनिधि पात्र हो । ऊ विद्रोहमा सामेल हुन्छे । ऊ दीपककी प्रेमिका हो । ऊ सत्, गतिशील, मञ्चीय, बद्ध, वर्गीय चरित्र भएकी पात्र हो । दीलु उपन्यासको अन्त्यतिर देखा पर्ने निम्नवर्गीय नेपाली हो । ऊ सत्, वर्गीय, बद्ध, मञ्चीय पात्र हो । बडाहाकिम, मन्त्री, राणा शासकका प्रतिनिधि पात्र हुन् । यसका अतिरिक्त विभिन्न गौण पात्रहरू पनि उपन्यासमा  छन् ।

**विद्रोह** उपन्यासको भाषाशैली सरल छ । यसमा स्थानीय भाषाको प्रयोग भएको पाइन्छ । यस क्रममा रैबार, दयाउनो, गुल्जो आदि डोटेली शब्द प्रयुक्त छन् । त्यसै गरी उखान र टुक्काको प्रयोग पनि सुन्दर ढङ्गले गरिएको छ । यस उपन्यासको शैली अभिधात्मक छ । उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस उपन्यासले २००७ सालको प्रजातान्त्रिक विद्रोहलाई आफ्नो विषयवस्तु बनाएकाले शीर्षक सार्थक छ ।

### ४.४.२ निष्कर्ष

साहित्यकार एवम् राजनीतिज्ञ खडकबहादुर सिंह सु.प.का प्रथम उपन्यासकार हुन् । उनका उपन्यासमा सामाजिक यथार्थताको चित्रण पाइन्छ । उनले आफूले देखेको समाजलाई

जस्ताको तस्तै उपन्यासमा उतार्नु उनको सामाजिक यथार्थवादी चेत हो । उपन्यासमा समाजको यथार्थवादी चित्रण गर्दागर्दै पनि विषयवस्तुको समापन नै नगरी उपन्यासको अन्त्य गर्नु उनको कमजोरी पक्ष हो ।

## ४.५ देवकान्त पन्त (१९९३-२०५७)

देवकान्त पन्तको जन्म वि.सं.१९९३ साल डोटीको उच्चाकोटमा भएको हो । उनले नेपाली विषयमा एम.ए. पास गरेका थिए । उनी प्रहरी उपरीक्षक, माध्यमिक विद्यालयको प्र.अ. हुँदै कैलाली बहुमुखी क्याम्पसमा उप-प्रध्यापक बनेका थिए । उनी कैलाली जनपुस्तकालयको प्रथम निर्वाचित अध्यक्ष एवं सु.प. साहित्य समाज कैलालीका सल्लाहकार थिए । उनका प्रकाशित कृतिहरू सीता स्वयम्वर (२०५७) महाकाव्य, शिव  मङ्गल विवाह  (२०२७) खण्डकाव्य, डोटेली लोकसाहित्य : एक अध्ययन (२०३२) लोकसाहित्य, जय नेपाल (२०३६) लघुकाव्य, शान्तिक्षेत्र नेपाल (२०४०) खण्डकाव्य, नेपाली तीजकथा (२०५१) गीतिकाव्य हुन् । साहित्यसेवा गरेबापत उनलाई साझा पुरस्कार (२०३२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३) प्रदान गरिएको छ । उनको देहान्त वि.सं.२०५७ सालमा धनगढीमा भएको हो ।

### ४.५.१ सीता स्वयम्वर (२०२७) महाकाव्यको अध्ययन

**सीता स्वयम्वर** (२०२७) महाकाव्य देवकान्त पन्तको प्रथम काव्यकृति हो । यसको विषयवस्तुको स्रोत वाल्मीकि रामायण हो । यस महाकाव्यमा रामको जन्मदेखि सीतासँग स्वयम्वर गरी अयोध्या पुगेको कथावस्तुलाई समेटिएको छ । रामको जयगान गर्दै विघ्न हरणका लागि प्रार्थनाबाट महाकाव्यको आरम्भ गरिएको छ । अयोध्याको दरबारको प्राङ्गणमा बालकरामले खेलेको दृश्यलाई वर्णन गरिएको छ । दशरथको आज्ञा बमोजिम राम र लक्ष्मण गुरु वशिष्ठसँग वनवास गई शिक्षा आर्जन गर्दछन् । त्यतिबेला नै यज्ञविध्वशं गर्न आएका राक्षसगणलाई मारी आफ्नो वीरताको प्रदर्शन गर्दछन् । त्यही बसाइका क्रममा राम वनविहार गर्दछन् । वनमा सीतालाई भेटी मायाप्रीति लगाउँछन् । वनमा घुम्दा ऐँसेलु खान्छन् । उनी गाउँगाउँ घुमेर शान्तिको कामना गर्दछन् । जनकपुर गई सीतालाई स्वयम्वर गरी लावालस्करका साथ घर फर्कन्छन् ।

कथावस्तु अति संक्षिप्त र क्षीण छ । पूर्वीय महाकाव्यका सिद्धान्तकारहरूले भनेझैं महाकाव्यमा सिङ्गो जीवन या युगको वर्णन यस महाकाव्यमा पाइँदैन । जनकलाई हलो जोत्न लगाई, सीता र रामको विवाह पूर्व नै भेट गराई नयाँपन दिन खोजिएको छ । कथावस्तुका गुम्फन र गठनका दृष्टिले महाकाव्य शिथिल बन्न पुगेको छ । महाकाव्यमा विषयवस्तुभन्दा भाव प्रबल छ ।

महाकाव्यका नायक राम र नायिका सीता हुन् । नायक पूर्वीय महाकाव्य मान्यतानुरूप कुलीन, भद्र, पराक्रमी भए पनि चरित्रको विकास र चित्रण उपयुक्त तरिकाले हुन सकेको छैन । दशरथ, वशिष्ठ, जनक, लक्ष्मण महाकाव्यका अन्य पात्र हुन् ।

संरचनाका दृष्टिले महाकाव्य कम्तीमा आठ सर्गमा विभाजित हुनुपर्ने पूर्वीय मान्यता छ । **सीता स्वयम्वर** महाकाव्य नौ उल्लास (सर्ग), सात सय सत्तसट्ठी श्लोकमा रचना गरिएको छ ।

**सीता स्वयम्वर** महाकाव्यमा वीर रस अङ्गी रस बनेर आएको छ । यस महाकाव्यमा अनुष्टुप छन्द मात्र प्रयोग गरिएको छ । डोटेली डेउडा लयलाई समेत यहाँ प्रयोग गरिएको छ । अन्यानुप्रास शब्दालङ्कारको प्रयोग गरिएको छ । यस महाकाव्यमा माधुर्य, ओज र प्रशाद तीनै गुणको प्रयोग छ । सरल र प्रवाहमय शैलीको प्रयोग छ । शब्दहरू डोटेली, तत्सम तद्भव स्रोतका भए पनि सरल र सरस हुन् । गुना, बान्नर, किन्भडा, कुन्यु, आदि डोटेली शब्दहरू महाकाव्यमा पाउन सकिन्छ ।

महाकाव्यमा प्रकृति, उत्सव, विजययात्रा आदिको वर्णन गर्नुपर्ने पूर्वीय मान्यतानुरूप यस महाकाव्यमा प्रकृतिको नेपालीकरण गरी प्रस्तुत गरिएको छ । यस महाकाव्यमा डोटी डडेलधुरातिरको वर्णन छ । हिमालदेखि अयोध्यासम्मको प्रकृतिको चित्रण यहाँ छ ।

राष्ट्रियताको गान गर्दै प्रकृति, ईश्वर र मानवको त्रिकोणात्मक सम्बन्ध देखाउनु महाकाव्यको उद्देश्य हो ।[८५] यस महाकाव्यमा रामराज्यको परिकल्पनासमेत गरिएको छ । राम सीताको स्वयम्वरलाई मूल विषयवस्तु बनाएकाले शीर्षक सार्थक छ ।

व्याकरणसम्मत भाषाको प्रयोग नगरी भाषिकाको प्रयोग ठाउँठाउँमा गरिएको छ, जसले गर्दा काव्य ग्राम्यदोषयुक्त छ ।[८६] कथाप्रवाह उचित तरिकाले भएको छैन । सिङ्गो काव्यभरि एउटै अनुष्टुप छन्दको प्रयोग हुनु शास्त्रीयताको विपरीत छ । बाल्मीकीय रामायण भन्दा फरक विषयवस्तु थपेर महाकाव्यलाई मौलिक बनाउने प्रयास गरिएको छ । जीवनको सम्पूर्णताको चित्रण नहुनु यस महाकाव्यको सीमा हो ।

---

[८५] भवानीदत्त अवस्थी 'रोशन' **देवकान्त पन्तको जीवनी, व्यक्तित्व र कृत्तित्वको अध्ययन**, अप्रकाशित शीध्रपत्र केन्द्रिय विभाग कीर्तिपूर २०५७, पृष्ट ६५ ।

[८६] भवानीदत्त अवस्थी 'रोशन' **देवकान्त पन्तको जीवनी, व्यक्तित्व र कृत्तित्वको अध्ययन**, अप्रकाशित शीध्रपत्र केन्द्रिय विभाग कीर्तिपूर २०५७, पृष्ट ७४ ।

### ४.५.२ निष्कर्ष

देवकान्त पन्त बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका कविता एवं लोकसाहित्यमा कलम चलाएका छन् । उनको कवितायात्रा फुटकर कवितादेखि खण्डकाव्य हुँदै महाकाव्यसम्म अगि बढेको छ । उनका कवितामा आख्यान क्षीण भए पनि भावनाको प्रबलता पाइन्छ । तुलनात्मक रूपमा उनले कविताभन्दा लोकसाहित्यका क्षेत्रमा बढी योगदान दिएका छन् ।

## ४.६ रामचन्द्र जोशी (१९९३)

रामचन्द्र जोशीको जन्म वि.सं १९९३ सालमा डोटीको बरालगाउँ मा भएको हो । यिनले एम.ए. सम्मको शिक्षा हासिल गरेका हुन् । मूलत: यिनी कवि हुन् । यिनका कवितामा देशप्रेम एवं आध्यात्मिक भाव पाइन्छ । यिनका पुस्तकाकार कृतिहरू आमा (२०४१) खण्डकाव्य, श्रीबडीमालिका, खप्तड र स्वामी (२०४२) हुन् ।

### ४.६.१ आमा (२०४१) खण्डकाव्यको अध्ययन

**आमा** (२०४१) रामचन्द्र जोशीको प्रथम खण्डकाव्यात्मक कृति हो । यस खण्डकाव्यमा आर्दश आमाको गुणगान गरिएको छ । खण्डकाव्य आमाको महिमागान गरिएकाले शीर्षक सार्थक छ । खण्डकाव्यको आरम्भ देवस्तुतिबाट गरिएको छ । खण्डकाव्यको कथासार यसप्रकार छ- कवि निवद्ध 'म' पात्रकी आमाले उसलाई नौ महिना गर्भमा बोकी जन्म दिन्छिन् । बाल्यकालमै बुबाको मृत्यु हुनाले टुहुरो बनेको बालक आमाको संरक्षणमा हुर्कन्छ । आमाले अनेक विघ्न बाधाहरू सहेर उसलाई पाल्दछिन् । आमाले उसलाई शिक्षाको महत्त्व बताएर पछि उसमा शिक्षाप्रति मोह जाग्छ । आमाले भनेका कुरालाई आशीष वचन सम्झी ऊ पढ्न हरिद्वार जान्छ । त्यहाँ निकै दु:खकष्ट गरी शिक्षा आर्जन गर्छ । स्वदेश फर्केपछि उसलाई बेरोजगारी समस्याले पिरोल्छ । देशमा व्याप्त नातावाद, कृपावाद जस्ता कुप्रवृतिले ऊ जस्ता शिक्षित र योग्य व्यक्तिले काम नपाएको देख्दा दु:ख लाग्छ । यसले उसको जीवनमा निराशा छाउँछ । त्यसैबेला उसकी आमाको निधन हुन्छ । उसले आमाको सेवा गर्न नपाएकोमा आफूलाई धिक्कार्छ । बाल्यकालमा आमाले दिएको माया ममता सम्झन्छ । ऊ आमा-बाबुका कारणले गर्दा नै आफू यस अवस्थासम्म आएको सम्झनपुग्छ र आफ्ना आमाबाबुलाई आदर्श आमाबुवा ठान्दछ । आमाबुवाको स्वभाव अनुसार सन्तान हुने तर्क गर्दै आफू पनि आदर्श सन्तान भएको सम्झी जननी र जन्मभूमिका लागि केही राम्रो कार्य गर्ने प्रण गर्दछ ।

**आमा** खण्डकाव्यमा प्रयुक्त भावविधान शिथिल छ । भावभन्दा आख्यान तत्त्व प्रबल छ । आख्यान प्रबल भएकाले भावको आख्यानीकरणमा बाधा पुगेको छ । आमा-बुवाको मृत्युपश्चात् पनि करुणभाव सशक्त रूपमा आउन सकेको छैन ।

प्रस्तुत आमा खण्डकाव्य २ खण्डमा विभाजित छ । पहिलो खण्ड प्रार्थना खण्ड हो । यसमा विभिन्न देवीदेवताको आराधना गरिएका बाह्र श्लोकहरू छन् । दोस्रो खण्डमा १२५ श्लोक छन् । यो नै खण्डकाव्यको मूल भाग हो । यस खण्डमा आमाको महिमागान गरिएको छ । यस खण्डकाव्यमा कविको 'म' पात्रले आमा 'तिमी' लाई सम्बोधन गरेको छ । आमा खण्डकाव्यका सम्बोधनात्मक कविनिवद्ध प्रौढोक्तिसिद्ध उक्तिविधानको प्रयोग गरिएको  छ ।

**आमा** खण्डकाव्यमा १९ अक्षरे वर्णमात्रिक शार्दूलविक्रीडित छन्दको प्रयोग छ । सबै श्लोकहरूमा चार चार पाउ छन् । अन्त्यानुप्रासको प्रयोग सबै श्लोकमा गरिएकाले लयगत मधुरता थपेको छ । प्रायः श्लोकमा यति-गतिको क्रम मिलेको छ । यस खण्डकाव्यमा अन्यानुप्रास र वृत्यानुप्रासजस्ता शब्दालङ्कारको प्रयोग छ । त्यसै गरी स्वभावोक्ति अर्थालङ्कारको प्रयोग पनि यसमा छ ।

**आमा** खण्डकाव्यमा तत्सम र तद्भव शब्दका साथै डुब्का, मैयरी, राइतो, फाग, माणा, भुक्केजस्ता डोटेली शब्दको प्रयोग छ । छन्दमोहले गर्दा व्याकरणगत वर्णविन्यासमा त्रूटी भएको छ । यस खण्डकाव्यमा वर्णनात्मक शैली अँगालिएको छ ।

प्रस्तुत खण्डकाव्यमा मानवीय र मानवेत्तर (दैवी) पात्रहरू छन् । **आमा** खण्डकाव्यकी प्रमुख पात्र आमा हुन् । उनी आदर्श नेपाली नारी हुन् । उनी ममतामयी, पतिव्रता नारी हुन् । जीवनमा विभिन्न दुःखकष्ट सहनु परे पनि आफ्नो कर्तव्यबाट च्युत भएकी छैनन् । 'म' पात्र आज्ञाकारी मातृभक्त एवम् पितृभक्त बालकका रूपमा आएको छ । ऊ जननी र जन्मभूमिलाई उत्तिकै माया गर्ने राष्ट्रभक्तका रूपमा प्रस्तुत छ । ब्रह्मा, विष्णु, महेश, गणेश, अत्रि, राम, कृष्ण आदि दैवी एवम् गौण पात्रका रूपमा आएका छन् ।

**आमा** खण्डकाव्यमा डोटी जिल्लाको स्थानीय परिवेशका साथै 'म' पात्रले अध्ययन गरेको ठाउँ परिवेशका रूपमा आएका छन् । खास गरी डोटीको ग्रामीण क्षेत्र, त्यहाँका संस्कृति, चाडपर्व, डोटेली परिवारिक वातावरण यस काव्यको परिवेश हो ।

**आमा** खण्डकाव्यले प्रस्तुत गरेको जीवनदृष्टि आदर्श माता-पिताका सन्तान पनि योग्य र आदर्श हुन्छन् भन्ने हो । यसमा आमा बाबुप्रति सन्तानले श्रद्धा व्यक्त गर्नुपर्ने विचार पनि प्रस्तुत छ ।

### ४.६.२ निष्कर्ष

रामचन्द्र जोशीले फुटकर कविता र खण्डकाव्यको रचना गरेका छन् । **आमा** (२०४१) उनको एक मात्र प्रकाशित खण्डकाव्य हो । उनका कविता सरल भइकन पनि सरस छन् । आमा खण्डकाव्यमा आमाले सन्तान हुर्काउन कति दुःख कष्ट झेल्नुपर्छ भन्ने देखाउन खोज्नुका साथै मातापिताको उपयुक्त निर्देशनले मात्रै सन्तानको भविष्य उज्जवल हुने कुरा व्यक्त गरेका छन् । उनका कविता भावनात्मकभन्दा आदर्शपरक छन् ।

### ४.७ भालचन्द्र भण्डारी 'ब्रह्मगोल' (२००६)

भालचन्द्र भण्डारी 'ब्रह्मगोल' को जन्म २००६ सालमा डोटीको गडसेरामा भएको हो । यिनको साहित्य यात्राको थालनी २०२७ सालमा प्रकाशित 'मेरो बिन्ती' शीर्षक कविताबाट भएको हो । यिनको साधनाको मुख्य क्षेत्र कविता विधा हो । यिनी कैलाली जनपुस्तकालय, सु.प साहित्य समाज, नवरत्न साहित्य सङ्गम आदि साहित्यिक सङघसस्था र डोटेली समाज, सु.प साहित्यिक एवम् सांस्कृतिक संघ आदि साहित्येत्तर सङ्घसंस्थासँग आबद्ध छन् । हाल यिनी शिक्षण पेशामा संलग्न छन् । यिनका प्रकाशित कृतिहरू सुभद्रा (२०४५) खण्डकाव्य, जय नेपाल (२०५२) कवितासङ्ग्रह हुन् । यसका अतिरिक्त यिनका दर्जनौं फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यिनले सुरभि, मालिका, शारदी पुष्पजस्ता पत्रपत्रिकाको सम्पादन गरेका छन् । साहित्य सेवा गरेवापत यिनले 'विद्यार्थी साहित्य पुरस्कार' (२०५८) 'सारस्वत सम्मान पत्र' (सन् २००३) (भारतबाट) 'साहित्य श्रीमानद अलङ्कार' (सन् २००३) का साथै विभिन्न सम्मान तथा नगद पुरस्कार प्राप्त गरेका छन् ।

### ४.७.१ सुभद्रा (२०४५) खण्डकाव्यको अध्ययन

**सुभद्रा** (२०४५) खण्डकाव्यको प्रथम प्रकाशन डोटी जिल्लामा सञ्चालित प्रौढ शिक्षाको सहायक पुस्तिकाका रूपमा भएको हो । यसको परिवर्तित तथा परिवर्द्धित संस्करण २०६४ सालमा प्रकाशित भएको पाइन्छ ।

**सुभद्रा** खण्डकाव्यको कथावस्तु कविकल्पित कथावस्तु हो । यस खण्डकाव्यको कथावस्तु सामाजिक यथार्थमा आधारित छ । कथावस्तुमा सुभद्राको बाल्यजीवनदेखि उसले निर्माण गरेको आदर्श समाज समेटिएको छ । यस खण्डकाव्यको कथासार यस प्रकार छः-

**सुभद्रा** डोटीको गरिब परिवारमा जन्मिएकी बालिका हो । ऊ अनेक दुःखकष्ट सहँदै बाल्यजीवन बिताउँछे । उसको बाल्यकाल घाँसदाउरा गरी गाई चराउँदै बित्छ । दश-बाह्र वर्षकै कलिलो उमेरमा सुभद्रा गाउँकै ठालु धनवीरका पेचमा परी बेचिन्छे । बेचिएपछि ऊ सुनीलकी श्रीमती बन्छे । सुभद्रा सासूबाट दुःख पाउँछे । पुर्ख्यौली सम्पत्तिका नाममा रहेको सेरो खेत ऋण तिर्न नसकेको भन्दै धनवीरले लिन्छ । उनीहरूको विचल्ली हुन्छ । केही वर्षपछि सासूलाई खोलाले बगाउँछ । त्यसैबेला गाउँमा प्रौढशिक्षा कार्यक्रम सञ्चालन हुन्छ । सुभद्रा प्रौढ पढेर आफ्नो जीवनलाई उज्जवल बनाउँछिन् । उनी प्रौढ कक्षामा प्रथम हुन्छिन् । केही समयपछि सिलगढीमा गई सिलाईकटाईको काम सिक्छिन् । उनी गाउँमा फर्केर आफ्नो गाउँका अशिक्षित मानिसहरूलाई शिक्षा दिने काम गर्छिन् । सिलाईकटाईबाट उनले राम्रै आम्दानी गर्छिन् । उनी आफूले पाएको शिक्षा र सिकेको सीप गाउँलेहरूलाई सिकाई आदर्श गाउँको स्थापना गर्न पुग्छिन् ।

**सुभद्रा** खण्डकाव्यको बाह्य संरचना ५६ पृष्ठ, २३ अध्याय र २३३ श्लोकमा फैलिएको छ । अध्यायहरू बराबर श्लोक संख्याका नभई लामा छोटा छन् । आन्तरिक संरचना हेर्दा कथावस्तु आदि, मध्य, अन्त्यका क्रममा मिलेको छ । सुभद्राको जन्मदेखि विवाहसम्मको भाग आदि हो, मध्य भाग प्रौढ पढ्न जानुसम्म फैलिएको छ भने प्रौढ पढी आदर्श समाजको निर्माण गर्नुसम्म खण्डकाव्यको अन्त्यभाग हो ।

**सुभद्रा** यस खण्डकाव्यकी प्रमुख पात्र (नायिका) हो । उसकै केन्द्रीयतामा कथावस्तु अगि बढेको छ । ऊ डोटीको गरिव परिवारमा जन्मेकी नारी हो । ऊ कर्मशील, लगनशील, अशिक्षित, पीडित नारीका रूपमा प्रस्तुत छ । समग्रमा भन्दा सुभद्रा नारी गतिशील, मञ्चीय, सत् पात्र हो । उसमा नेपाली नारीमा पाइने विभिन्न गुणहरू पाउन सकिन्छ । (सुभद्राको बाबु) र सुनिल (सुभद्राको पति) नेपाली समाजका गरिबवर्गका प्रतिनिधि पात्र  हुन् । उनीहरू सोझा, निर्धा छन् । उनीहरू गतिहीन्, पुरुष, वर्गीय, मञ्चीय, सत्चरित्र भएका पात्र हुन् । धनवीर नेपाली सामन्तहरूको प्रतिनिधि पात्र हो । ऊ धूर्त, कपटी, जाली, फटाहा र निर्दयी स्वभावको छ । ऊ असत्, पुरुष, गतिहीन, वर्गीय, मञ्चीय चरित्र भएको पात्र हो । यसका अतिरिक्त यस खण्डकाव्यमा सुभद्राकी सासू, उसका साथीजस्ता गौण पात्र पनि छन् ।

**सुभद्रा** खण्डकाव्यका सम्पूर्ण घटनाहरू पश्चिम नेपालको डोटी जिल्लामा घटेका छन्, यो नै यस खण्डकाव्यको परिवेश हो । पञ्चायतकालीन डोटेली समाजको छायाँ यस खण्डकाव्यमा

उतारिएको छ । यसले डोटेली परिवार र समाजका विविध पक्षलाई वातावरणका रूपमा ग्रहण गरेको छ। अतः यसको परिवेश आञ्चलिक परिवेश हो ।

**सुभद्रा** खण्डकाव्यमा वर्णमात्रिक शास्त्रीयछन्द र लोकछन्दको संयुक्त प्रयोग छ । शास्त्रीय छन्दहरूमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, भुजङ्गप्रयात, अनुष्टुप बसन्ततिलका आदि शास्त्रीय छन्दको प्रयोग छ। झ्याउरे र डोटेली डेउडाजस्ता लोकलयको पनि प्रयोग गरिएको छ। लोकलय र शास्त्रीय छन्दको प्रयोगले खण्डकाव्यलाई लयात्मक र सङ्गीतात्मक बनाएको छ । श्लोकान्तमा गरिएको अन्त्यानुप्रासको प्रयोगले लयतत्वलाई अझ प्रगाढ बनाएको छ। श्लोकहरू २ पाउका मात्र बनाई छान्दिक नवप्रयोग गर्न खोजिएको छ।

**सुभद्रा** खण्डकाव्यको भाषाशैली सरल र सहज छ। यस खण्डकाव्यमा तत्सम र तद्भव र डोटेली शब्दहरूको प्रयोग गरिएको छ। **सुभद्रा** खण्डकाव्यमा आख्यान कौशल र काव्यकलाको प्रयोग पाइन्छ । यसमा कथा एवं लेख्य दुवै भाषाको प्रयोग छ । खण्डकाव्यमा शैलीगत वर्णनात्मकता र भाषिक सरलताको समायोजन गरिएको छ। तर कतैकतै व्याकरण गत त्रुटी पनि छ।

**सुभद्रा** खण्डकाव्यमा आन्दर्शोन्मुख आशावादी जीवनदृष्टि प्रस्तुत गरिएको छ । सुभद्राजस्ता उपेक्षित र पीडित नारीहरू पनि स्थान र अवसर पाएमा राम्रो काम गरी आफू र आफ्नो समाजलाई पनि समृद्ध पार्न सक्छन् भन्ने यस खण्डकाव्यको सार हो ।

प्रकृतिको वर्णन त्यति हुन नसके पनि सुभद्राका जीवनका दुःखपूर्ण घटनाको क्रममा करुण रस अङ्गीरस भएर आएको छ । अलङ्कार प्रयोगमा भने कविको ध्यान गएको पाइदैन । यस खण्डकाव्यमा नारी समस्या उठाई त्यसको समाधान पनि दिइएको छ । यो नारीवादी मान्यताले प्रभावित खण्डकाव्य हो । जीवनको एकपक्षको प्रस्तुति र मझौला आयामले गर्दा यसलाई खण्डकाव्यको रूपमा उभ्याएको छ।

यस खण्डकाव्यको विषयवस्तु खण्डकाव्यकी नायिका सुभद्राको जीवनमा आधारित भएको र सुभद्राकै नामबाट शीर्षकीकरण गरिएकाले शीर्षक सार्थक छ।

### ४.७.२ जयनेपाल (२०५२) कवितासङ्ग्रहको अध्ययन

**जय नेपाल** (२०५२) कवितासङ्ग्रह कवि 'ब्रह्मगोल' को दोस्रो पुस्तकाकार कृति हो । साठी पृष्ठको यस सङ्ग्रहमा लामा-छोटा गरी ३२ वटा कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा कविले जीवन भोगाइका अनुभव र अनुभूतिहरूलाई समेटी कवितात्मक रूप दिएका छन् ।

**जय नेपाल** (२०५२) कवि 'ब्रह्मगोल' को जीवनभोगाइको वैयक्तिक अनुभव र अनुभूतिमा आधारित कविताहरूको सङ्ग्रह हो । उनले आफ्नो देश समाज र परिवेशलाई जस्तो देखे त्यस्तै रूपमा प्रस्तुत गरेका छन् । कवि भावनात्मक र वैचारिक रूपमा निकै सल्वलाएका छन् । वर्तमान समाजका विकृति र विसङ्गतिलाई उल्लेख गर्दै मानिस अनुशासित र नैतिक बन्नुपर्ने विचार कविले व्यक्त गरेका छन् । समाजमा विद्यमान भोकमरी, रोग, शोषणजस्ता कुरा कविताका विषयवस्तु बनेर आएका छन् । शिक्षालाई जीवन उज्यालो बनाउने ज्योतिका रूपमा हेरिएको छ । सन्तानको कर्तव्य आमा र बाबुको सेवा गर्नु हो भन्ने शिक्षा कवितामा पाइन्छ । कवि के हो? कविता के हो? भन्ने विचार पनि कविताका माध्यमबाट गरिएको छ । मद्यपान, धुम्रपानलाई सामाजिक अपराधका रूपमा चर्चा गर्दै स्वच्छ समाजको परिकल्पना गरिएको छ । शिक्षामा गरिएको व्यापारीकरण हटाउनु पर्ने धारणा कविको छ । नारीले पनि समाजमा इज्जतका साथ बाँच्न पाउनु पर्छ भन्ने विचार छ । सहीदहरूले रोजेको बाटोमा हिँडेमा जनता र देशको कल्याण हुनसक्छ भन्ने सन्देश पनि कविताले बोकेका छन् । कर्मचारीतन्त्रमा व्याप्त चाकरी-चाप्लुसी प्रथाप्रति व्यङ्ग्य गर्दै त्यसको विरोध गरिएको छ । देशको उन्नति र प्रगति गर्ने त्यागी र राष्ट्रभक्त राजनेताको खाँचो भएकाले नेताहरूलाई इमान्दार र जनउत्तरदायी बन्ने आग्रह कविले गरेका छन् । राजाको कर्तव्य देश र जनताको भलाई गर्नु हो भन्दै राजालाई जनउत्तरदायी भएको हेर्ने चाहना कविको छ । कविले सबै नेपाली सु:खी र सम्पन्न भएको समृद्ध नेपाल बनाउन सबैपक्षलाई आह्वान गरेका छन् । सबै नेपाली एकताबद्ध भए मात्रै सुन्दर शान्त नेपालको निर्माण हुने ठम्याई कविको छ ।

प्रस्तुत **जय नेपाल** कवितासङ्ग्रह आदर्शवादी जीवन चेतका साथ परिष्कारवादी शैलीशिल्प अँगाली रचना गरिएको कवितासङ्ग्रह हो । मानिस प्रकृतिको सुन्दरतम् रचना भएकाले नैतिकवान बनी आदर्श जीवन बाँच्नु पर्ने विचार कविले व्यक्त गरेका छन् । कुलतमा फसी अनैतिक बनेको वर्तमान मानव समाजप्रति चिन्ता जाहेर गर्दै प्राचीन हिन्दू धर्मदर्शनअनुरूप जीवन पद्धति अँगाली सुखपूर्वक जीवन जीउन सकिने ठम्याइ कविको छ ।

**जय नेपाल** कवितासङ्ग्रहमा सङ्कलित ३२ वटै कविता छन्दोबद्ध छन् । धेरै जसो कविताहरू शादूलविक्रीडित, शिखरिणी र अनुष्टुपजस्ता शास्त्रीय छन्दमा रचिएका छन् । अन्त्यानुप्रास र वृत्यानुप्रास शब्दालङ्कारको प्रयोगले कविताहरू लयात्मक र सङ्गीतात्मक बनेका छन् । कुनै कुनै कवितामा जवरजस्ति अन्त्यानुप्रास मिलाउने मोहले भाव प्रवाहमा बाधा आएको छ । छन्द मिलाउने क्रममा व्याकरणात्मक नियमको पालना नभएकाले कवितामा भाषिक त्रुटी भएको छ । कविताको भाषा सरल भईकन पनि सरस छ । खाँतिर, दाँ, वाँ, औ जस्ता शब्दको प्रयोग पनि कवितामा पाइन्छ

। कवितामा तत्सम र तद्भव शब्दका साथै डोटेली शब्दको पनि प्रयोग छ । टन्नै, लुरुक्कजस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषिक मिठासता थपेको छ । छन्दभङ्ग हुन नदिन, हलन्तलाई अजन्त र अजन्तलाई हलन्त प्रयोग गरिएको छ भने ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्वसमेत बनाइएको छ । कवितामा सम्वादात्मक र वर्णनात्मक शैली प्रयुक्त छ ।

### ४.७.३ निष्कर्ष

भालचन्द्र 'ब्रह्मगोल' एक सफल कवि हुन् । उनले कविताको लघुरूप फुटकर कवितादेखि मध्यरूप खण्डकाव्यसम्मको कविता सिर्जना गरेका छन् । उनका फुटकर कविता आध्यात्मिक चिन्तनयुक्त नैतिक सन्देश बोकेका छन् । खण्डकाव्यमा भने उनी सामाजिक विषयवस्तु लिएर अगि बढेका छन् । समाजमा विद्यमान नारीलाई गरिने तिरस्कार र विभेदको विरोध गर्नु यिनको नारीवादी विचार हो । जुन सकारात्मक एवं सहृानीय कदम हो । फुटकर कविताहरू छन्दगत र व्याकरणगत त्रुटीपूर्ण भए पनि रसिला र पठनीय छन् । यिनले आफूलाई राष्ट्रिय कविका रूपमा उभ्याउन नसके पनि कविता क्षेत्रमा दिएको योगदान महत्त्वपूर्ण छ ।

## ४.८ यज्ञराज जोशी 'यात्री' (२०१०)

यज्ञराज जोशी 'यात्री' को जन्म वि.सं. २०१० मा डोटीको गडसेरामा भएको हो । उनी साहित्यमा यज्ञराज यात्रीका नामले प्रसिद्ध छन् । यिनले साहित्य यात्राको थालनी 'खप्तड सन्देश' (२०३०) मा 'भानु तिमी अमर छौ' शीर्षकको कविता छपाएर आरम्भ गरेका हुन् । यिनी सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढी (संस्थापक अध्यक्ष), कैलाली जनपुस्तकालय, नवरत्न साहित्य सङ्गम धनगढी आदि साहित्यिक र डोटेली समाज, द रेयुकाइ, नवदुर्गा अनुष्ठान आदि साहित्येत्तर संघ संस्थासँग आबद्ध छन् । यिनका हालसम्म प्रकाशित कृतिहरू- 'शारदी पुष्प' (२०३०), 'केदार स्तुति' (२०४१), 'आमा' (२०३८), 'आमाको महिमा', (२०४२), 'भगवती वन्दना' (२०४७), 'नेपालका लाल' (२०४७), 'मातृभूमि नेपाल' (२०४८), 'देव वन्दना' (२०५२), आस्था (२०६०) स्तुति/कवितासङ्ग्रहहरू, जनगुनासो (२०६४) कवितासङ्ग्रह, 'भक्त र भगवान' (२०३९), 'हिलोको कमल' र 'नारी' (२०५०) निबन्धसङ्ग्रह, 'मेरो नेपाल दर्शन' (२०५९) विविध तथा 'विष्णुदास' (२०६३) शोककाव्य हुन् । यिनले राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२), हिन्दी साहित्य परिषद्द्वारा सारस्वत सम्मान (२०५४), सु.प.साहित्यसमाजद्वारा 'साहित्य साधना पुरस्कार (२०६२), नवरत्न साहित्य साधना सम्मान (२०६३) आदि प्राप्त गरेका छन् ।

### ४.८.१ आमाको महिमा (२०४३) कवितासङ्ग्रहको अध्ययन

**आमाको महिमा** (२०४३) यज्ञराज यात्रीको चौथो कविता सङ्ग्रह हो । ३८ पृष्ठको प्रस्तुत कवितासङ्ग्रहमा १२ वटा कविताहरू ४२६ श्लोकमा संरचित छन् । प्रायः कविताहरूमा भाव एवं विषयवस्तुको उठान, विकास, विस्तार र अन्त्यको क्रम मिलेको छ ।

**आमाको महिमा** कवितासङ्ग्रहमा संकलित कविताहरू धर्म, समाज, राष्ट्रप्रेम, आदर्श एवं जीवन भोगाइका विविध अनुभव र अनुभूतिलाई समेटेर रचना गरिएका छन् । यस सङ्ग्रहमा संकलित कविताहरूको भाव एवं विषयवस्तुगत सार सङ्क्षेपलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ । 'ऊ', प्रथम कविता हो । यसमा आमा, बुवा र दुर्गाको बन्दना गरिएको छ । 'आमाको महिमा' शीर्षकको कवितामा समाज एवं मानव जीवनमा आमाको महत्त्वको चर्चागर्दै आमा सन्तानका लागि सबैभन्दा ठूली हुन् भन्ने विचार प्रस्तुत गरिएको छ । यसका साथै नेपाललाई आमा र पशुपतिनाथलाई बाबुका रूपमा प्रस्तुत गरिएको छ । 'आमा र बाबु' तेस्रो कविता हो । यसमा आमाबाबुलाई शिवपार्वती सम्झदै सबैले स्वधर्मानुकूल बाँच्नु पर्ने सन्देश दिइएको छ । 'आमा र पत्नी' कवितामा आमा/नारीलाई सिर्जनाकी स्रोत मानिएको छ । 'अलछिनी नारी' कवितामा कर्कसा नारीको वर्णन गरिएको छ । 'आमा छोरीको विलाप' शीर्षकको कवितामा विवाहपश्चात् छोरी र आमा छुट्टिदाँको पीडा वर्णन गरिएको छ । त्यसै गरी यस कवितामा आमाले छोरीलाई अर्ती उपदेश पनि दिएको छ । (आमा) 'आदर्श नारी स्वभाव' कवितामा नारीलाई आदर्शको स्रोत मान्दै आदर्श आमाका सन्तान पनि आदर्श हुन्छन् भन्ने देखाउन खोजिएको छ । 'धनगढी महिमा' कवितामा धनगढी नगरको महिमा गान गरिएको छ । 'युवती' कवितामा शृङ्गारले सजिएर सुन्दर बनेकी षोडशीको रूप तथा सौन्दर्यको वर्णन गरिएको छ । 'मनुष्यको धर्म र कर्तव्य' कवितामा नैतिक एवं आदर्शवान मानिसको परिकल्पना गरिएको छ । 'म' कविता यस सङ्ग्रहको अन्तिम कविता हो । यस कवितामा सबैले उत्तम कर्म गरी लोकमा कृति राख्नु पर्छ भनिएको छ ।

**आमाको महिमा** कवितासङ्ग्रहमा शार्दूलविक्रीडित, तोटक र अनुष्टुप जस्ता शास्त्रीय छन्दको प्रयोग छ । प्रथमदेखि दशौं कवितासम्म शार्दूलविक्रीडित छन्द प्रयोग गरिएको छ । एघारौं कवितामा शार्दूलविक्रीडित र तोटक छन्दको प्रयोग छ भने बाह्रौं कवितामा अनुष्टुप र तोटक छन्द प्रयोग गरिएका छन् । शास्त्रीय छन्दको प्रयोग भए पनि यति गतिको भङ्गले गर्दा कविताको लयमा ह्रास आएको छ ।

अन्त्यानुप्रास र वृत्यानुप्रासजस्ता शव्दालङ्कारको प्रयोग छ भने अन्वय र स्वभावोक्ति अर्थालङ्कारको प्रयोग छ । कवितामा वीभत्स र शान्त रसको प्रयोग छ ।

कवितामा तत्सम्, तद्भव, शव्दहरूको प्रयोग छ । हलन्त र अजन्त, ह्रस्व र दीर्घ वर्णको व्याकरणसम्मत प्रयोग छैन । कुनै कुनै कवितामा कवि हलन्तवादी कविका रूपमा देखापरेका छन् । छन्द मिलाउने धुनमा कविले उक्त व्याकरणिक गल्ती गरेका छन् । प्रायः जसो कवितामा वर्णनात्मक शैली अँगालिएको छ । मानिसलाई मातृ र पितृभक्त बनी आदर्श जीवन विताउन सल्लाह दिनु सकारात्मक पक्ष हो ।

### ४.८.२ भगवतीको वन्दना (२०४७) भक्तिकविता सङ्ग्रहको अध्ययन

**भगवतीको वन्दना** (२०४७) पाँचौं कविता सङ्ग्रह हो । बत्तीस पृष्ठयुक्त उक्त कविता सङ्ग्रहमा १५ वटा कविताहरू संकलित छन् । सवै १५ वटै कविताहरूमा ३२९ (तीन सय उन्नतीस) श्लोक छन् । यस सङ्ग्रहमा संकलित कविताहरूमा कुनै न कुनै रूपमा भगवतीको बन्दना गरिएकाले यसको शीर्षक सार्थक छ ।

**भगवती बन्दना** कवितासङ्ग्रहको पहिलो कविता 'प्रार्थना' हो । यस कवितामा देवी दुर्गाको महिमा गान गर्दै आफूबाट भएको पाप र गल्तीको क्षमा याचना गरिएको छ । 'भगवती बन्दना' कवितामा देवीका अनेकौं रूपको अर्चना गरिएको छ । 'आमाको महिमा' मा दुर्गाको महिमागान र उनका गुणको बखान छ । 'माँ को अवतार किन' कवितामा देवी दुर्गाका अवतार हुनुको पुष्ट्याई गरेका छन् । 'आमासँग' मा भगवतीको कृपा विना केही पनि सम्भव नहुने भएकाले आफूमाथि कृपा गर्न पुकारा गरिएको छ । 'हिंसा किन?' कवितामा देवी मन्दिरमा दिइने बलीको विरोध गरिएको छ । देवीका हतियारको वर्णन 'श्री जगद्अम्बेका केही हतियार' शीर्षकमा गरिएको छ । 'फूलबस्ती' कवितामा कैलाली जिल्लाको गोदावरी गा.वि.स. मा पर्ने फूलबस्ती शक्तिपीठको वर्णन छ । 'ईश्वरीको पुकार' मा भावविह्वल भई भगवतीको वन्दना गरिएको छ । 'मानिसको जन्म' कवितामा देवीभक्ति गरी कीर्ति राख्न सकिन्छ भन्ने भाव व्यक्त छ । भगवतीका अनेक रूपको वर्णन 'भगवतीका रूप' मा छ । 'दुःखी को?' मा भगवतीको भक्त जो परिश्रम गर्छ ऊ सुखी हुने र अल्छी देवी निन्दक दुःखी हुने कुरा बताइएको छ । 'आखिरमा आफ्नो को?' कवितामा भोगविलास, सांसारिक सुख क्षणिक भन्दै 'ईश्वर सिवाय सवै पराय' भन्ने विचार प्रस्तुत छ ।

**भगवतीको वन्दना** कवितासङ्ग्रहमा वंशस्थ, शार्दूलविक्रीडित, अनुष्टुप, इन्द्रब्रजा आदि शास्त्रीय छन्दको प्रयोग छ । शब्द र वर्णको आवृत्तिले कवितालयात्मक बनेका छन् । सरल शब्दको प्रयोगले अन्तरसाङ्गीतिकता र सम्प्रेषणीयतामा बल पुऱ्याएको छ ।

यस भक्तिकविता सङ्ग्रहमा वीर र शान्तरसका साथै अन्यरसको पनि प्रयोग छ । अन्वय, स्वभावोक्ति, यमक आदि अर्थालङ्कार तथा अन्त्यानुप्रास र वृत्यानुप्रासजस्ता शब्दालङ्कार यस सङ्ग्रहमा पाइन्छन् । यस सङ्ग्रहका कवितामा तत्सम र तद्भव शब्दको बाहुल्यता छ ।

**भगवती वन्दना** सङ्ग्रहमा मूलतः आध्यात्मिक विचार भएका भक्ति भावयुक्त कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहमा संस्कृति राष्ट्रका अमूल्य निधि भएको विचार पाइन्छ ।

### ४.८.३ निष्कर्ष

कवि यज्ञराज 'यात्री' मूलतः आध्यात्मिक चिन्तनयुक्त भक्तिभाव भएका कविता लेख्ने कवि हुन् । उनका कवितामा अध्यात्मले मानव जीवन र समाजको कल्याण गर्छ भन्ने सन्देश पाइन्छ । अध्यात्मविनाको जीवन निसार हुन्छ भन्ने ठम्याइ कविको छ । अध्यात्मसँगै उनका कवितामा आदर्शको पुट पाइन्छ ।

## ४.९ मनिराज जोशी (२०१२)

मनिराज जोशीको जन्म वि.सं.२०१२ सालमा डोटीको गाजरीमा भएको हो । यिनले घरैमा साधारण शिक्षा हासिल गरेका हुन् । यिनी 'साहित्य साप्ताहिक' (२०४१) मा 'महाकाली' शीर्षकको कविता लिएर देखा परेका हुन् । यिनी पेशाले ज्योतिर्विद् हुन् । यिनको साहित्य साधनाको विधा कविता हो । यिनी सु.प. साहित्य समाज धनगढी, कैलाली जनपुस्तकालय धनगढी, प्रतिभा पुस्तकालय अत्तरिया, भाष संस्कृति परिषद् आदि साहित्यिक तथा नेपाल रेडक्रस सोसाइटी धनगढी, नवदुर्गा अनुष्ठान केन्द्र धनगढी, सु.प. ज्यातिष सेवा समिति धनगढी, आदि साहित्येत्तर सङ्घ संस्थासँग आवद्ध छन् । हालसम्म यिनका 'बेहडाबाबाको उत्पत्ति र महिमा' (२०४५), 'आनन्द गीता' (२०५३) र 'विनोदानन्द मणि' (२०६१) 'कवितासङ्ग्रह', 'सरिता' (२०५६) र 'धौली' (२०६४) खण्डकाव्य, 'अमर साधक पहलमानसिंह स्वाँर' (२०६१) र 'दशरथ चन्द' (२०६५) महाकाव्य, 'दुई लाखको अर्ती' (२०६२) कथासङ्ग्रह, बालज्योतिसार (२४९) र आजको युगमा ज्योतिषको अपरिहार्यता (२०६२) ज्योतिषि परिचय आदि कृतिहरू प्रकाशित छन् । यसका अतिरिक्त पत्रपत्रिकामा थुप्रै कविता एवं लेखरचनाहरू प्रकाशित छन् । साहित्य एवं समाजसेवा गरेवाफत् पहल मानसिंह

स्मृति पुरस्कार, सु.प. साहित्य पुरस्कार, नवरत्न साधना सम्मान, हिन्दू नारी धर्म अभिनन्दन आदि प्राप्त गरेका छन् ।

### ४.९.१ सरिता (२०५६) खण्डकाव्यको अध्ययन

**सरिता** (२०५६) कविकल्पनामा आधारित स्थूल आख्यान भएको अर्थात् भावको आख्यानीकरण गरी लेखिएको खण्डकाव्य हो । यो नारी समस्यालाई लिएर लेखिएको दुःखसुखान्त सामाजिक विषयवस्तु भएको खण्डकाव्य हो ।

सामन्ती सामाजिक व्यवस्थाका कारण अवलाविधवा नारी (सरिता) ले भोल्नु परेको कारुणिक जीवनकथा प्रस्तुत खण्डकाव्यको मूल विषय बनेर आएको छ । यस खण्डकाव्यको कथासार यस प्रकार छ । सरिताको जीवन पतिको मृत्युपूर्व सुखी भए पनि पति वियोगले उनी माथि पर्नगएको वज्रपातले दुःखी बनाएको छ । विधवा भएपश्चात् शिवलाल, डिठ्ठा र हेमेजस्ता सामन्ती नरपिशाचहरू उनीमाथि गिद्दे दृष्टि लगाउँछन् । सरितालाई व्यभिचारिणी भन्दै मरणासन्न हुने गरी कुटेर सामाजिक बेइज्जति गरी, समाजबाट निकालिदिन्छन् । उनको सबै धनसम्पत्ति शिवलाल र डिट्ठाले बाँडी खान्छन् । उनी अधमरी भई घुम्दै फिर्दै काशी पुगी एक मन्दिरमा गएर बस्छिन् । त्यहाँ पुगेर मानवसेवाजस्तो सत्कर्ममा लाग्छिन् । उनका छोरा-छोरी सुरेश र सुनिता पनि घरबाट लखेटिन्छन् । उनीहरू घरबाट डिंडेपछि अनेक दुःख-कष्ट सहँदै केही वर्षपछि काशी पुग्दछन् । उनीहरूलाई सन्तानहीन तर धनी दम्पतिले पालण पोषण गर्दछन् । उनीहरू मेधावी भएकाले पढाइमा प्रगति गरी ठूला मानिस बन्न पुग्छन् । उता शिवलाल र डिट्ठाका दुर्दिन आउँछन् । उनीहरूका सन्तान कुकर्मी हुन्छन् । आफ्नै सन्तानबाट तिरस्कृत भई अन्तत्वगत्वा सरिताकै शरणमा पुग्छन् । उनीहरू सरितालाई चिनेपछि पश्चाताप बोध गर्छन् । केही समयपछि सरिता आफ्ना सन्तानसँग भेट्छिन् । उनी सुखपूर्वक जीवन बिताउँछिन् । डिट्ठा र शिवलाल आफ्ना कुकर्मको फल भोग्दछन् । **सरिता** खण्डकाव्यको विषयवस्तु सामाजिक भए पनि यसमा अध्यात्मको पुट पाइन्छ । सबैले आफ्नो कर्मगतिअनुसारको फल भोग्नु पर्ने मान्यतालाई कविले व्यक्त गरेका छन् ।

चौसठ्ठी पृष्ठ लमाई भएको यस खण्डकाव्यमा लामा-छोटा गरी आठ सर्ग र ४१३ चतुष्पदी श्लोकहरू छन् भने अन्तिम एक श्लोक २ पाउको छ । आन्तरिक संरचना आदि, मध्य र अन्त्यको क्रममा मिलेको छ ।

**सरिता** खण्डकाव्यको परिवेश नेपालको ग्रामीण बस्ती र भारतको काशी नगरको सेरोफेरो हो । यसमा सामन्तकालीन नेपाली समाजको चित्रण गरिएको छ । खण्डकाव्यमा काशी नगरको धार्मिक वातावरण, नेपाली समाजको सामन्ति थिचोमिचो आदि वातावरणका रूपमा आएका छन् ।

**सरिता** खण्डकाव्यमा शोषक र शोषित, मानवीय र दानवीय प्रवृत्ति भएका पात्रहरू छन् । सरिता यस खण्डकाव्यकी प्रमुख पात्र (नायिका) हो । ऊ ममतामयी, पतिपरायणा विधवा नारी हो । ऊ नेपाली ग्रामीण समाजकी प्रतिनिधि पात्रसमेत हो । उसको जीवन आरम्भ र अन्त्यमा सुखपूर्ण भए पनि मध्य अवस्थामा दुःखपूर्ण बन्न पुगेको छ । ऊ मानवीय भावना र कोमल हृदय भएकी सङ्घर्षशील र कर्मठ नारी हो । ऊ सत्, वर्गीय, मञ्चीय, प्रमुख, गतिशील पात्र हो । शिवलाल र डिट्ठा सामन्ती वर्गका प्रतिनिधि पात्रहरू हुन् । उनीहरू निर्दयी, मानवताविहीन पाषण हृदय भएका असत् पात्र हुन् । उनीहरू यस खण्डकाव्यका खलनायक हुन् । उनीहरू मञ्चीय, पुरुष, वर्गीय, बद्ध पात्रहरू हुन् । सुरेश र सुनिता टुहुरा, असहाय प्रताडित बालपात्रका रूपमा आएका छन् ।

**सरिता** बद्धलयमा लेखिएको खण्डकाव्य हो । यसमा शार्दूलविक्रीडित र वसन्ततिलकाजस्ता वर्णमात्रिक शास्त्रीय छन्दको प्रयोग गरिएको छ । शास्त्रीय छन्दको प्रयोगले खण्डकाव्य लयात्मक र सङ्गीतात्मक बन्न पुगेको छ । अन्त्यानुप्रास र वृत्यानुप्रासको प्रयोगले खण्डकाव्यलाई लयात्मक बनाएको छ । छन्द प्रयोगका क्रममा प्रायः यति-गति मिलेको छ । अर्थाअलङ्कार शब्दालङ्कारको प्रयोग पनि उचित तरिकाले गरिएको छ ।

**सरिता** खण्डकाव्यमा करुण रस अङ्गी सर बनेर आएको छ । वीभत्स रसको सुन्दर प्रयोग दोस्रो र पाँचौं सर्गको क्रमसः ४६ र ३१ श्लोकमा पाइन्छ । शृङ्गार, शान्त रौद्र, भयानक आदि रसको पनि यथा स्थानमा प्रयोग गरिएको छ । यथास्थानमा प्रकृतिका विविध रूपको वर्णन गरिएको छ । आरम्भ र अन्त्यमा प्रकृतिको शान्तरूपको वर्णन छ भने मध्यमा रौद्ररूपको वर्णन छ ।

### ४.९.२ दशरथचन्द (२०६५) महाकाव्यको अध्ययन

**दशरथचन्द** (२०५६) महाकाव्यकार मनिराज जोशीद्वारा लिखित दोस्रो महाकाव्य हो । **दशरथचन्द** महाकाव्यमा महाकाव्यकार मनिराज जोशीले ऐतिहासिक सन्दर्भ र त्यसले नेपाली समाजिक परिवेशमा पारेको गहन प्रभावलाई विषयवस्तु बनाएका छन् । यो महाकाव्य पूर्वीय महाकाव्य मान्यतालाई आत्मसाथ गरी लेखिएको छ । महाकाव्यमा एघाह्र सर्ग र एउटा उपसंहार खण्ड छ । प्रथम सर्गमा मङ्गलाचरणका रूपमा देव-देवी बन्दना गरिएको छ । दोस्रो सर्गमा महाकाव्य लेखनकार्य कठिन भए पनि परिश्रमपूर्वक अगि बढ्ने सङ्कल्प गरिएको छ । तेस्रो सर्गमा

नेपाललाई अखण्ड राखी उन्नत बनाउन सहीदले कोरेको बाटोमा हिंड्न आग्रह गरिएको छ । चौथो सर्गमा सहीदहरूको गौरवगान गर्दै दशरथचन्द महान सहिद भएको विचार प्रस्तुत छ । यसै सर्गमा दशरथका पिता पुर्खाको परिचय दिंदै यशगान गाइएको छ । यो सर्ग वंश वर्णनका रूपमा आएको छ । पाँचौं सर्गको पूर्वाद्धसम्म वंशवर्णन गर्दै उत्तरार्द्धमा त्यसै वंशमा दशरथ नामका तेजश्वी वालकको जन्म भएको र जन्मोत्सव भव्यताका साथ मनाइएको प्रसङ्ग छ । छैटौंदेखि एघाह्रौं सर्गसम्म दशरथ चन्दका बाल्यकालदेखि सहादत प्राप्त गरे सम्मका घटनालाई विषयवस्तु बनाइएको छ । दशरथचन्द सानैदेखि निडर, हक्की तर शालीन छन् भने हुर्कदै जाँदा जुभ्कारु देखापरेका छन् । अन्याय र अत्याचार नसहने, न्यायपूर्ण सामाजिक व्यवस्थाबाट नागरिक वञ्चित हुन नहुने, राष्ट्रउत्थानमा मर्न समेत पछि पर्न नहुनेजस्ता भावनाले छोएपछि उनी तत्कालीन राणाशासनविरुद्ध लागेका थिए । उनी सवै नेपालीले पेटभरि खानपाएको, लेखपढ गर्न पाएको, स्वाभिमानपूर्वक बाँच्न पाएको देख्न चाहन्थे । उनी त्यसका लागि तत्कालीन राणहरूलाई अपराधिका रूपमा सम्भ्कीं त्यसका विरुद्ध लागे । त्यसै बेला भारतमा चलेको स्वतन्त्रता आन्दोलनको प्रभावले उनलाई क्रान्तिमा लाग्न हौसला प्रदान गऱ्यो । उनी राणा शासनका विरुद्ध जनचेतना फैलाउने, राजैतिक सङ्गठन निर्माण गर्ने, समाजमा भएका विभेद हटाउने कार्यमा जुटे । त्यसक्रममा उनले पत्रपत्रिकामा राणाविरोधी लेख छपाउने, पर्चा वितरण गर्ने, गोप्य सभाहरू आयोजना गर्ने कार्यहरू गरे । त्यसको जानकारी अत्याचारी राणाहरूले थाहापाए पछि उनीमाथि निगरानी राख्न थाले । उनलाई त्यसो नगर्न अनेक धम्कीहरू आए पनि त्यसलाई आफ्नो जीवनको लक्ष्य सम्भिकदै त्यस कार्यमा लागिरहे । अन्तत्वगत्वा उनलाई राणा शासकहरूले गाथ र गद्दि ताकी देश विरोधी अपराध गरेको भन्दै पक्राउ गऱ्यो । उनलाई कठोर जेल यातना दिइयो । उनले आफूलाई जति यातना र सजाय दिए पनि आफ्नो कर्तव्य पथबाट अलग नहुने प्रण गरे । उनी सच्चा जनप्रेमी, राष्ट्रभक्त थिए । राणाहरूसँग प्राणको दुहाइ माग्नु भन्दा उनलाई सहादत प्रिय थियो । अन्तत्वगत्वा वि.सं.१९९७ माघ १४ गते सहादत प्राप्त गरे । उपसंहार खण्डमा सहिदको यशगान गर्दै उनीहरू मरेर पनि युगौंयुग बाँचेका छन् भन्ने भाव व्यक्त गरिएको छ । वीर सहिदको यस गाथारूपी पुष्पलाई सहिदमा नै अर्पण गरिएको छ । यसरी यस महाकाव्यमा जीवनको सम्पूर्णताका साथै एक युगको वर्णन छ ।

**दशरथचन्द** महाकाव्यको अङ्गीरस वीर हो । वीर रसका अतिरिक्त शान्त भक्ति, करुण रस क्रमशः दोस्रो प्रथम र तेस्रो अध्यायमा आएका छन् । पाँचौं सर्गदेखि विभत्स, अद्‌भूतजस्ता रस अंङ्गीरस वीर रसकै सहायक भएर आएका छन् । वीर सहिद दशरथचन्दको यशगानको उद्देश्य लिएको हुनाले वीररस यस महाकाव्यको अङ्गी रस भएर आएको छ ।

**दशरथचन्द** महाकाव्यमा अलङ्कारको स्वतस्फूर्त प्रयोग भएको छ । शब्दालङ्कार र अर्थालङ्कारको यथास्थानमा प्रयोग छ । अन्त्यानुप्रास कव्यभरि नै आएको छ । उपमा अलङ्कारझैँ, जस्तै, तुल्य पदको प्रयोगका साथ आएको छ । त्यसै गरी दृष्टान्त, वक्रोक्ति, समासोक्ति, यमक आदि अर्थालङ्कार र वृत्यानुप्रास, श्लेष शब्दालङ्कारको प्रयोग महाकाव्यमा छ ।

**दशरथचन्द** यस महाकाव्यका नायक हुन् । उनी सुर, वीर, धीर क्षेत्रीयोचित गुणले सम्पन्न छन् । उनी राजा नभए पनि राजोचित गुणले सम्पन्न छन् । उनी राष्ट्र र जनप्रेमी छन् । उनी सत्पात्र हुन् । महाकाव्यमा चरित्रवर्णन काममा सत्पात्रको (दशरथ) यशगान गरिएको छ भने असत् पात्र (राणाहरू) को निन्दा गरिएको छ ।

**दशरथचन्द** महाकाव्यको बाह्य संरचना २२८ पृष्ठ, ११ सर्ग र एक उपसंहार खण्ड गरी १२ सर्ग, १,२४० श्लोकहरू रहेका छन् । यो महाकाव्य पूर्वीय महाकाव्य ढाँचा मुताविक रचना गरिएको छ । आन्तरिक संरचनाअन्तर्गत महाकाव्यको आदि, मध्य र अन्त्यको क्रम मिलेको छ । यस महाकाव्यमा आख्यानको भावमय प्रस्तुति छ ।

**दशरथचन्द** महाकाव्यमा वार्णिक र मात्रिक शास्त्रीय छन्दका साथै लोकछन्दको समेत प्रयोग गरिएको छ । सर्गान्तमा छन्द परिवर्तन गरी वस्तु निर्देश गर्ने पूर्वीय परम्परालाई निर्वाह गरिएको छ । अन्त्यानुप्रास र वृत्यानुप्रासजस्ता शब्दलङ्कारको प्रयोगले महाकाव्यलाई लयात्मक बनाएको छ । यस महाकाव्यमा अनुष्टुप शार्दूलविक्रीडित, वसन्ततिलका, भुजङ्गप्रयात, शिखरिणी, मन्दाक्रान्ता, स्रग्धारा, मात्रा, इन्द्रब्रजाजस्ता शास्त्रीय छन्दको प्रयोग गरिएको छ । झ्याउरे, कर्खा, लोकछन्दको प्रयोग पाइन्छ । संख्यात्मक रूपले शर्दूलविक्रीडित, अनुष्टुप र वसन्ततिलका क्रमशः पहिलो दोस्रो र तेस्रो स्थानमा छन् । छन्दमा यति गतिको क्रम मिलेको छ ।

**दशरथचन्द** महाकाव्यको भाषा शैली परिष्कृत छ । शब्दहरू तत्सम तद्भव, झर्रा र आगन्तुक शब्दको प्रयोग गरिएको छ । शैली वर्णनात्मक छ । यस महाकाव्यमा सुक्तिको प्रयोग ठाउँठाउँमा हुनु शैलीगत विशिष्ठता हो । भाषा अलङ्कृत छ । व्याकरणको पालना गरिए पनि कुनै कुनै ठाउँमा ह्रस्वमात्रालाई दीर्घमात्रा र दीर्घमात्रालाई ह्रस्वमात्रा बनाइएको छ ।

दशरथकालीन नेपाल र त्यसवेलाको नेपाली समाज यस महाकाव्यको परिवेश हो । महाकाव्यमा जन्मोत्सव, प्रकृतिका विविध रूप हिमाल, वन, सरोवर, वर्षा आदिको वर्णन तथा युद्धवर्णन आदि गरिएको छ ।

सत्यको जित र असत्यको हार हुन्छ भन्ने विचार महाकाव्यकारको छ । जनताका लागि प्राण उत्सर्ग गर्ने व्यक्ति भौतिक रूपमा यस संसारमा नरहे पनि ऊ सहिदका रूपमा सधैं बाँ चिरहन्छ भन्ने जीवन दृष्टि व्यक्त गरिएको छ । दु:खान्त कथावस्तु प्रयोग गरिनु पूर्वीय काव्यमान्यताको विपरीत छ । यस महाकाव्यमा दशरथको जीवनका घटनाको वर्णन र उनको यश गान गरिएकाले उनकै नामवाट शीर्षकिकरण गरिएकाले शीर्षक सार्थक छ ।

### ४.९.३ निष्कर्ष

मनिराज जोशी परिष्कारवादी कविका रूपमा देखिएका छन् । उनले सामाजिक र ऐतिहासिक विषयवस्तुलाई लिएर काव्यकृतिको रचना गरेका छन् । उनी छन्द प्रयोगमा सफल छन् । आरम्भका कृतिमा व्याकरणिक त्रुटी भए पनि क्रमशः सच्चिदै गएको छ । ऐतिहासिक र सामाजिक विषयवस्तु प्रयोग गर्दा मन छुने कृतिको रचना उनबाट भएको छ । प्रजातन्त्र, मानवताप्रति आस्था प्रकट र शोषण, दमन, अन्याय र अत्याचारको विरोध उनका कृतिमा पाइन्छ । यिनका खण्डकाव्यमा नारीवादी चेत सशक्त रूपमा आएको छ । राष्ट्रिय चरित्र भएका व्यक्तित्वलाई विषय बनाई महाकाव्य सिर्जना गर्नु यिनको राष्ट्रवादी चिन्तनको प्रभाव हो । यिनका काव्य सरल भएर पनि मर्मस्पर्शी र हृदयस्पर्शी छन् । आध्यात्मिक भक्तिभावयुक्त काव्य सिर्जना गर्नु पनि यिनको महत्त्वपूर्ण पक्ष हो ।

## ४.१० पद्मराज जोशी 'प्रभात' (२०१६)

पद्मराज जोशी 'प्रभात' को जन्म वि.सं.२०१६ सालमा डोटीको पोखरीमा भएको हो । यिनले एम्.ए. सम्मको अध्ययन पूरा गरेका छन् । यिनको साहित्य यात्राको आरम्भ २०३६ सालमा 'हाम्रो नेपाल' शीर्षकको कविताबाट भएको हो । जुन 'पञ्चायत विकास प्रशिक्षण केन्द्र' को बुलेटिनमा छापिएको थियो । यिनले, कथा, कविता, उपन्यास आदि साहित्यिकविधा लोकसाहित्य र संस्कृतिमा कलम चलाएका छन् । यिनी सु.प.साहित्य समाज, नेपाल लेखक सङ्घ संस्थासँग आबद्ध छन् । यिनी पेशाले निजामति कर्मचारी

हुन् । यिनका 'नामसारी' (२०५७) कथासङ्ग्रह, 'गौरापर्व एक परिचय' (२०५९) लोक साहित्य + संस्कृति, 'सु.प. को समाज र लोकसंस्कृति' (२०६४) संस्कृति, 'पहाडको सौराई' (२०६४) उपन्यास प्रकाशित पुस्तककार कृति हुन् भने यसका अतिरिक्त अन्य थुप्रै लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यिनले साहित्य सेवा गरेवापत 'साझा लोकसाहित्य पुरस्कार' (२०५९) प्राप्त गरेका छन् ।

### ४.१०.१ गौरापर्व एक परिचय (२०५९) कृतिको अध्ययन

**गौरापर्व एक परिचय** (२०५९) गौरासम्बन्धी विभिन्न विषयहरू समेटिएर तयार पारिएको कृति हो । एक सय आठ पृष्ठको यो कृति आठ भागमा विभाजित छ । विशेष गरी नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र र भारतको कुमाउँ र हिमाचल प्रदेशमा मनाइने 'गौरा' पर्वका

बारेमा यस कृतिले प्रकाश पारेको छ । यस कृतिमा गौरा पर्वका बेला गाइने चैत, धमारी, ढुस्का, फाग, गौरा गीत र डेउडाजस्ता लोकसाहित्यका विविध विधाहरू समावेश गरिएको छन् ।

यस कृतिको प्रथम खण्ड 'परिचय खण्ड' हो । यस खण्डअन्तर्गत गौरा शब्दको उत्पत्ति, गौरा पर्वको ऐतिहासिक पृष्ठभूमि, गौरा मनाइने क्षेत्र, गौराको सामाजिक, धार्मिक, साँस्कृतिक महत्त्व जस्ता विषयहरू समावेश छन् । गौरा पर्वलाई एक व्यक्तिले चलाएको नभई यसलाई आदिकालदेखि नै सबैले साझा सम्पत्तिका रूपमा मान्दै आएका छन् । गौरा साँस्कृतिक धरोहर हो । यो एक व्यक्तिविशेषको नभएर सबैको साझा सम्पत्ति हो भन्ने विचार लेखकको छ । गौरा समानता र स्वतन्त्रताको प्रतीक हो । यस पर्वलाई हुनै भेदभाव विना महिला, पुरुष, बालक, बृद्ध, धनी, गरिब सबै उत्तिकै रूपमा मनाउँछन् । यस पर्वले पति र पत्नीका बीचको प्रणय सम्बन्धलाई सुमधुर बनाउँछ । समाजका व्यक्तिमा कटुतापूर्ण व्यहार र वैरभाव भए पनि गौराको समयमा सबै मिली पूजा अर्चना र हाँसखेल गर्दछन्, भन्ने कुरा यस अध्यायमा देखाइएको छ ।

दोस्रो खण्ड 'इतिहास खण्ड' हो । यस खण्डमा गौरा पर्व कहिले, कहाँ, कसरी, किन, कसबाट आरम्भ गरियो भन्ने पक्षका बारेमा चर्चा गरिएको छ र तिनीहरूको वैदिक र पौराणिक आधार प्रस्तुत गरिएको छ । यस क्रममा हैह्यवंशी क्षेत्रीले भृगुवंशी ब्राह्मणको सर्वनाश गरेपछि भृगुवंशी एक ब्राह्मणीले गौरीको तपस्या गरी एक तेजस्वी बालक जन्माइन् जसको तेजका प्रभावले हैह्यवंशी क्षेत्री अन्धा भए र ब्राह्मण वंशको संरक्षण भयो अनि गौरी प्रसन्न भई सर्वकल्याण गरेको हुनाले त्यस दिनलाई गौरा (गैरी) पर्वको रूपमा मनाउन थालियो भन्ने प्रसङ्ग उल्लेख छ ।

तेस्रो खण्ड 'कर्मकाण्ड खण्ड' हो । यस खण्डमा गौरा पर्वमा गरिने कर्मकाण्डीय विधि गणेश, कलश, मातृ, दीप, पूजा, स्वस्तिवाचन, पुण्याहवाचन, रक्षाविधान, पञ्चगव्य तयार गर्ने विधि आदिको उल्लेख छ ।

चौथो खण्ड 'अनुष्ठान खण्ड' हो । यस खण्डमा पञ्चमीदेखी अष्टमीसम्म गरिने कर्म विरुडा (क्वाटी) भिजाउने, गौरा ल्याउने, अमुक्त मरण सप्तमी व्रतकथा, दूर्वाअष्टमी व्रतकथा, दुर्वा अष्टमी व्रतपूजा विधि, (दोरक) दुवाधागो आदिका बारेमा चर्चा गरिएको छ ।

पाँचौं खण्ड 'फाग खण्ड' हो । यस खण्डमा गौरा पर्वमा गाइने फागहरू गौरा ल्याउने बेलाको फाग, अठवाली फाग, विरुडा भिजाउँदाको फाग, बलुपूजा गर्दाको फाग, गौरा विवाहमा

गाउने फाग, उमामहेश्वर नचाउँदाको फाग, सेली ढाल्ने बेलाको फाग, गौरा सेलाउँदा (विसर्जन) को फाग आदि सङ्कलित छन् । यो खण्ड नेपाली लोकसाहित्य र संस्कृतिसँग बढी निकट छ ।

छैटौँ खण्ड 'चैत, एवं धमारी खण्ड' हो । यस खण्डमा गौरा पर्वका बेला गाइने चैत र धमारी सङ्कलित छन् । यिनीहरूमध्ये रामचन्द्रको चैत, गन्याप देवताको चैत, तुलसाको चैत, उमा महेश्वरको चैत, पशुपतिनाथकी धमारी आदि महत्त्वपूर्ण छन् । यो खण्ड लोकसाहित्यका दृष्टिले महत्त्वपूर्ण छ । गौरा विर्सजनका बेला गाइने आशिषको नमुना यस प्रकार छ –

वरतारु बाँचिरउन लाखवरिष फिरिफिरि गमरा पूजन्नी

आकाश बासली कौशिल्ला, पाताल बास मुरेलिया

फगारी बाँचीरौन लाख वरिष फिरीफिरी फाग गाउन्नी

आकाश .......

खेलाडी बाँचीरौन लाख बरिष फिरीफिरी खेल खेलन्ना ।[८७]

सातौँ खण्ड 'गौरागीत खण्ड' हो । यस खण्डमा चैत र धमारी बाहेकका गमरामा गाइने अन्य गीतहरू समावेश छन् । यस खण्डमा श्री कृष्णको भोलाउलो, पनि सङ्कलित छ । यी गौरा गीत डेउरासँग मिल्दाजुल्दा छन् । प्रत्येक गीतको लय फरक फरक हुनु यिनको विशेषता हो ।

आठौँ खण्ड 'उपसंहार खण्ड' हो । यस खण्डमा गौरा पर्वसँग सह-सम्बन्धित बाजा, गौरा सु.प. क्षेत्रमा मनाउनुको कारण, महिला मात्र व्रतवस्नुको कारण, गौरा महेश्वरको विवाह आदि विषयको चर्चा छ ।

यो कृति विशेषतः गौरा पर्वको बारेमा प्रकाश पार्ने उद्देश्यले लेखिए पनि यसमा समाविष्ट भएका चैत, धमारी, गौरागीत, फाग आदि लोकसाहित्यका दृष्टिले महत्त्वपूर्ण छन् ।

### ४.१०.२ पहाडकी सौंराई (२०६४) उपन्यासको अध्ययन

**पहाडकी सौंराई** (२०६४) उपन्यासकार पद्मराज जोशीको प्रथम औपन्यासिक कृति हो । यो सामाजिक विषयवस्तु भएको उपन्यास हो । यस उपन्यासको कथासार यस प्रकार छ - विजय र उसका साथीहरू अध्ययन भ्रमणका क्रममा डोटी पुगेका छन् । विजय धेरै वर्षपछि आफ्नो जन्मथलो

[८७] पद्मराज जोशी 'प्रभात', **गौरा पर्व एक परिचय**, धनगढीः सु.प.संस्कृति प्रवर्द्धन समिति, २०५९, पृष्ठ १३२ ।

फर्किएको छ। ऊसँगै उसका साथीहरू उमेश, मनोज, बलदेव, शकुन्तला र ममता पनि त्यहाँ गएका छन्। विजयका साथीहरूलाई त्यहाँका स्थान, चाड, पर्व, रीति-रिवाज, समाज, आदिका बारेमा जानकारी लिने इच्छा

हुँदा विजय ती सबैका बारेमा आफूले जानेका कुराहरू साथीहरूलाई बताउँछ। प्रसङ्ग

अगिबढ्दै जाँदा विजय आफ्नो वाल्यकालमा डोटी बसाइका क्रममा संगालेका अनुभव साथीहरूलाई सुनाउँदै जान्छ। त्यसै क्रममा पहाडका मानिसहरू अभावका कारण भारतको विभिन्न सहरमा काम गर्न गई गाउँको दुरावस्था आएकोमा ऊ दुःख व्यक्त

गर्छ। यसै गरी उसका साथीहरू विजयले गरेको हाटको यात्राका बारेमा बताउन आग्रह गर्छन्। विजय आफूले गरेको हाटको यात्राको वर्णन गर्न थाल्छ। सडक यातायात नपुगेका बेला पश्चिम पहाडका मानिसहरू नुन, गुड लत्ता कपडा लिन भारतको टनकपुर ब्रह्मदेऊ आदि क्षेत्रमा जाने गर्थे। यसलाई त्यतिबेला हाट जाने भनिन्थ्यो। एक पटक विजयका गाउँका मानिसहरू हाट जान लागेको थाह पाएर ऊ पनि आमासँग हाट जाने इच्छा जाहेर गर्छ। तर आमाले उसलाई हाट जान नसक्ने भन्दै रोक्न खोज्छिन्। परन्तु उसले भागेर भए पनि आफू हाट गई छाड्ने भनेपछि आमा आवश्यक सामान जुटाई उसलाई हाट पठाउँछिन्। ऊ अन्य हटेरुसँग हाट जान्छ। विजयले हाट जाने क्रममा पुगेका ठाउँ, बास बसेका गाउँ, बाटामा पर्ने नदी खोला आदिका बारेमा ऊ सँगै हाट गएका हटेरुबाट जे जानकारी पाएको थियो ती सबकुरा साथीहरूलाई सुनाउँछ। उसले हाटको यात्रा डोटीको पोखरीदेखि आरम्भ गरी कैलालीको मालाखेतीमा आएर पूरा गर्छ। त्यस क्रममा ऊ पोखरी, दीपायल, तेले, गडसेरा, निरौली, जोरायल, सहजपुर, मछेली खोला हुँदै कैलालीको मालाखेती आइपुग्छ। ऊ जिज्ञासु भएकाले आफू पुगेको स्थानको ऐतिहासिक धार्मिक, साँस्कृतिक बारेका खुलदुली बूढा पाकासँग जानकारी लिएर

मेटाउँछ। विजय कैलालीको मालाखेती पुगि सकेपछि पहाडबाट झरेका मानिसहरूलाई भेटाउँछ। उनीहरू उसकै गाउँका हुन्छन्। उनीहरू विजयलाई भेटेपछि साह्रै खुसी हुन्छन्। विजयसँग पहाडको हालखबर सोध्छन्। तराई झरेपछि पहाडको सम्झना आइरहेको बताउँछन्। तिनीहरूमध्ये एउटी बृद्ध आफू पहाडबाट खुशीले नभई ठालू र सामन्तहरूको थिचो-मिचो सहन नसकी तराई आएको बताउँछिन्। आफू तराईमा बस्नुपरे पनि आफ्नो मन भने सधैं पहाडकै यादमा तड्पी रहेको अनुभव सुनाउँछिन्। केही दिन तराईमा बसी माल सामान किनेर विजय र उसका हटेरु साथीहरू मालाखेतीबाट हिंड्दछन्। केही दिनपछि पुनः हाट गएकै बाटो पार गरेर घर

फर्किन्छन्। हाटको यात्राको वर्णन समाप्तिसँगै उपन्यास पनि अन्त्य हुन्छ।

**पहाडकी सौंराइ** उपन्यास मध्य आयाम भएको उपन्यास हो । यसमा १०२ पृष्ट र ५ भाग छन् । उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको क्रममा शृङ्खलित भएर आएको छ ।

**पहाडकी सौंराई** उपन्यासमा दुई छुट्टाछुट्टै कथानकलाई संयुक्त रूपमा राखिएको छ । ती मध्ये एउटा विजयले गरेको हाटको यात्रा हो भने अर्को विजय र उसका साथीहरूले गरेको शैक्षिक भ्रमण हो ।

**पहाडकी सौंराई** उपन्यासले समेटेको परिवेश डोटी र कैलाली हो । यस क्रममा डोटीका पोखरी, दीपायल, तेले, गडसेरा, जोरायल तथा कैलालीको सहजपुर र मालाखेती समेटिएका छन् । त्यसै गरी त्यस ठाउँका मानिसहरूको वेषभूषा बोली व्यवहार आदिलाई पनि परिवेशका रूपमा लिन सकिन्छ । डोटीका विभिन्न चाड, पर्व, हाट जाने चलन, जीवन पद्धतिसमेत यस उपन्यासको परिवेशका रूपमा समेटिएका छन् । यो आञ्चलिक उपन्यास हो ।

विजय यस उपन्यासको प्रमुख पात्र हो । ऊ यस उपन्यासको समाख्याता भएर आएको छ । ऊ जन्मथलो डोटीमा नबसे पनि उसलाई आफ्नो जन्मस्थानप्रति आस्था र माया छ । पहाडको दुरावस्थाले चिन्तित भएको राष्ट्रभक्त पात्रका रूपमा प्रस्तुत भएको छ । उसलाई त्यस ठाउँका बारेमा पूर्ण जानकारी छ । ऊ सर्वज्ञ पात्र हो किनभने उसको भूमिका सबैभन्दा महत्त्वपूर्ण छ । ऊ गतिशील, मञ्चीय, बद्ध, प्रमुख, अनुकूल, सत् पात्र हो । उमेश, मनोज, बलदेव, शकुन्तला र ममता विजयका साथी हुन् । उनी श्रोताका रूपमा उपन्यासमा प्रस्तुत छन् । उनीहरू सत्, मञ्चीय, बद्ध पात्र भए पनि भूमिकाका हिसाबले गौण पात्र हुन् । जयानन्द विजयसँग हाट गएका बृद्ध हुन् । यात्राका क्रममा विजयलाई विभिन्न जानकारी दिन्छन् । उनी सत्, पुरुष,  पात्र हुन् । विजयकी ठूली आमा पहाडबाट वसाईं सराइ सरेर तराईमा बसेकी छन् । उनी आफ्नो जन्म थलो र त्यहाँको समाज र संस्कृतिप्रति हुरुक्क हुने पात्र हुन् । उनी पहाड छोड्नाको पीडा लिएर बाँचेकी छिन् । यस उपन्यासका सवै पात्र आञ्चलिक पृष्टभूमि भएका छन् ।

उपन्यासमा वर्णनात्मक र प्रश्नात्मक शैलीका साथै पूर्वदीप्ति शैलीलाई अपनाइएको छ । यस उपन्यासका सम्पूर्ण घटना विजयले साथीहरूलाई वर्णन गरेको छ भने सङ्का लागेको ठाउँमा उनीहरूले प्रशन प्रतिप्रश्न गरेका छन् । यस उपन्यासमा डोटेली भाषिकाका साथै नेपाली भाषाको प्रयोग गरिएको छ ।

**पहाडकी सौंराई** उपन्यासका घटना एवं क्रिया र द्वन्द्वलाई उपन्यासकारले बाहिरै बसेर वर्णन गरेका छन् । कथैता उपन्यासको पात्र भएर नआएकाले यसमा तृतीय पुरुष सर्वदर्शी दृष्टिविन्दु प्रयोग गरिएको छ ।

मानिसहरू जीवननिर्वाहका क्रममा अन्यत्र गए पनि आफ्नो पुर्ख्यौली भूमिलाई बिर्सन सक्दैनन् भन्ने उपन्यासको सारवस्तु हो । 'पहाडकी सौराईं' को नेपाली अर्थ 'पहाडको सम्झना' हुन्छ । उपन्यासका पात्रहरू पहाड छोडी अन्यत्र गए पनि पहाडलाई सम्झिरहेका छन् । शीर्षक अविधात्मक छ । सबैलाई पहाडको सम्झना आइरहने भएकाले शीर्षक सार्थक छ ।

### ४.१०.३ निष्कर्ष

पद्मराज जोशीले कविता, कथा, उपन्यासजस्ता साहित्यिक विधा र संस्कृतिमा कलम चलाएका छन् । उनका उपन्यासमा आञ्चलिकता, स्थानीय भाषिकाको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीको प्रयोग उनको उपन्यासमा पाइन्छ । लोकसाहित्य र लोकसंस्कृतिका क्षेत्रमा पनि उनले महत्त्वपूर्ण योगदान दिएका छन् ।

## ४.११ हेमन्ती जोशी (२०१८)

हेमन्ती जोशीको जन्म वि.सं.२०१८ साल डोटीको सीमचौरमा भएको हो । उनले आइ.ए. सम्म शिक्षा हासिल गरेकी छिन् । उनी शिक्षण पेशामा संलग्न छिन् । उनले 'शारदी पुष्प' (?) मा कविता प्रकाशन गरी साहित्यमा प्रवेश गरेकी हुन् । यिनले कथा, कविता, गजल, मुक्तक आदि लेखेकी छिन् । सु.प. साहित्यसमाज, कैलाली जनपुस्तकालयजस्ता संस्थासँग यिनी आवद्ध छिन् । यिनका 'प्रतिबिम्ब' (२०६४) कथा सङ्ग्रह र 'सहयात्रा' – १ (२०६४) संयुक्त कवितासङ्ग्रह प्रकाशित छन् । यिनले 'नवरत्न प्रतिभा सम्मान' (२०६४) प्राप्त गरेकी छिन् ।

### ४.११.१ प्रतिबिम्ब (२०६४) कथासङ्ग्रहको अध्ययन

**प्रतिबिम्ब** (२०६४) हेमन्ती जोशीको प्रथम कथासङ्ग्रह हो । ५४ वटा पृष्ठको यस कथासङ्ग्रहमा मध्यलमाइका १३ वटा कथाहरू सङ्कलित छन् । यस कथासङ्ग्रहमा वर्तमान नेपाली समाजले युद्धको कारण भोगेका दुःख, पीडा, प्रशासनिक दमन, उत्पीडन, विद्रोहले निम्त्याएका समस्या, भावुक प्रेम, पारिवारिक समस्या आदि विषयवस्तु समेटिएको छ । 'पुनर्मिलन' कथामा पति-पत्नीका बीचको शङ्का र भ्रमले गर्दा उनीहरूको सम्बन्धमा चिसोपना आउन सक्ने र त्यसले विछोडजस्तो पीडादायी स्थितिको सिर्जना गर्ने विषय समेटिएको छ । 'प्रेरणा' कथा देशमा उत्पन्न द्वन्द्वको स्थितिमा विद्रोहीबाट मारिएका पतिको मृत्युपर्यत्न पनि धर्मपूर्वक छोरा छोरीप्रति आफ्नो कर्तव्यमा अडिक रहेको महिलाको कथा हो । 'पैन्या' अनाथ बालकको पीडालाई समेटेर लेखिएको कथा

हो । यसमा युद्धका कारण आमाबाबु गुमाएका कारण ऊ टुहुरो बनेको छ । 'परिवर्तन' एक कर्तव्य परायणा महिलाको जीवनमा आधारित कथा हो । ऊ आफ्नो कर्तव्य पूरा नगरेसम्म अविवाहित रही कर्तव्य पूरा गरी विधुर अधिकृतसँग विवाह गर्छे । 'पुण्य' कथा द्वन्द्वमा पिल्सिएको निरापराध बालकको कथा हो । अपराध नगर्ने र युद्ध सम्बद्ध नभएका व्यक्ति कसरी युद्धका सिकार भए भन्ने कुरा यस कथामा देखाइएको छ । 'पूर्ण प्रेम' कथामा मानिसले आफूसँग भएको सीप र ज्ञान अरूलाई बाँड्नुपर्छ भन्ने विचार प्रस्तुत गरिएको छ । शिक्षाको अर्थ कोरा ज्ञान हाँसिल गर्नु मात्र नभएर त्यसलाई दैनिक व्यवहारमा उतार्न सक्नु पर्ने धारणा प्रस्तुत गरिएको छ । शिक्षित युवा वर्गले समाजका अशिक्षा कुसंस्कार र रुढिहरूलाई हटाउन जुट्नु पर्ने आह्वान गरिएको छ । 'पत्रमित्र' कथामा पत्रमित्रतामार्फत् मानिस एक अर्काका बीचमा सुमधुर सम्बन्ध स्थापना गर्न सक्छन् भन्ने देखाइएको छ । 'पछुतो' विवाहपछि विधवा बनेकी नारीको कथा हो । कथाकी नायिकाले आफ्नी

बहिनीको विवाह आफ्नो देवरसँग गराइ दिन्छे । तर केही समयपछि उसकी बहिनी विधवा बन्छे । यस घटनाले दिदीलाई पश्चाताप बोध गराउँछ । 'प्रेतात्मा' कथामा शोषक र सामन्त समाजका लागि प्रेत सरह हुन् भन्ने देखाइएको छ । यस कथामा हुने खाने र गरिबका बीचको खाडललाई पनि प्रष्ट्याउन खोजिएको छ । 'प्रवचन' कथामा धार्मिक नेता र राजनेतालाई व्यङ्ग्य प्रस्तुत गरेको छ । उनीहरूले भाषणमा ठूला-ठूला कुरा गरे पनि व्यवहारमा नउतारेको तथ्यलाई प्रकाश पारिएको छ । 'परिचय' कथामा प्रहरी र सैनिकले आफ्नो ज्यान दिएर भए पनि देश र जनताको सेवा गर्छन् भन्ने कुरा देखाइएको छ । 'परिणाम' कथाले एक विवाहित पुरुष कसरी अर्की नारीप्रति आकर्षित हुन्छ भन्ने विषयवस्तुलाई उठाएको छ । कथामा आफू उपेक्षित महसुस भएमा पुरुष परस्त्रीसँग सल्किन पुग्छ भन्ने देखाइएको छ । 'पवित्र प्रेम' कथामा सच्चा प्रेम एकजनासँग मात्र हुन्छ भन्ने देखाइएको छ । एकसँग एकपटक प्रेम भएपछि अर्कोसँग विवाह भए पनि पहिले प्रेम गरेकै मानिस मनमा बसी रहने देखाइएको छ ।

**प्रतिबिम्ब** कथासङ्ग्रहमा संकलित कथाहरूले समसामयिक सामाजिक सन्दर्भलाई समेटेको छ । कथाहरू सामाजिक यथार्थवादी र आदर्शवादी छन् । कथाहरूले प्रेम कर्तव्यनिष्ठता, सत्चरित्रता नैतिकता र मानवियतालाई प्रस्तुत गरेका छन् । कथाकारले सामाजिक कुरीतिहरूलाई हटाउन आह्वान गरेकी छन् । आरम्भमा कथाका पात्रहरूले दुःख पाएको देखाइए पनि कथालाई फिल्मी शैलीमा अन्त्य गरी आदर्श जीवन बाँचेको देखाइएको छ । कथामा आशावादी जीवनदृष्टि प्रस्तुत छ । तेह्रवटा कथाहरू 'प' अक्षरबाट सूरु गरी नयाँपन ल्याउन खोजिएको छ ।

**प्रतिबिम्ब** कथासङ्ग्रहमा प्रयुक्त पात्रहरू नेपाली समाजभित्रकै हुन् । पात्रहरू आ-आफ्नो चारित्रिक विशेषता बोकेका छन् । यस कथासङ्ग्रहमा पूरुष, स्त्री, प्रमुख, गौण वर्गीय-व्यक्तिगत, अनुकूल-प्रतिकूल, गतिशील-स्थिर बद्ध-मुक्त आदि पात्रहरू आएका छन् । पुरुष पात्रहरू लाछी, कर्तव्यच्युत डरछेरुवा, परम्पराप्रति नतमस्तक छन्  भने नारीपात्रहरू परिवर्तनगामी, कर्तव्यनिष्ठ, सङ्घर्षशील छन् । यी कथाहरूमा प्रथम र तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग गरिएको छ ।

**प्रतिबिम्ब** कथाको परिवेश नेपालको ग्रामीण र सहरी क्षेत्र हो । कथाहरूमा नेपाली सामाजिक र परिवारिक वातावरणलाई समेटिएको छ । युद्धकालीन त्रास, पीडा र रोदन परिवेशका रूपमा आएको छ । यस सङ्ग्रहमा काठमाडौं, डोटी, कैलाली आदि ठाउँलाई परिवेश बनाइएको छ ।

**प्रतिबिम्ब** कथासङ्ग्रहमा सरल भाषा शैलीको प्रयोग गरिएको छ । शब्दहरू तत्सम, तद्भव र झर्रा स्रोतका छन् । गडगडाहट, हलक्क, मुसुक्क, मिचिमिचि, भुतुक्कै, दिक्क, चसक्क, छटफटाहट, छिटो-छिटोजस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषिक मिठास थपेको छ। कथामा वर्णनात्मक शैली प्रयोग गरिएको छ । कथाहरू घटना प्रधान छन् ।

## ४.११.२ निष्कर्ष

हेमन्ती जोशीले सामाजिक विषयवस्तुलाई लिएर कथा लेखेकी छिन् । उनका कथामा आशावादी जीवनदृष्टि पाइन्छ । उनका कथाका नारी पात्रहरू पीडित भए पनि सङ्घर्षशील छन् । कथाका नारी पात्र कथाकारका छायाँ बनेर आएका छन् । कथाको अन्त्य फिल्मीशैलीमा गरिनु कमजोरीका रूपमा देखिएको छ ।

## ४.१२ मेघनाथ खनाल 'बन्धु' (२०१९)

मेघनाथ खनालको जन्म वि.सं.२०१९ सालमा इलामको जितपुरमा भएको हो । उनले वि.ए. सम्मको शिक्षा हाँसिल गरेका छन् । 'मातृ सन्देश' (?) मा 'सेतीको सुसेली' शीर्षकको कविता प्रकाशित गरी उनी साहित्यमा देखा परेका हुन् । उनी पेशाले शिक्षक हुन् । उनका विभिन्न पत्रपत्रिकामा कविता, गजल, नाटक, हाइकु, कथा आदि प्रकाशित छन् । उनका प्रकाशित कृतिहरू गजल यात्रा (२०६४) गजलसङ्ग्रह, सहयात्रा– १ (२०६५) संयुक्त कवितासङ्ग्रह प्रकाशित छ । साहित्य सेवा गरेवाफत् यिनलाई 'नवरत्न युवा प्रतिभा पुरस्कार' (२०६३) प्रदान गरिएको छ ।

### ४.१२.१ गजलयात्रा (२०६४) गजलसङ्ग्रहको अध्ययन

**गजलयात्रा** (२०६४) 'वन्धु' को प्रथम गजलसङ्ग्रह हो । यस गजलसङ्ग्रहमा साठी पृष्ठको यस सङ्ग्रहमा साठी गजलहरू सङ्कलित छन् । यस सङ्ग्रहमा सङ्कलित गजलहरूमा ४, ५, ६ र १० सेरयुक्त छन् । यस सङ्ग्रहमा संकलित गजलहरूमा काफियाको उचित प्रयोग गरिएको छ । काफिया पूर्ण र आंशिक दुवै प्रकारका छन् । रदिफ प्रयोगका दृष्टिले गजलहरू मुरद्धफ र गैरमुरद्धफ दुवै प्रकारका भए पनि धेरैजसो गजलहरू मुरद्धफ छन् । गजलमा 'बन्धु' तखल्लुसका रूपमा आएको छ ।

'बन्धु' का गजलमा विषयगत विविधता पाइन्छ । उनले प्रेम, नैतिकता, आध्यात्म, धर्म, संस्कृति, समाज राजनीति आदिलाई गजलको विषयवस्तु बनाएका छन् । अध्यात्मले जीवनलाई सुन्दर बनाउने भएकाले अध्यात्म विहीन जीवन राम्रो नहुने, अध्यात्मले भवसागर र दुःखकष्टबाट

निवारण गर्ने विचार गजलकारको छ । हाम्रो संस्कृतिले हामीलाई गौरवाङ्कीत बनाएको छ । त्यसैले यसको उचित संरक्षण गरिनुपर्छ । गजलकारले सभ्यता र संस्कृतिको विनाश होइन विकास गर्न जोड दिएका छन् । उनका गजलमा आदर्श प्रेम जीवनका लागि अपरिहार्य भएको देखाउँदै आदर्श प्रेमले नै दाम्पत्य जीवन सुखद हुने कुरा प्रष्ट्याइएको छ । युवा युवतीको प्रणय प्रसङ्गलाई सम्वादात्मक रूपमा प्रस्तुत गरिएको छ । वर्तमान समयमा मानवमा बढ्दै गइरहेको स्वार्थी र व्यक्तिवादी प्रवृत्तिले मानवता खस्किएकोप्रति चिन्ता जाहेर गरिएको छ । जनतामा व्यापक चेतनाको लहर आइसकेकाले जनता शोषण, पीडन, दमन र कुन्ठायुक्त जीवन बाँच्न नसक्ने भएकाले त्यसका विरुद्ध क्रान्ति गर्न र आफ्नो स्वतन्त्रताको रक्षा गर्न जनताहरू तयार भएको कुरा उल्लेख छ । राष्ट्रियता नेताले नभई जनताले मात्र जोगाउन सक्ने भएकाले जनता राष्ट्र र राष्ट्रियता जोगाउन उठ्नु पर्ने आह्वानसमेत गरिएको छ । वर्तमानमा जनताको राजनीति गर्ने नेताले जनताको इच्छा, चाहनाबमोजिम शासन सत्ता नचलाई आफ्नै अनुकूल चलाएर तिनीहरूलाई जनताले नछोड्ने विचार प्रस्तुत छ । उनका कतिपय गजलमा देशमा व्याप्त हत्या, हिंसा र काटमारले देश सङ्कटमा परेको र सुशासनमार्फत् त्यसबाट उन्मुक्ति पाउन सकिने उल्लेख छ । आफ्नो देशलाई समृद्ध बनाए मात्र हामी र हाम्रा सन्तान सुखी हुने भएकाले देशलाई उन्नतशील बनाउन देशभित्रै नङ्ग्रा खियाउने आग्रह पनि पाइन्छ । उनका गजलमा प्रकृतिका मनोरम दृश्य पनि गजल बनेर आएका छन् । उनका गजलमा गजल र कवितासम्बन्धी चिन्तन प्रस्तुत गर्दै तिनमा विद्यमान भिन्नतालाई समेत विषयवस्तुका रूपमा प्रयोग गरिएको छ ।

गजलकार ‘बन्धु’ का गजलहरूमा माला, वंशस्थ, चम्पकमाला, मणिमध्य, पञ्चचामर, भुजङ्प्रयात, मालती, इन्द्रब्रजा, स्रग्विणी, स्वागता, भुजञ्ङ्गी आदि शास्त्रीय छन्द र मुतकारिब मुसम्मन सालिम, मुन्सरेह मुसम्मन मुतब्बी मन्हुर, मुसद्धस मक्पुफ महजुफ आदि बहरको प्रयोग गरिएको छ । बहर र शास्त्रीय छन्दको प्रयोग कतिपय ठाउँमा मिलेको छैन । बहर प्रयोगका क्रममा कतिपय गजलमा भावधारामा अवरोधसमेत आएको छ । अन्त्यानुप्रास र वृत्यानुप्रासको प्रयोगले गजललाई लयात्मक र सङ्गीतात्मक बनाएको छ ।

स्वभावक्ति, सन्देश, उपमा आदि अर्थालङ्कार र अन्त्यानुप्रास र वृत्यानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग गजल यात्रामा छ । उनले बढीजसो तत्सम र तद्भव शब्दको प्रयोग गरेका छन् । उनका गजलहरू सरल भएर पनि सूत्रात्मक छन् ।

### ४.१२.२ निष्कर्ष

मेघनाथ खनाल 'बन्धु' ले कविता, कथा हाइकु आदि लेखे पनि मूलतः उनी गजलकार हुन् । उनका गजलहरू संरचनाका दृष्टिले सफल छन् । गजल बहरबद्ध हुनु उनको लयचेतको प्रभाव हो जुन उनका गजलको सफल पक्ष पनि हो । कतै कतै लय मिलाउने क्रममा भावपक्षमा पर्न गएको असरले यिनका गजललाई कमजोर बनाएको
छ ।

## ४.१३ श्रेष्ठ प्रिया 'पत्थर' (२०२१)

श्रेष्ठ प्रिया 'पत्थर' को वास्तविक नाम सुश्री हरिप्रिया श्रेष्ठ हो । यिनको जन्म वि.सं.२०२१ साल डोटीको शिलगढीमा भएको हो । यिनले बी.ए. सम्मको शिक्षा हासिल गरेकी छिन् । यिनी 'खप्तड सन्देश' (?) मा 'आकांक्षा सबै मरिसके' कवितामार्फत् साहित्यमा प्रवेश गरेकी हुन् । यिनले कविता, गजल, उपन्यास आदिमा कलम चलाएकी छिन् । यिनका प्रकाशित कृतिहरू 'पतिङ्गर' ( २०४८) 'पुकार' (२०४९) 'रङ्गभूमि'
(२०५०) 'मर्यादा' (२०५२) 'कसिङ्गर' (२०५३) उपन्यास, पग्लिएका व्यथाहरू (२०५३ गजलसङ्ग्रह, 'पुनरावृत्ति' (२०५७) उपन्यास, 'पत्थरका प्रलापहरू' (२०५९) गजलसङ्ग्रह, 'क्रम जारी छ (२०६१) कवितासङ्ग्रह, सम्यक दृष्टि (२०६४) भूमिकासङ्ग्रह छन् । यिनी सु.प. साहित्य समज धनगढी, सु.प गजल मञ्च धनगढी, भानु पुस्तकालय सत्ती, कैलाली जनपुस्तकालय धनगढी, वाणी प्रकाशन विराटनगर, प्रतिभा पुस्तकालय अत्तरिया आदि संघ संस्थासँग आवद्ध छिन् । यिनले राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), रामराज पन्त स्मृति सम्मान (२०५५) केवलपुरे जनमत सम्मान (२०५९), श्री मानद अलङ्करण सम्मान (२०५०) आदि प्राप्त गरेकी छिन् ।

### ४.१३.१ 'पत्थर'का गजलसङ्ग्रहहरूको अध्ययन

श्रेष्ठ प्रिया पत्थरका हालसम्म 'पग्लिएका व्यथाहरू' (२०५३) 'पत्थकार प्रलाप' (२०५९), 'आँसुको सौगात' (२०६०) तीन वटा गजलसङ्ग्रहहरू प्रकाशित छन् । यिनको 'पग्लिएका व्यथाहरू' मा ६९ वटा 'पत्थरका प्रलाप' मा ६६ वटा र 'आँसुको सौगात' मा ६८ वटा गजलहरू सङ्कलित छन् । यस आधारमा उनका २०३ वटा गजलहरू पुस्तकाकार कृतिमा प्रकशित भइसकेका छन् । यसका अतिरिक्त उनका गजलहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

'पत्थर' का 'पग्लिएका व्यथाहरू' मा प्रकाशित गजलहरू बढीमा १४ र कम्तीमा ५ सेरसम्मका छन् भने 'पत्थरका प्रलापहरू' मा वढीमा १ र घटीमा ४ सेर छन् तथा 'आसुँको सौगात'

मा वढीमा १० र घटीमा ५ सेरका छन् । पत्थरले काफिया र रदिफको प्रयोग उचित तरिकाले गरेकी छिन् ।[८८] यिनका गजलमा पूर्ण र आंशिक काफियाको प्रयोग पाइन्छ भने रदिफ मुरद्दफ र गैरमुरद्दफ दुवै प्रकारका पाइन्छन् ।

'पत्थर' का गजलमा कथ्यगत विविधता पाइन्छ । **पग्लिएका व्याथा** (२०५३) गजल सङ्ग्रहका गजलहरूमा माया, प्रेम, गिर्दो माववीय मूल्य, शोषण दमन, जीवनका वैयक्तिक भोगाइ र अनुभूतिहरूलाई विषयवस्तु बनाइएको पाइन्छ । 'तिम्रो मुहारको' शीर्षकको गजल यस सङ्ग्रहको प्रथम गजल हो । यस गजलमा प्रेमलाई विषयवस्तु बनाइएको छ । यसमा 'म' पात्रले तिमी पात्रलाई खुशी पार्न विभिन्न कार्य गर्न तयार रहेको देखाइएको छ । 'मुद्राको मूल्य घटेको छ' गजलमा देशमा खस्किदो अर्थावस्थाको चित्रण छ । 'जिन्दगीलाई खोटो मोहर' शीर्षकको गजलमा देशमा व्याप्त अशान्ति , अराजकता, अत्याचारले मानवीय मूल्यमा पारेका प्रभावलाई देखाइएको छ । 'बहुदल ल्याउनेलाई' गजलमा राजेनताहरूको अकर्मण्यताले जनताले बहुदलीय प्रजातन्त्रबाट आशा गरेअनुरूप फाइदा उठाउन नसकेको भन्दै नेतागणलाई सचेत तुल्याइएको छ । 'बोकेर लाश आफ्नै' गजलमा जीवनप्रति वितृष्णाबोध व्यक्त गरिएको छ । 'हत्केलाले सूर्यलाई' शीर्षकको गजलमा समसामयिक राजनीतिमा देखिएका विकृतिप्रति व्यङ्ग्य गरिएको छ । 'अवसरको  लाभ उठाउँछन् ' गजलमा नगरसभ्यताका दुस्प्रवृतिहरूलाई उदाङ्गो पारिएको छ । 'बहिराको समाजमा' गजलले साहित्यमार्फत समाज सुधार्न सकिने उल्लेख छ । 'मान्छे अब मान्छे होइन' गजलमा खस्किदो मानवता, नैतिक मूल्यको ह्रासप्रति चिन्ता, नातावाद, कृपावादको विरोध, जीवनप्रतिको निस्सारता व्यक्त गरिएको छ ।

**पत्थरका प्रलाप** (२०५९) गजलकार श्रेष्ठ प्रिया पत्थरको दोस्रो पुस्तकाकार कृति हो । यस सङ्ग्रहमा देश प्रेम, सामाजिक विकृति, विसङ्गतिको विरोध र व्यङग्य, देशमा व्याप्त वेरोजगारी समस्या, नगरसभ्यताका विकृति र विसङ्गति, पारम्परिक रुढिको विरोध मानवतावादी दृष्टिकोण ,समाजमा व्याप्त रोग, भोक, अशिक्षा, आदिलाई विषय वस्तुमा समेटिएको छ । 'रगत अझै तातै छ युद्ध' शीर्षकको गजलमा राष्ट्रियताको भावना छुताछुल्ल भएर आएको छ । नागरिकको कर्तव्य देशको विकास र रक्षा गर्नु हो भन्ने भाव यस गजलमा छ । 'रावणको दरवार' गजलमा मानवीय मूल्यमा आएको ह्रासप्रति चिन्ता व्यक्त गरिएको छ । उक्साउने ले उक्साएपछि गजलमा आडम्बरीपनको

[८८] कृष्णहरि वराल, **गजलः सिद्धान्त र परम्परा**, (ललितपुरः साझा प्रकाशन, (२०६४), पृष्ठ २३०।

विरोध छ । 'छान्दाछान्दा थाकिए पनि' गजलमा पारम्परिक रुढिहरू पन्छाउँदै अगि बढ्नु पर्छ भनिएको छ । मौसम चिसो भएपनि गजलमा नगर सभ्यताका विकृति विसङ्गतिको विरोध छ । 'आफ्नै दूनो सोभ्म्याउने' गजलमा मानवीय स्वार्थ प्रवृतिको विरोध गर्दै त्यसप्रति व्यङ्ग्य प्रहार गरिएको छ । 'उठ -उठ-उठ तिमी' शीर्षकको गजलमा देश निर्माण गर्न आह्वान गरिएको छ । 'जिन्दगीमा खुशी पीडा' शीर्षकको गजलमा गजल मार्फत् आफ्ना जीवनका अनुभव र अनुभूति पोख्ने गरेको कुरा उल्लेख छ । 'दाउपेचको खेल हुने' गजलमा राजधानीमा व्याप्त विकृति विसङ्गतिलाई विषयवस्तु बनाइएको छ ।

**आँसुको सौगात** (२०६०) पत्थरको तेस्रो गजलसङ्ग्रह हो । यस सङ्ग्रहमा पनि विविध विषयवस्तुको प्रयोग छ । जीवन भोगाइका पीडा र वेदना, आशा-निराशा, गजलप्रतिको दृष्टिकोण र महत्त्व, प्रेम प्रसङ्ग आदि विषयवस्तु प्रयोग गरिएको छ । 'जता हेऱ्यो सक्रिय छन्' गजलमा आफ्नो अस्तित्व नस्वीकार्नेहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । 'चोट पर्दा पीडासँगै' शीर्षकको गजलमा मानिसले जीवन जीउन खोज्दा प्राप्त हुने घात-प्रतिघातलाई समेटिएको छ । 'मलाई पनि ज्यूने मन छ' गजलमा जीवनमा आएका दुःखकष्टले जीवनलाई आहत बनाए पनि बाँच्ने आशा अझै मरिनसकेको कुरा उल्लेख छ । 'एउटा जून मेरो मनमा' गजलमा बाँच्नका लागि जीवनमा आशा पलाएको प्रसंगलाई विषय बनाइएको छ । 'जब मनमा व्यथा बढ्छ' गजलमा गजललेखन जीवनका व्यथापोख्न गरेको स्वीकारोक्ति पाइन्छ । 'यौटा मधुर गीत' शीर्षकको गजलमा युद्धको अन्त्य भई देशमा शान्ति सु-व्यवस्था कायम हुने आशा व्यक्त छ । 'आँखा भिज्दा सिङ्गो' गजलमा प्रेमपछिको विछोडको पीडालाई प्रस्तुत गरिएको छ । 'आशाप्रति अन्धो विश्वास' गजलमा जीवनका हरेक आशा निराशामा परिणत भइरहेको कुरा उल्लेख छ ।

पत्थरका कतिपय गजलमा भाव तथा कल्पनाको राम्रो समायोजन भएको छ । उनका गजलमा विषयवस्तु भावमय भएर आएका छन् । माया-प्रेम र जीवनका भोगाई आदि भावनात्मक रूपमा पोखिएका छन् । 'पग्लिएका व्यथाहरू' सङ्ग्रहमा सङ्गृहीत 'हाँसिरह्यो उजाडपन' शीर्षकको गजलमा भावनाको सुन्दर प्रयोग छ ।

पत्थरका कतिपय गजलमा लोकछन्दको प्रयोग छ । [८९] भने कतिपय गजलहरूमा लोकछन्दलाई परिमार्जन गरी प्रयोग गरिएको छ । गजलमा अनुप्रासको प्रयोगले लय प्रवाहलाई मद्दत

[८९] डा. कृष्णहरि बराल पूर्ववत् पृष्ठ-२३० ।

पुऱ्याएको छ । पत्थरले १०,१४ र १६ अक्षरमा आधारित लयविधानलाई अँगालेर गजल रचना गरेकी छिन् । कुनै कुनै गजलमा लयप्रवाह कमजोर पनि भेटिन्छ ।

पत्थरका उत्तरार्द्धका गजलहरूमा प्रतीक एवं बिम्बको प्रयोग पाइन्छ । रावण, गुलब, भष्मासुर, वादल, जून आदि बिम्ब र प्रतीकका रूपमा आएका छन् । उनका गजलमा स्वभावोक्ति, विरोधाभास, अतिसयोक्ति आदि अर्थालङ्कारको प्रयोग पाइन्छ । यिनका गजलमा प्रयुक्त भाषा सरल भइकन पनि सूत्रात्मक छ ।

### ४.१३.२ निष्कर्ष

पत्थर नेपाली गजल क्षेत्रमा पुस्तकाकार कृति लिएर देखापर्ने प्रथम नारी गजलकार हुन् ।[९०] उनी सफल एवं सशक्त गजलकार हुन् । उनका 'पग्लिएका व्यथा
(२०५३) का गजलहरू बढीजसो प्रणय प्रसङ्गमा केन्द्रित छन् भने 'पत्थरका प्रलापहरू'
(२०५९) गजल सङ्ग्रहमा सङ्ग्रहित गजलहरू विषयवस्तुगत विविधतायुक्त छन् । त्यसैगरी आँसुको सौगात (२०६०) गजलसङ्गृहमा जीवन भोगाइका अनुभव र अनुभूतिहरूलाई गजलको विषयवस्तु बनाइएको छ ।

## ४.१४ पुष्करराज भट्ट (२०३२)

पुष्करराज भट्टको जन्म वि.सं.२०३२ साल बैतडीको कुमालीमा भएको हो । उनी मालिका ( २०५६) पत्रिकामा 'समय' शीर्षकको कविता लिएर देखा परेका हुन् । उनले कथा, कविता, निबन्ध र गजल लेखेका छन् । उनी कैलाली जनपुस्तकालय धनगढी, महाकाली साहित्य सङ्गम, कञ्चनपुर, सु.प.साहित्य समाज धनगढी आदि सङ्घसंस्थासँग आबद्ध छन् । हालसम्म उनका प्रकाशित कृतिहरू कर्मयोद्धा (२०५९) लघुकथासङ्ग्रह, युगधारा (२०५९) निबन्धसङ्ग्रह, आस्थाको अवसान (२०६१) लघुकथासङ्ग्रह, मुक्तिदूत
(२०६२) लघुकथासङ्ग्रह, सुनौलो विहानी (२०६३) गजलसङ्ग्रह, एकथोपा सागरको (२०६४) लघुकथासङ्ग्रह, जनमतः कविता– २ (२०६४) कवितासङ्ग्रह, सहयात्रा– १ (२०६४) संयुक्त कवितासङ्ग्रह छन् । उनले हाम्रो मझेरी प्रतिभा सम्मान (२०६१), देवकान्त युवा साहित्य सम्मान (२०६२) आदि पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् ।

### ४.१४.१ कर्मयोद्धा (२०५९) लघुकथा सङ्ग्रहको अध्ययन

---

[९०] श्रेष्ठ प्रिया **'पत्थर पग्लिएका व्यथाहरू** (कैलाली: कलश सांगीतिक समूह २०५३) पृष्ठ-ट ।

**कर्मयोद्धा** (२०५९) लघुकथासङ्ग्रह पुष्करराज भट्टको प्रथम लघुकथासङ्ग्रह हो । यो सामाजिक विषयवस्तु, यथार्थवादी मान्यतामा आधारित लघुकथासङ्ग्रह हो । ५३ पृष्ठको यस लघुकथासङ्ग्रहमा अति छोटा ५१ वटा लघुकथाहरू सङ्कलित छन् । प्रायः जसो कथाहरू आदि, मध्य र अन्त्यको क्रममा मिलेका छन् । समाजका यथार्थता, विकृति, विसङ्गति, बाध्यता, शोषण, दमन बेरोजगारी समस्या, नारीसमस्या आदि विषयवस्तुका रूपमा आएका छन् । हाम्रो समाजमा विद्यमान धार्मिक, आर्थिक असमानता आदि पक्षलाई पनि उजागर गरिएको छ । नारी समानताका लागि आवाज उठाउनेहरू नै वास्तवमा नारीविरोधी भएको कुरा 'नारी समानता' कथामा प्रष्ट्याइएको छ । 'अपूरो सपना' कर्मठ राजनीतिक कार्यकर्ताको कथा हो । उसले दिनभर पार्टीको लागि बिताए पनि पदमा भने अवसरवादीहरू पुगेकाले उसको सपना सधैं अपूरो रहेको कुरा यस कथामा देखाइएको छ । 'सम्मानित नागरिक' कथामा कालोबजारी गरी जनताको दोहन गर्नेहरू नै सम्पन्न र सम्मानित भएका तथा परिश्रमपूर्वक कार्य गर्नेहरू पछि परेका कुरा प्रस्तुत गरिएको छ । 'कोचिङ शुःल्क' कथामा शिक्षामा बढ्दै गएको व्यापारीकरणको विरोध गर्दै त्यसप्रति व्यङ्ग्य प्रहार गरिएको छ । 'जँड्याहा' कथाले समाजमा खस्किदो नैतिकता र लाचार प्रहरी प्रशासन प्रति व्यङ्ग्य प्रहार गरेको छ । 'वास्तविकता' कथाले सरकारमा बस्दा राम्रा काम नगर्ने विपक्षमा भएका बेला जनतालाई आस्वासन बाँड्दै हिड्ने राजनीतिककर्मीहरूको प्रवृत्तिलाई प्रस्तुत गरेको छ । 'मोक्षप्राप्ति' कथामा धार्मिक अन्धता को विरोध गरिएको छ । 'विचलन' कथामा अवसरवादी राजनीतिक चरित्रलाई प्रस्तुत गरिएको छ । 'कर्णधार' कथाले प्रतिभावान व्यक्तिसमेत आर्थिक अभावका कारण पलायन भइरहेको विषयलाई प्रस्तुत गरेको छ । 'हतियार' कथामा नातावाद, कृपावादले गर्दा योग्य व्यक्ति पछाडि परिरहेकोप्रति चिन्ता व्यक्त गरिएको छ । 'लालच' कथामा मानिसहरूमा जसरी भए पनि पैसा कमाउनु पर्छ भन्ने धारणाको विरोध गरिएको छ । 'नयाँ दास' कथामा सत्ताको आडमा गरिने भष्ट्राचारको विरोध गरिएको छ । 'बालअधिकार' कथाले बालअधिकारका बारेमा कुर्लिने नेता तथा प्रशासकका घरमा नै बालमजदुर भएको तथ्यलाई प्रस्तुत गरेको छ । 'दाइजो' कथामा दाइजो प्रथा सामाजिक विकृति भएको भन्दै त्यसलाई हटाइनु पर्ने कुरामा जोड दिएको छ । 'अर्काको घरजाने जात' कथामा छोरीलाई गरिने विभेदपूर्ण व्यवहारको विरोध गरिएको छ । 'कर्मयोद्धा' कथामा अपाङ्गहरूले पनि अवसर पाए देशका लागि केही गर्न सक्छन् भन्ने देखाइएको छ । 'न्याय' कथामा देशमा विद्यमान असमान न्याय व्यवस्थाको विरोध छ ।

**कर्मयोद्धा** लघुकथासङ्ग्रहभित्रका कथाहरू प्रगतिशील र सामाजिक यथार्थतावादी मान्यतामा आधारित छन् । प्रस्तुत कथासङ्ग्रहमा कथाकारले जे देखे त्यसैलाई कथात्मक रूप दिई

प्रस्तुत गरेका छन् । विशेष गरी यस कथासङ्ग्रहमा वर्तमान समाजमा रहेका अन्याय, असमानता, शोषण, दमन आदिलाई प्रस्तुत गरिएको

छ । त्यसै गरी कुनै कथामा जनताले भोगिरहेका कालोबजारी, कमिसन आदिको सामना गर्न समेत आह्वान गरिएको छ ।

**कर्मयोद्धा** कथासङ्ग्रह पात्रविधानका दृष्टिले हेर्दा अत्यन्त न्यून पात्रको प्रयोग गरी लेखिएको पाइन्छ । पात्रहरू ग्रामीण एवम् सहरी दुवै परिवेशबाट निर्मित छन् । पात्रहरू  धुर्त, शोषक, जाली, सोझा आदि प्रवृत्तिका छन् । पात्रहरू गतिशील, मञ्चीय, आवद्ध, सत, असत्, उच्च, निम्न, सामन्त, शोषित आदि सबै प्रकारका छन् ।

**कर्मयोद्धा** कथासङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । यस कथासङ्ग्रहमा स्तरीय नेपाली भाषाको प्रयोग पाइन्छ । त्यस्तै संस्कृत तत्सम, झर्रा तथा आगन्तुक शब्दको प्रयोग पनि देख्न सकिन्छ । कथामा प्रथम र तृतीय दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

### ४.१४.२ एक थोपा सागरको (२०६४) लघुकथा सङ्ग्रहको अध्ययन

**एक थोपा सागरको** (२०६४) लघुकथाकथासङ्ग्रह पुष्करराज भट्टको छैटौं पुस्तकाकार कृति हो । यस कथासङ्ग्रहमा भएका कथालाई डोटेली भाषिकामा लेखी तिनको शब्दानुवाद नेपालीमा गरिएको छ । प्रस्तुत कथासङ्ग्रहमा विषयवस्तुका रूपमा वर्तमान नेपाली समाज र त्यसले भोग्दै आएका विभिन्न समस्यालाई प्रस्तुत गरिएको

छ । यस कथासङ्ग्रहमा मानिसमा देखिने द्वैध चरित्रलाई प्रस्तुत गरिएको छ । मानिस   वाह्यरूपमा सभ्य र सु-संस्कृत देखिए पनि आन्तरिक रूपमा भ्रष्ट र अत्याचारी हुने कुरा व्यक्त गरिएको छ । मान्छेका अहम्पना, लोभी र स्वार्थी प्रवृत्तिको चित्रण कथाहरूमा छ । समाजमा विद्यमान अराजकता, अशान्ति, हत्या, अन्याय, अत्याचार आदिको विरोध गरिएको छ । देशको बदलिँदो राजनीतिक अवस्था, महगी, चक्काजाम, हड्ताल, नेताहरूको छेपारे नीति र व्यवहारप्रति व्यङ्ग्य प्रहार गरेका छन् । नेपाली कर्मचारी वर्गमा देखिएको ढिलासुस्ती र भ्रष्टाचार सामाजिक विकृतिका रूपमा प्रस्तुत गरिएको

छ । खराब प्रवृत्तिका मानिसहरूले समाजको आदर्शलाई बिगार्ने हुँदा त्यसप्रति सचेत हुन आग्रह गरिएको छ । देशमा व्याप्त सामन्ती संस्कार र शोषणको तीव्र बिरोध छ । नेपाली धर्ती र प्रकृतिलाई सबैले माया गर्नुपर्ने भाव प्रस्तुत कथासङ्ग्रहमा पाइन्छ । खस्कँदो सामाजिक व्यवस्था र सहरी सभ्यताका विकृति र विसङ्गतिको विरोध गर्दै सबै मिली त्यसलाई हटाउनु पर्ने विचार

कथाहरूमा पाइन्छ । देशमा व्याप्त गरिबी र अशिक्षाले निम्त्याएका रोग, भोक र शोकलाई  निवारण गर्न सबैले आ-आफ्नो क्षेत्रबाट काम गर्नु पर्ने विचार प्रस्तुत छ । समाजमा बढिरहेको बेरोजगारीले निम्त्याएका दुर्व्यसनी, हत्या, बलात्कार आदि अपराधलाई नियन्त्रण गर्नु पर्ने बिचार प्रस्तुत छ । समाजमा बढिरहेको गुण्डागर्दी, अपराधलाई बढ्न नदिन समयमा नै आवश्यक कदम चाल्नुपर्ने बेला अएकाले सबैले त्यसको प्रतिकार गर्न आग्रह गरिएको छ ।

**एक थोपा सागरको** कथासङ्ग्रहको परिवेश नेपाली ग्रामीण र सहरी परिवेश हो । धार्मिक सभा, परिवार, गाउँ, नगर, कार्यालय, बाटो, रेस्टुरेन्ट, अस्पताल आदि परिवेशका रूपमा आएका छन् । त्यसै गरी नेपाली सांस्कृतिक परिवेश पनि यस सङ्ग्रहमा समेटिएको छ । कथाकारले आफू हुर्केबसेको ठाउँलाई नै परिवेशका रूपमा लिएका छन् ।

**एकथोपा सागरको** कथासङ्ग्रह सामाजिक विषयवस्तुमा आधारित कथासङ्ग्रह हो । यसले सामाजिक, आर्थिक, धार्मिक राजनीतिक विषयवस्तुलाई समेटेको छ । प्रस्तुत कथासङ्ग्रहमा भट्टले आफ्नो युग र समाजमा रहने क्रममा जेजस्तो देखे अनुभव गरे त्यसैलाई कथाका माध्यमबाट प्रस्तुत गरेका छन् । विशेषगरी आफूबाँचेको समाजका विकृति विसङ्गतिलाई देखाइएको छ । शोषक, सामन्त र दलाल वर्गलाई तलैदेखि निमिट्यान्न पार्नु पर्ने विचार यस कथासङ्ग्रहमा पाइन्छ ।

पात्रविधानका दृष्टिले हेर्दा प्रस्तुत कथासङ्ग्रहमा पात्रहरू नेपाली समाजका छन् । पात्रहरू ग्रामीण र सहरिया दुबै परिवेशका छन् । बढीजसो पात्रहरू  धूर्त, फटाह, बेइमान छन् । पात्रहरू व्यापारी, किसान, मालिक, श्रमिक, नेता, विद्यार्थी धर्मगुरु आदि वर्गका रूपमा आएका छन् । हरेक पात्रहरू  छुट्टाछुटै विशेषता भएका छन् । तिनीहरूमा वर्तमान विकृत समाजका अवशेषहरू  पाउन सकिन्छ । हरेक पात्रहरू बिचार र व्यवहार फरक फरक भएका छन् । ग्रामीण परिवेशका पात्रहरूभन्दा सहरी परिवेशका पात्रहरू  बढी फटाहा र धूर्त छन् । यस कथासङ्ग्रहमा वर्गीय, व्यक्ति, पुरुष, स्त्री,मञ्चीय, वद्ध, मुक्त, असत्, सत् आदि खाले पात्रहरू पाइन्छन् । कथाहरू अति संक्षिप्त भएकाले पात्रहरूको चारित्रिक विकास भने राम्रोसँग भएको छैन जुन कथाहरूको कमजोरी देखिन आउँछ ।

यो कथासङ्ग्रह ६७ पृष्ठयुक्त छ । यस सङ्ग्रहमा ४८ वटा लघुकथाहरू  छन् र तिनीहरू पहिले डोटेली भाषिकामा लेखिएका छन् भने पछि तिनीहरूको शब्दानुवाद नेपालीमा गरिएको छ ।

यसरी सब जम्मा यस सङ्ग्रहभित्र ९६ वटा कथाहरू सङ्कलित छन् । कथाहरू लघु र लघुतम् आयाम भएका छन् । कथाहरू आदि, मध्य र अन्त्यको क्रममा मिलेका छन् ।

**एक थोपा सागरको** कथासङ्ग्रहका कथाहरू पहिले डोटेली भाषामा लेखी तिनीहरूको नेपाली भाषामा शब्दानुवाद गरिएकाले यस सङ्ग्रहमा नेपाली भाषा र डोटेली भाषिकाको समान रूपमा प्रयोग गरिएको छ । सङ्क्षेपात् शैलीमा कथाहरूको रचना भएको छ । यस कथासङ्ग्रहमा प्रयोग भएका शब्दहरू तत्सम्, तद्भव र झर्रा नेपाली शब्दहरू छन् । भाषा सरल छ । डोटेली भाषिकामा कथाहरू लेखिनु यस सङ्ग्रहको भाषिक विशेषता हो । एकै ड्याङ्का मुला, संगठन नै बल हो, जस्ता उखान टुक्काको प्रयोग यस कथासङ्ग्रहमा पाइन्छ । कथाहरू प्रथम र तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरी लेखिएका छन् ।

### ४.१४.३ निष्कर्ष

पुष्करराज भट्ट कैलालीका सामाजिक यथार्थवादी, प्रगतिवादी स्वर उराल्ने साहित्यकार हुन् । यिनले आफ्ना कथासङ्ग्रहहरूमा समाजका यथार्थ वस्तुस्थितिलाई अत्यन्त सरल, सहज भाषामा प्रस्तुत गरेका छन् । यिनका रचनाको विषयवस्तु नेपाली समाज हो । यिनका लघुकथाहरू सरल हुँदाहुँदै पनि मर्मस्पर्शी र हृदयस्पर्शी छन् । यिनी सरल र मिठासपूर्ण भाषामा रचना प्रस्तुत गर्दछन् । सङ्क्षेपात् शैलीको प्रयोग गर्नु यिनको वैशिष्ठ्य हो ।

## ४.१५ रामलाल जोशी (२०३४)

रामलाल जोशीको जन्म वि.सं. २०३४ साल डोटीको कानाचौरमा भएको हो । यिनले एम्.ए. पास गरेका छन् । यिनी 'सौगात' (?) पत्रिकामा 'नेपाली चरित्र' शीर्षकको कविता लिएर देखापरेका हुन् । यिनले कविता, गीत, गजल आदि सिर्जना गरेका छन् । यिनी सु.प.साहित्य समाज, कैलाली जनपुस्तकालय, नेपाली साहित्य तथा साँस्कृतिक संरक्षण समूह आदि सङ्घ संस्थासँग आवद्ध छन् । यिनी हाल शिक्षण पेशामा संलग्न छन् । यिनको प्रकाशित कृति 'हत्केलामा आकाश (२०५७)' गजल सङ्ग्रह हो ।

### ४.१५.१ हत्केलामा आकाश (२०५७) गजलसङ्ग्रहको अध्ययन

**हत्केलामा आकाश** (२०५७) गजलसङ्ग्रह रामलाल जोशीको प्रथम गजलसङ्ग्रह हो । ८८ पृष्ठको यस गजलसङग्रहमा ५० गजल र २० गीतहरू सङ्कलित छन् । यसका अतिरिक्त उनका गजलहरू विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित छन् ।

**हत्केलामा आकाश** गजल सङ्ग्रहका गजलहरू  ४,५ र ६ सेरमा संरचित छन् । उनका गजलमा रदिफ र काफियाको उचित तरिकाले प्रयोग भएको पाइन्छ । यिनका गजलमा पूर्ण तथा आंशिक काफियाको प्रयोग पाइन्छ । रदिफका हिसाबले उनका गजलहरू  मुरद्दफ र गैरमुरद्दफ भए पनि बढीजसो गजलहरू  मुरद्दफ छन् । 'रामु' तखल्लुसका रूपमा आएको छ ।

**हत्केलामा आकाश** (२०५७) गजल सङ्ग्रहमा संकलित गजलहरूमा विषयवस्तुगत विविधता पाइन्छ । यस सङ्ग्रहमा संकलित बढी जसो गजलहरू  प्रणयप्रसङ्मा आधारित भए पनि गजलकार जोशीले सामाजिक र राजनीतिक विकृति र विसङ्गतिलाई समेत विषयवस्तु बनाएका छन् । त्यसै गरी सामाजिक अन्याय, अत्याचार, दमन, शोषण भष्टाचार आदि पनि विषयवस्तु बनेर आएका छन् ।

गजलकार जोशीले प्रणय प्रसङ्ग भएका गजलमा संयोगान्त र वियोगान्त दुवै शृङ्गार भावको प्रयोग गरेका छन् । संयोगान्त विषय भएको गजल 'तिमी को हौ' मा पछि पछि आउने मायालुलाई प्रेम रसमा डुव्न आग्रह गरिएको छ । त्यसैगरी मायालुसँग ठट्टाबाजी गर्दाको रमाइलो र त्यसबाट अरूले डाह गरेको कुरा विषयवस्तु बनेर आएको छ । वियोगान्त गजलहरू  बढी सशक्त भएर आएका छन् । आश्वासन र विश्वासलाई तोडेपछिका पीडा उनका गजलमा विषयवस्तु बनेर आएका छन् । 'खेस्रा खेस्रामा' 'निश्वार्थ' र 'सज्जनहरूले' शीर्षकका गजलहरूमा गजलकार जोशीले सामाजिक र राजनीतिक विकृति विसंगतिलाई विषयवस्तु बनाएका छन् । जनतासँग विकास गर्ने, देशलाई उन्नति र प्रगतितर्फ डोऱ्याउने आदि बाचा गरी नेतृत्व गर्ने वर्ग नै भष्टाचार र अत्याचारमा संलग्न रहेको र तिनीहरूलाई ठेगान लगाउनु पर्छ भन्ने भनाइ गजलकारको छ । समाजमा सज्जनभन्दा दुर्जन नै सम्मानित भएको र सोझा व्यक्तिहरूले दमन र उत्पीडन सहनु परेको यथार्थता पनि गजलको विषयवस्तु बनेर आएको छ । अर्काको प्रगति र उन्नति देख्न नचाहने मानिसहरू  समाजका कलंक हुन् भन्दै उनीहरू  समाजमा रहेसम्म समाजको प्रगति नहुने विचार व्यक्त गरेका छन् ।

गजलकार जोशीले आफ्ना गजलमा भावना र कल्पनाको समेत उचित प्रयोग गरेका छन् । उनका गजलमा युवासुलभ भावनाहरू व्यक्त भएका छन् । उनले माया र प्रेमसम्बन्धी आफ्ना मनमा उब्जेका भावनाका तरेलीहरूलाई गजलमार्फत व्यक्त गरेका छन् ।

हत्केलामा आकाश (२०५७) गजलसङ्ग्रहमा आक्षरिक लोकलयको प्रयोग छ । उनले एक सेरमा १४, १६, १८ र २० अक्षरको प्रयोग गरेका छन् । उनका गजलहरू लयात्मक छन् । बिम्ब र

प्रतीकको प्रयोगमा भने त्यति सचेतता पाइदैंन । गजलमा व्याकरणसम्मत भाषाको प्रयोग छ । बढी शब्दहरू तत्सम र तद्भव छन् । उनका गजलहरू  सरल भइकन पनि सूत्रात्मक छन् ।

### ४.१५.२ निष्कर्ष

रामलाल जोशी कैलाली जिल्लाका सशक्त युवा साहित्यकार हुन् । यिनले गीत, कविता, गजल, समालोचना आदि विधामा कलम चलाए पनि सर्वाधिक सफलता प्राप्त गरेको क्षेत्र गजल हो । यिनका गजलमा युवासुलभ माया प्रेम र समसामयिक समाजका विविध पक्षहरूलाई विषयवस्तु बनाइएको पाइन्छ ।

### ४.१६ टी.एन जोशी 'किशोर' (२०३५)

टी.एन जोशी, 'किशोर' को वास्तविक नाम त्रैलोक्यनाथ जोशी हो । उनको जन्म वि.सं २०३५ साल डडेलधुराको जोगबुढामा भएको हो । यिनले एम.ए. सम्मको शिक्षा हाँसिल गरेका छन् । यिनले 'जमर्को' (२०४८) पत्रिकामा 'खुल्दुली' शीर्षकको कविता प्रकाशन गरी साहित्यमा प्रवेश गरेका हुन् । यिनी सु.प. साहित्य समाज, विद्यार्थी साहित्य प्रतिष्ठान, सु.प. गजल मञ्च, कैलाली जनपुस्तकालय आदि सङ्घसंस्थासँग आवद्ध छन् । हाल यिनी शिक्षण पेशामा संलग्न छन् । यिनका प्रकाशित कृति 'देश रोएको बेला'
(२०६२) गजलसङ्ग्रह हो । यिनले विद्यर्थी साहित्य पुरस्कार (२०६०) लगाएत अन्य पुरस्कार प्राप्त गरको छन् ।

### ४.१६.१ देश रोएका बेला (२०६२) गजलसङ्ग्रहको अध्ययन

**देश रोएको बेला** (२०६२) टी.एन. जोशी किशोरको प्रथम गजल सङ्ग्रह हो । ४८ पृष्ठको यस सङ्ग्रहमा ४८ वटा गजलहरू  छन् । प्रायः गजलहरूमा काफिया मिलेको पाइए पनि कुनै कुनै गजलमा हनिमुन काफियासँग विगुल प्रयोग भएको पाइन्छ जुन त्रुटीपूर्ण छ । रदिफ प्रयोगका दृष्टिले उनका गजलहरू  मुरद्दफ र गैरमरद्दफ दुबैप्रकारका भए पनि बढी जसो गजलहरू मुरद्दफ छन् । उनका गजलहरू बढीमा छ र घटीमा ४ सेरयुक्त छन् । 'किशोर' शब्द तखल्लुसका रूपमा प्रयोग भएको छ ।

गजलहरू विषयवस्तुगत विविधतायुक्त छन् । धेरै जसो गजलहरू मायाप्रितिका बारेमा लेखिएका छन् । उनका गजलमा जवानीका प्रेमलहरीलाई बढी महत्त्वका साथ प्रस्तुत गरिएको छ । गजलकारका विचारमा जवानी एकपटक मात्र आउने भएकाले प्रेमरूपी रस पिएर आनन्दपूर्वक जीवन बाँच्नु पर्छ । उनका गजलमा बढीजसो विप्रलम्भ शृङगारको प्रयोग पाइन्छ । गजलहरू

विचार भन्दा भावनाले भरिएका छन् । प्रेम र प्रेमिकाले माया प्रिति गरी सकेपछि धोका पाएर पीडा पिउँदै बाँच्नु पर्दाको अनुभव प्रस्तुत छ । यिनले माया प्रीतिको जालमा परिसकेपछि त्यसबाट छुट्टिएर जीवन बाँच्नुको कारुणिक अवस्थाको सजीव चित्र आफ्ना गजलमा उतारेका छन् । सँगसँगै बाँच्ने कसम खाएका जोडी पनि छुट्टिएर बाँच्नुमा स्वार्थीपना लुकेको हुन्छ कि भन्ने आशंका गजलमा पाइन्छ । उनका गजलमा प्रेमिकाका रूपको वर्णनसमेत पाइन्छ । आफू प्रेममा धोका पाएर जलिरहेको भन्दै नव प्रेमिकालाई धोका दिने गरी प्रेम नगर्न आग्रह गरिएको छ । उनले नक्कली प्रेम गर्ने मायालुलाई प्रेमको स्वाङ् नगर्नसमेत आग्रह गरेका छन् । गजलकारले आफू सोझो भएकाले विभिन्न जाल र प्रपञ्च रची आफूलाई नतड्पाउन आग्रह गरेका छन् । यदि सच्चा माया गर्ने भए आफूसँग आएर प्रेम गर्नुपर्ने उनको सर्त छ । उनी विशेषतः प्रेमलाई विषयवस्तु बनाएर गजल सिर्जना गर्ने भए पनि प्रेम इतरका विषय सामाजिक, राजनीतिक, आर्थिक एवं धार्मिक विषयवस्तुलाई समेत उठाएका छन् । उनले मानवको स्वार्थीपनलाई सटिक रूपमा गजलमा प्रस्तुत गरेका छन् । उनका गजलमा सामाजिक अन्याय अत्याचारप्रति विरोध र व्यङग्यसमेत पाइन्छ । त्यसै गरी उनले वर्तमान अवस्थामा देशमा फैलिएको अराजकता, युद्धको त्रासदी, हत्या बलात्कारको विरोध गरेका छन् । उनले अन्याय, अत्याचार, भष्टाचार, कालोबजारी गर्नेहरूको विरोध गर्दै त्यसलाई रोक्न सबै लाग्नुपर्ने आह्वानसमेत गरेका छन् । वर्तमान अवस्थामा आएको जनचेतना र जनलहरलाई कसैले रोक्न नसक्ने भन्दै अब जनतालाई लुट्ने, चुस्ने र थिच्ने मिच्ने दिन गएको बताइएको छ । समाजमा व्याप्त चाकडी, चाप्लुसी र चम्चागिरी प्रथाले योग्य र सक्षम व्यक्तिलाई पाखा लगाएको भन्दै त्यसले देशलाई अधोगतितर्फ धकेलिरहेको विचार प्रस्तुत गरिएको छ ।

लय र छन्दको दृष्टिले हेर्दा 'किशोर' का गजलहरू कमजोर छन् । उनको ध्यान लयभन्दा भावनाको पोखाइमा बढी गएको छ । एकै सेरका दुई मिसराहरू पनि बराबर अक्षरका छैनन् । जसले गर्दा लयको प्रवाहमा निकै अवरोध उत्पन्न भएको छ । आक्षरिक लयको प्रयोग गर्न खोजिए पनि त्यसले पूर्णता पाएको छैन । अन्त्यानुप्रासको प्रयोगले भने गजललाई केही हदसम्म लयात्मक बनाएको छ ।

'किशोर' का गजलको सबल पक्ष भनेको भावनाको उचित प्रयोग हो । उनका गजलहरू बढीजसो प्रेम भावयुक्त छन् । उनका गजलहरू पाठकको मस्तिष्कभन्दा हृदयलाई बढी छुन पुग्छन् ।

उनका गजलहरू सरल भाषाशैलीमा लेखिएका छन् । उनका गजलमा तत्सम, तद्भव र झर्रा शब्दको प्रयोग गरिएको छ । गजलहरू सरल भइकन पनि सूत्रात्मक छन् ।

### ४.१६.२ निष्कर्ष

टी.एन. जोशी 'किशोर' कैलाली जिल्लाका युवा साहित्यकार हुन् । उनी विषेश गरी गजलकार भए पनि उनले फुटकर रूपमा विभिन्न विधामा कलम चलाएका हुन् । यिनले विशेष गरी प्रेम विषयका गजलहरू  रचना गरेका छन् । यिनका गजल भावनात्मक रूपमा सफल भए पनि लयात्मक रूपमा कमजोर देखिन्छन् ।

## ४.१७ लोकबहादुर चौधरी 'लक्की' (२०३५)

लोकबहादुर चौधरीको साहित्यिक नाम लक्की चौधरी हो । उनको जन्म वि.सं. २०३५ सालमा कैलालीको उर्मामा भएको हो । यिनले एम.ए.सम्मको शिक्षा हासिल गरेका छन् । यिनी सु.प साहित्य समाज, नवरत्न साहित्य सङ्गम आदि सङ्घसंस्थासँग आवद्ध छन् । हालसम्म यिनका प्रकाशित कृतिहरू सहीदान (२०६२) गजलसङ्ग्रह, तिहुवार (२०६२) संस्कृति, अन्तर्भाव (२०६३) गजलसङ्ग्रह प्रकाशित छन् । साहित्य सेवा गरेवापत सु.प. गजलमञ्चबाट २०६४ मा सम्मान प्राप्त गरेका छन् ।

### ४.१७.१ अन्तर्भाव (२०६३) गजलसङ्ग्रहको अध्ययन

**अन्तर्भाव** (२०६३) गजलसङ्ग्रह लक्की चौधरीको दोस्रो गजलसङ्ग्रह हो । यस सङ्ग्रहमा नेपाली भाषामा लेखिएका जम्मा ५६ वटा गजलहरू  छन् भने तिनीहरूलाई थारु भाषामा शब्दानुवाद गरिएको छ । यसरी ५६ पृष्ठको यस सङ्ग्रहमा जम्मा ११२ वटा गजलहरू संकलित छन् । यस सङ्ग्रहमा संकलित गजलहरू ४, ५ र ६ सेरयुक्त छन् । अन्तर्भावमा संकलित गजलहरूमा काफिया र रदिफको प्रयोग उचित तरिकाले गरिएको छ । रदिफ प्रयोगका दृष्टिले गजलहरू मुरद्दफ र गैरमुरद्दफ दुवै प्रकारका भए पनि मुरद्दफ गजलहरू  बढी छन् ।

**अन्तर्भाव** (२०६३) गजलसङ्ग्रहमा संकलित गजलहरू विषयवस्तुगत विविधतायुक्त छन् । मूलतः यस गजलसङ्ग्रहमा मानवीय प्रेम र समसामयिक समाज, राजनीति, आदिलाई विषयवस्तुका रूपमा प्रयोग गरिएको छ । उनले देश, मान्छेको नैतिकता, धर्म, संस्कृति, आफू बाँचेको परिवेश र जीवनका अनुभव र अनुभूतिलाई समेत गजलमा समेटेका छन् । उनले प्रेमसम्बन्धी गजलमा धेरैजसो विप्रलम्ब शृङ्गारको प्रयोग गरेका छन् । उनले प्रियसीलाई माया गर्दा गर्दै आफूलाई धोका दिनुका पछाडिको कारण आफूले प्रेमिकाको चित्त बुझाउन नसक्नु पो हो कि भन्ने शङ्का व्यक्त गरेका छन् । गजलकारले प्रेमिकालाई भेट्न जस्तोसुकै अवरोध पार गरे पनि अन्तत्वगत्वा धोका सिवाय केही नपाएको दुखेसोसमेत पोखेका छन् । उनले पहिले सधैं आफूलाई खोजिरहने मायालु

वर्तमानमा आएर टाढिएर हिंड्नुको कारण आफूले थाह नपाएको भन्दै कुनै भूल गरेको भए माफ गरिदिनेसमेत आग्रह गरेका हुन् । उनी आफू सँधै मायालुको बाटो हेरी जिन्दगी बिताउने भएकाले जीवनमा एक न एक चोटी आफूलाई भेट्न आउनु भन्ने आग्रह पनि गर्दछन् । कतिपय गजलमा प्रियसीको यादमा बस्दा बस्दै जीवन निस्सार बित्ने भएकाले आफू पनि अर्को बाटो रोज्ने अवस्थासम्म पुगेको बताएका छन् ।

**अन्तर्भाव** गजलसङ्ग्रहमा संकलित गजलहरूमा समाजमा विद्यमान जाति-पाति प्रथाको समेत विरोध गरिएको छ । सबैको रगत रातो भएकाले सबैको जात एकै हो भन्ने विचार गजलमा पाइन्छ । मानवीय प्रवृत्तिहरू सबैमा एकै भएकाले मानिसहरू फरक-फरक जातका हुन नसक्ने गजलकारको ठम्याइ छ । वर्तमान अवस्थामा फैलिएको हत्या, हिंसा, युद्ध पनि गजलका विषय बनेर आएका छन् । नेपाल बुद्धको देश भएकाले सबै नेपालीहरूले बुद्धको बाटो हिड्नु पर्ने आग्रह गजलमा पाइन्छ । गजलकारले युद्धले जहिले पनि विनास निम्त्याउने भन्दै सबैले युद्ध त्याग्नु पर्ने बेला आएको कुरा व्यक्त गरेका छन् । उनका कतिपय गजलमा जीवन दुःख र सुखको संगम भएको भन्दै सङ्घर्ष गरेर अगाडि बढ्न आह्वान गरेको पाइन्छ । वर्तमान अवस्थामा समाजमा हत्या, हिंसा, अन्याय, अपराध बढे पनि त्यसप्रति कसैले पनि विरोध नजनाएकोमा दुःख प्रकट गरिएको छ ।

**अन्तर्भाव** गजलसङ्ग्रहमा आक्षरिक छन्दको प्रयोग गरिएको छ । प्राय सेरहरू १४, १६ र १८ अक्षरयुक्त छन् । यस सङ्ग्रहमा संकलित गजलहरूमा भावना र कल्पनाको प्रयोग राम्रैसँग गरिएको छ । कल्पनाभन्दा भावनाको प्रयोग उचित तरिकाले गरिएको छ । बिम्ब र प्रतीकको प्रयोगमा भने गजलकारको ध्यान गएको पाइदैन ।

### ४.१७.२ निष्कर्ष

लक्की चौधरी नेपाली र थारु भाषामा उत्तिकै रूपमा दख्खल राख्ने साहित्यकार हुन् । हालसम्म यिनका दुईवटा गजलसङ्ग्रह प्रकाशित भइसकेका छन् । यिनका गजलमा मूलतः प्रेम र आफूले जीवनमा भोगेका अनुभव र अनुभूतिलाई समेटिएको हुन्छ । नेपाली र थारु भाषामा समान रूपले कलम चलाउनु यिनको सकारात्मक पक्ष हो ।

### ४.१८ दीर्घराज उपाध्याय 'अनुराग'

दीर्घराज उपाध्याय 'अनुराग' को जन्म वि.सं. ( ? ) साल कैलालीको धनगढीमा भएको हो । उनले आई.ए. सम्मको शिक्षा हाँसिल गरेका छन् । उनले कविता, गजल, गीत, कथा आदि रचना गरेका छन् । उनी विभिन्न साहित्यिक एवं साहित्येत्तर सङ्घसंस्थासँग आबद्ध छन् । उनको प्रकाशित

कृति 'उनैको यादमा' (२०५९) गजलसङ्ग्रह हो । उनी पेशाले पत्रकार हुन् । उनले 'गजल साधना सम्मान' (२०६१) प्राप्त गरेका छन् ।

### ४.१८.१ उनैको यादमा (२०५९) गजलसङ्ग्रहको अध्ययन

**उनैको यादमा** (२०५९) अनुरागको पहिलो गजल सङ्ग्रह हो । अठसट्ठी पृष्ठको यस गजलसङ्ग्रहमा उनन्साठ्ठी गजलहरू  र नौ वटा गीतहरू सङ्कलित छन् । यस सङ्ग्रहमा सङकलित गजलहरू बढीमा ६ र घटीमा ४ सेर युक्त छन् । उनका गजलहरूमा काफियाको प्रयोग उचित तरिकाले गरिएको छ । रदिफ प्रयोगका दृष्टिले हेर्दा उनका गजलहरू मुरद्दफ र गैरमुद्दफ दुवै प्रकारका भए पनि धेरै जसो गजलहरू मुरद्दफ छन् । उनका गजलमा 'अनुराग' र 'दीर्घ' काफियाका रूपमा प्रयोग भएका छन् ।

**उनैको यादमा** सङकलित गजलहरूमा विषय वस्तुगत विविधता पाइन्छ । उनले जीवन भोगाईका अनुभव र अनुभूति, प्रेम, समाज, राजनीति र युद्धले निम्त्याएका पीडा र छटपटीलाई गजलको विषयवस्तु बनाएका छन् । मानवताहीन वर्तमान विश्वमा मानिसलाई मानिस भएर बाँच्न नपाउनाको पीडालाई गजलमा प्रस्तुत गरिएको छ । उनका गजलमा छल, ढाँट, अन्याय र अत्याचारले जीवनलाई कष्टकर बनाएकोप्रति दुःख प्रकट गर्दै त्यसको विरोध गरिएको छ । उनले जीवनमा पाएका धोका र षड्यन्त्रप्रति रोष प्रकट गरेका छन् । उनका प्रेम विषयक गजलमा वियोग र धोका दिएको विषयलाई प्रस्तुत गरिएको हुन्छ । उनका सबै जसो गजलहरू विप्रलम्भ शृङगारयुक्त छन् । प्रेमिकाले प्रेमको नामा दिएको धोका र त्यसबाट मनमा पर्न गएको चोटले गर्दा पाएको दुःख र पीडाले उनमा ठूलो आघात पुगेको भाव उनका गजलहरूमा पाइन्छ । उनले वर्तमान नेपाली समाजमा व्याप्त शोषण, अन्याय, दमन र उत्पीडनलाई आफ्ना गजलमा सामाजिक अपराधका रूपमा प्रस्तुत गरेका छन् । सामाजिक अपराध र बेइमानीप्रति व्यङ्ग्य समेत गरेका छन् । समाजमा ठालु र सामन्तीहरूले गरीब, सोझा र निमुखाप्रति गरेका घृणित कुकृत्यको विरोध समेत गजलमा पाइन्छ । समाजमा रहेको छुवाछुतको विरोध समेत छ । उनले हाम्रो देशको फोहरी राजनीतिले जनता र राष्ट्रको कुभलो गरेको भन्दै त्यसको विरोध गरेका छन् । सहिदहरूले देखेको सपना माथि नेताहरूले कुठाराघात गरेको भन्दै त्यसको रक्षाका लागि सबैले मिलेर कामगर्नु पर्ने बताएका छन् । उनले नेपालीहरूले आफ्ना पूर्खाको इतिहास सम्झी अगि बढ्नु पर्ने भाइ-भाइका बीचको लडाँइ र झगडा त्यागेमा मात्रै देश उन्नति उन्मुख हुने प्रष्ट पारेका छन् । जनताका नाममा प्रजातन्त्रको वकालत गर्नेहरूले जनताका आवश्यकता नबुझेको र पीडा, दुःखलाई बिर्सेकोमा व्यङ्ग्य र विरोध प्रस्तुत गरिएको छ । उनले देशमा मच्चाइएको युद्धले जनताका हक अधिकार स्थापना नगरेर हक

अधिकार खोसेको भन्दै त्यसको विरोध गरेका छन् । उनले नेताज्यूहरूले ऐश आरामपूर्ण जीवन विताइ रहेको तर जनताले भने गाँस, बास र कपास जस्तो न्युनतम आवश्यकतालाई पूरा गर्न नसकि रहेको अवस्थामा नेताहरू नतमस्तक भई किंकर्तव्यविमूढ भएको अवस्थालाई क्रान्ति सफल भएको भन्न नमिल्ने धारणा प्रस्तुत गरेका छन् । राष्ट्रियताका नाममा भएका कुकृत्यप्रति व्यङग्य समेत गरिएको छ । उनका गजलमा नातावाद, कृपावाद र चाकरी चाप्लुसी गर्ने प्रथाले योग्य र सक्षम व्यक्त पछाडी परेको भन्दै त्यसप्रति रोष प्रकट गरिएको छ ।

अनुरागका गजलहरूमा भावना र कल्पनाले भन्दा विचारले प्राथमिकता पाएको छ । उनी भावनामा मात्र नबगी आफू र आफ्नो समाजका विभिन्न पक्षलाई समेटेर गजल सिर्जना गर्न थालेको देखिन्छ ।

अनुरागका गजलहरूमा आक्षरिक लोकछन्दको प्रयोग पाइन्छ । उनले एक सेरमा १० देखि २० अक्षरहरूको प्रयोग गरेका छन् । कतिपय गजलमा लयप्रवाहमा अवरोध समेत पाइन्छ । बिम्ब र अलङकारको प्रयोगमा भने गजलकारको ध्यान ज्ञान सकेको
छैन । उनका गजलहरू सरल भएर पनि सूत्रात्मक भने छन् ।

### ४.१८.२ निष्कर्ष

दर्घिराज अनुराग कैलाली जिल्लाका युवा गजलकार हुन् । उनले आफ्ना जीवनका अनुभव र अनुभूति तथा आफू वाँचेको परिवेशलाई गजलको विषयवस्तु बनाएका छन् । प्रेम विषयक गजलहरू वियोगान्त भाव भएका छन् । सामाजिक विषय वस्तुलाई प्रयोग गर्दा सोझा र निमुखा वर्गका समस्यालाई उजागर गरेका छन् । यिनका गजलमा भावना भन्दा विचार बढी सशक्त भएर आएको छ ।

### ४.१९ जनक जोशी 'रसिक' (२०४४)

जनक जोशी 'रसिक' को जन्म वि.सं. २०४४ साल डडेलधुरामा भएको हो । यिनले बी.एस.सी. सम्मको शिक्षा हाँसिल गरेका छन् । यिनले 'अङ्कुर' पत्रिकामा 'अन्यौल' शीर्षकको कविता प्रकाशन गरेर साहित्यमा प्रवेश गरेका हुन् । यिनले कविता, गजल, हाइकु आदि लेखेका हुन् । यिनी सु.प. गजल मञ्च धनगढी, महाकाली साहित्य सङ्गम कञ्चनपुर आदि साहित्यिक एवं विभिन्न साहित्येत्तर सङ्घसंस्थासँग आवद्ध छन् । हालसम्म यिनका प्रकाशित कृतिहरू 'युगीन सपना (२०६४) गजलसङ्ग्रह, सहयात्रा-१ (२०६४) संयुक्त कवितासङ्ग्रह हुन् ।

### ४.१९.१ युगीन सपना (२०६४) गजलसङ्ग्रहको अध्ययन

'युगीन सपना' (२०६४) जनक रसिकको प्रथम प्रकाशित गजलसङ्ग्रह हो । यस सङ्ग्रहमा विभिन्न बहरमा रचित ५४ वटा गजलहरू छन् । उनका गजलमा रदिफ र काफियाको उचित प्रयोग गरिएको छ । रदिफ प्रयोगका दृष्टिले उनका सबै गजलहरू मुरद्दफ छन् ।

जनक 'रसिक' का गजलमा विषयवस्तुगत विविधता पाइन्छ । उनका गजलमा मूलतः सामाजिक एवं राजनीतिक परिवर्तनको आकांक्षालाई समेटिए पनि माया प्रेम, देश प्रेम, जीवनभोगाइका अनुभव र अनुभूतिलाई गजलमा विषयवस्तु बनाइएको छ । देशमा चलेको जनआन्दोलन –२ बाट प्रभावित भएर आफू गजल लेखनमा होमिएको स्वीकार गरेका छन् । उनका गजलमा प्रगतिशील अवस्था देखेर गजल सिर्जनामा लागेको कुरा व्यक्त गरेका छन् । उनी गजलमार्फत् जनतामा चेतना ल्याउने उद्देश्यका साथ गजल साधनामा जुटेका हुन् । वर्तमान अवस्थामा समाजमा विद्यमान असमानता, दमन, शोषणबाट सवैले उन्मुक्ति पाउन पर्छ भन्ने विचार गजलमा पाइन्छ । 'रसिक' का गजलमा देशमा परिवर्तन ल्याउन खोज्ने र अन्याय अत्याचारविरुद्ध लड्ने मानिसहरू पछि परिरहेकोप्रति खेद प्रकट गरिएको छ । समाजमा परिवर्तनका नाममा भएका उच्छृङ्खल प्रवृत्तिप्रति सचेत हुनसमेत गजलकारले आग्रह गरेका छन् । देशमा बाह्य हस्तक्षेपले राष्ट्रियतालाई कमजोर बनाएको र कालापानी, सुस्ता, मेची, कालीमा बढेको हस्तक्षेपका विरुद्ध एक भएर जुट्न आग्रह गरिएको छ । वर्तमान अवस्थामा जनताको सेवा गर्न गठन भएको जनमुखी सरकार पनि पुरानै सोच र शैलीका साथ चलिरहेको अवस्थाप्रति गजलकारले खेद प्रकट गरेका छन् । दिनानुदिन जनआकांक्षा विपरीत कार्यहरू भइरहेकाले राजनीतिक दल र राजनेताप्रति विश्वास घटिरहेको नेताहरूलाई सचेत हुन आग्रह गरिएको छ । स्वर्ग, नर्क, छुवाछूत सामाजिक आडम्बर भएकाले असमानता विरुद्ध सबैले लाग्नु पर्ने आग्रह गजलकारको छ । उनका कतिपय गजलमा सर्वहारा वर्गलाई एकजुट भई शोषक र सामन्तीका विरुद्ध एकजुट हुन समेत आह्वान गरेका छन् । देशमा मच्चाइएको युद्ध देश र जनताका खिलाफ भएको भन्दै त्यसको अन्त्यको कामना गरिएको छ । उनले कतिपय गजलमा नेपाली जाति र प्रकृतिको गुणगान गाउँदै नेपाली प्रकृतिको सुन्दर वर्णन समेत गरेका छन् । उनका केही गजलहरूमा आफूले बाल्यकालमा गरेका क्रियाकलापको समेत उल्लेख पाइन्छ । समग्रमा भन्दा आफ्नो जीवन भोगाइ र आफूबाँचेको समाजका विविध पक्षहरू नै गजलका विषयवस्तु बनेर आएका छन् ।

जनक रसिकले आफ्ना गजलहरूमा विभिन्न शास्त्रीय छन्द एवं बहरहरूको प्रयोग गरी गजल रचना गरेका छन् । उनले बहरे हजज मुसम्मन मखबुज, बहरे हजज अखरब अबतर मुसद्दस, मुजारे

बहरहरू प्रयोग गरेका छन् । लयगत प्रयोगका हिसाबले उनका गजलहरू सङ्गीतात्मक र लयात्मक छन् । उनले एकाध गजलमा व्याकरणका नियमलाई तोडी लघु गुरु मिलाउने प्रयाससमेत गरेका छन् ।

उनका गजलहरू भावनात्मक र कल्पनात्मकभन्दा बैचारिक रूपमा सशक्त छन् । उनले मूलतः समसामयिक समाज र राजनीतिप्रति आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । बिम्ब र प्रतीकको प्रयोगप्रति भने गजलकारको ध्यान जान सकेको छैन । वैचारिक रूपमा सफल हुनु उनका गजलको सकारात्मक पक्ष हो ।

### ४.१९.२ निष्कर्ष

जनक 'रसिक' कैलाली जिल्लाका नवोदित साहित्यकार हुन् । उनले गजल कविता, हाइकु आदि लेखे पनि उनको सफलताको क्षेत्र भने गजल नै हो । उनका गजलमा प्रगतिशील चिन्तन पाइन्छ । शास्त्रीय छन्द र बहरको प्रयोग गरी गजल सिर्जना गर्न सक्नु उनमा रहेको कला चेतको प्रभाव हो । यिनका गजल भावनात्मकभन्दा वैचारिक रूपमा बढी सफल छन् ।

# पाँचौं-परिच्छेद

## उपसंहार

कैलाली जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत सेती अञ्चलमा पर्छ । यो जिल्ला भौगोलिक, सामाजिक एवम् सांस्कृतिक रूपमा निकै सम्पन्न छ । वर्तमानमा आएर यो जिल्ला सु.प.को सुविधासम्पन्न जिल्ला हुन पुगेको छ । यस जिल्लामा साहित्यिक माहोल पनि उत्तिकै देख्न सकिन्छ । यस जिल्लाको साहित्यिक परम्परा लोकसाहित्य, अभिलेख एवम् लिखित साहित्य हुँदै अगि बढेको पाइन्छ । नेपाली साहित्यको आधुनिककालसँगै यस जिल्लाको लिखित साहित्यको आरम्भ भएको हो । प्रस्तुत 'नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान' शीर्षकको शोधपत्रमा कैलाली जिल्लाको साहित्यिक योगदानको अध्ययन गरिएको छ । यस शोधपत्रमा ५ परिच्छेदहरू रहेका छन् । प्रत्येक परिच्छेदहरूमा आवश्यकतानुसार थप उपशीर्षकहरू राखी कैलाली जिल्ला र त्यसको लोकसाहित्यिक पृष्ठभूमिदेखि लिखितसाहित्यका गतिविधिबारे अध्ययन गरिएको छ ।

प्रस्तुत 'नेपालीसाहित्यमा कैलाली जिल्लाको योगदान' शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा शोधको परिचय दिइएको छ । शोधपरिचयभित्र शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यसित सम्बन्धित पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्रीसङ्कलन गर्ने तरिका, शोधविधि र प्रस्तुत शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा कैलाली जिल्लाको परिचय दिइएको छ । यस क्रममा भौगोलिक अवस्था, प्राकृतिक अवस्था, संस्कृति, भाषा, चाडपर्व, धर्म, जिल्लाको नामकरण, आर्थिक स्थिति, ऐतिहासिक स्थिति, शैक्षिक अवस्था आदिको जानकारी दिने काम भएको छ । समष्टिमा प्रस्तुत परिच्छेद कैलाली जिल्लाको चिनारी दिने उद्देश्यले तयार परिएको छ ।

तेस्रो परिच्छेदमा कैलाली जिल्लाको साहित्यिक सर्वेक्षण गर्ने काम गरिएको छ । यसरी कैलाली जिल्लाको साहित्यिक सर्वेक्षण गर्दा यहाँका लोकसाहित्यिक स्थिति अभिलेख, पत्रपत्रिका, सङ्घसंस्था, पुरस्कार, पुस्तकालय, साहित्यिक लेखन परम्परा आदिको सङ्क्षिप्तमा वर्णन गरिएको छ । त्यस्तै यस अध्यायमा हालसम्म देखिएका कैलालीका साहित्यकारहरूको सूची र तिनका साहित्यिक गतिविधिको चर्चा पनि गरिएको छ ।

'नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान' शीर्षकको शोधपत्रको चौथो परिच्छेदमा कैलाली जिल्लाका प्रतिनिधि साहित्यकारहरूमध्ये पहलमानसिंह स्वाँर, नृपबहादुर स्वाँर, खडकबहादुर सिंह, देवकान्त पन्त, रामचन्द्र जोशी, यज्ञराज जोशी 'यात्री', भालचन्द्र भण्डारी 'ब्रह्मगोल', मनिराज जोशी, पद्मराज जोशी 'प्रभात', मेधनाथ खनाल 'वन्धु', श्रेष्ठ प्रिया 'पत्थर', पुष्करराज भट्ट, रामलाल जोशी, टी.एन. जोशी 'किशोर', लोकबहादुर चौधरी 'लक्की', दीर्घराज उपाध्याय 'अनुराग', जनकराज जोशी 'रसिक', हेमन्ती जोशी, आदिका कृतिहरूको कृतिगत सङ्क्षिप्त अध्ययन गरिएको छ । यी प्रतिनिधि साहित्यकारहरूमध्ये धेरै जसो कैलालीमा नभई नेपाली साहित्यका क्षेत्रमा पनि परिचित छन् ।

प्रस्तुत शोधपत्रको पाँचौ परिच्छेद उपसंहार शीर्षकमा शोधकार्यको सारांश प्रस्तुत गरिएको छ ।

'नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान' शीर्षकको यस शोधपत्रमा कैलाली जिल्लाको साहित्यिक गतिविधिको व्यवस्थित अध्ययन गर्दै यस जिल्लाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको आँकलन गरिएको छ ।

कैलाली जिल्लाको साहित्यिक स्थितिलाई संक्षेपमा नियाल्दा यस जिल्लाको साहित्य निरन्तर अग्रदिशामा नै अगि बढी रहेको देखिन्छ । यहाँका साहित्यकारहरूले नेपाली साहित्यका कथा, कविता, नाटक, उपन्यास, समीक्षा, समालोचना, गजल आदि विधागत क्षेत्रमा सक्रियरूपमा कलम चलाएको देखिन्छ । यस जिल्लाका साहित्यकारहरूले जिल्लाभित्र मात्र सीमित नरही राजधानी तथा विदेशको भूमिमा पुगेर नेपाली साहित्यमा योगदान गरेको देखिन्छ । यस जिल्लामा सबैभन्दा बढी फस्टाएको साहित्यिक विधा कविता र गजल नै हो । यसका अतिरिक्त उपन्यास, कथा, नाटक, निबन्ध जस्ता विधाहरूको लेखनकार्य पनि उत्तिकै मात्रामा अगाडि वढेको पाइन्छ ।

कैलाली जिल्लामा कविता विधामा कलम चलाउने साहित्यकारहरूमा देवकान्त पन्त, नृपबहादुर स्वाँर, रामचन्द्र जोशी, यज्ञराज 'यात्री', भालचन्द्र भण्डारी 'ब्रह्मगोल', मनिराज जोशी, श्रेष्ठ प्रिया 'पत्थर', आदि प्रमुख छन् । यस जिल्लाका नवोदित साहित्यकारहरू गजल लेखनमा बढी सक्रिए भएको पाइन्छ । तिनीहरू श्रेष्ठ प्रिया 'पत्थर', रामलाल जोशी पुष्करराज भट्ट, दीर्घराज 'अनुराग' अशोक बोहरा, मेघनाथ खनाल 'बन्धु', जनक रसिक, टोपेन्द्र शाह 'रसिक' लोक बहादुर चौधरी 'लक्की', शिवराज योगी, 'आँसु', 'तपराज विनाडी अञ्जान', पुष्प 'परेली' निरञ्जन बम, टी.एन. जोशी 'किशोर' आदि प्रमुख छन् । त्यसैगरी मुक्तक लेखनमा सक्रिय साहित्य स्रष्टाहरू

तिलक समर्पण, निरञ्जन बम, आदि छन् । कथाविधामा कलम चलाउने साहित्यकारहरू पद्मराज जोशी 'प्रभात', पुष्करराज भट्ट, हेमन्ती जोशी आदि प्रमुख छन् । उपन्यास विधामा कलम चलाउने साहित्यकारहरू खडक बहादुर सिंह, नृपबहादुर स्वाँर, श्रेष्ठ प्रिया 'पत्थर', पद्मराज जोशी 'प्रभात', आदि प्रमुख छन् । निबन्ध विधामा कलम चलाउने साहित्यकारहरू नृपबहादुर स्वाँर, यज्ञराज यात्री, पुष्करराज भट्ट, आदि प्रमुख छन् । पहलमान सिंह स्वाँर कैलालीका एक मात्र नाटककार हुन् । लोकसाहित्यका क्षेत्रमा देवकान्त पन्त, एकराज भट्ट, पद्मराज जोशी प्रभात आदिको योगदान उल्लेखनीय छ । कैलाली जिल्लामा समालोचनाको विकास राम्रोसँग भएको पाइदैन फुटकर रूपमा भए पनि समालोचनाका क्षेत्रमा कलम चलाउने व्यक्ति गणेशराज जोशी, रामलाल जोशी आदि छन् ।

कैलाली जिल्लाको साहित्यिक परम्परा र विकास दिनानुदिन अगाडी बढिरहेको छ । यस जिल्लामा नवोदित साहित्यकारहरू जन्मिने क्रम पनि जारिनै छ । यस जिल्लाको साहित्यिक परम्परा र विकासमा साहित्यकारहरूले विभिन्न विधाका कृतिहरू प्रकाशन गरेर या नगरेरै भए पनि नेपाली साहित्य एवं कैलाली जिल्लाको साहित्यमा योगदान दिई रहेका छन् । तिनीहरूको योगदान गुणात्मक एवम् संख्यात्मक दुवै रूपमा महत्त्वपूर्ण छ । यस जिल्लाका साहित्यकारहरूको अतिरिक्त साहित्यिक वा साहित्येत्तर विभिन्न संघसंस्था, पत्रिका तथा पुस्तकालयले पनि नेपाली साहित्योत्थानमा ठूलो योगदान गरेका छन् । अतः यिनीहरूको योगदानलाई पनि विर्सन सकिदैन ।

कैलालीका साहित्यकार एवम् साहित्यप्रेमीहरूको मूल अभीष्ट हरेक क्षेत्रबाट साहित्यको गतिविधिलाई निरन्तरता प्रदान गर्दै सम्पन्न बनाउनु हो । त्यसैले यहाँको साहित्यकारहरूले आफ्ना साहित्यिक रचना र कृतिमार्फत एकातिर साहित्यको सेवा गरेका छन् भने अर्कातिर यस जिल्लामा रहेका भौगोलिक, प्राकृतिक, राजनीतिक, साँस्कृतिक, धार्मिक, शैक्षिक, आर्थिक, सामाजिक आदि पक्षका सकारात्मक र नकारात्मक दुवै पक्षलाई आफ्ना कृतिमा देखाउँदै आएका छन् । विगतदेखि वर्तमानसम्म हेर्दा कैलाली जिल्लाको साहित्य निरन्तर रूपमा पल्लवित र पुष्पित हुँदै अगि बढी रहेको छ ।

समग्रमा भन्दा कैलाली जिल्लाका साहित्यकारहरू, संघसंस्था, पुरस्कार, पत्रपत्रिका, पुस्तकालय आदिले नेपाली साहित्यको श्रीवृद्धिमा पुऱ्याएको योगदान नै 'नेपाली साहित्यमा कैलाली जिल्लाको योगदान' हो । वर्तमानमा आएर कैलाली जिल्लालाई नेपाली साहित्यबाट अलग गरेमा सायद नेपाली साहित्य केही हदसम्म अपूर्ण हुन सक्छ । कैलाली जिल्लाको साहित्यिक विकास अगि बढी नै रहेमा यसले नेपाली साहित्यमा अझ बढी योगदान गर्ने आशाव्यक्त गर्न सकिन्छ ।

साहित्य एक निरन्तर विकसित एवम् गतिशिल क्रिया हो । यसको कुनै सीमा हुँदैन । प्रस्तुत शोधपत्रमा २०६५ असोजसम्म भएका साहित्यकार, साहित्यिक र साहित्येत्तर संघसंस्था, पत्रपत्रिका र पुरस्कारको सङक्षिप्त जानकारी दिने कार्य मात्र गरिएको छ । यतिले मात्र कैलाली जिल्लाको समग्रसाहित्यिक योगदान पूरा हुन सक्दैन । तर यस कार्यले आगामी दिनमा कैलालीको साहित्यका बारेमा कुनै शोधखोज गर्न चाहेमा प्रस्तुत शोधपत्रले मद्दत पुऱ्याउने छ भन्ने मैले आशा गरेको छु । कैलाली जिल्लाको थप अध्ययन गर्न चाहेको खण्डमा यी शीर्षकहरूमा शोधार्थीले शोधकार्य गर्न सक्ने छन् ।

क) कैलाली जिल्लाको लोकसाहित्यको अध्ययन ।

ख) कैलाली जिल्लाका प्रतिनिधि कवि र तिनका कविताको अध्ययन ।

ग) कैलाली जिल्लाका प्रतिनिधि गजलकार र तिनका गजलको अध्ययन ।

घ) कैलाली जिल्लाका प्रतिनिधि कथाकार र तिनका कथाको अध्ययन ।

ङ) कैलाली जिल्लाका प्रतिनिधि उपन्यासकार र तिनका उपन्यासको अध्ययन ।

च) कैलाली जिल्लाको निबन्ध विधामा योगदान ।

छ) कैलाली जिल्लाका साहित्यकारहरूको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन ।

ज) कैलाली जिल्लामा बोलिने थारु, राना, डोटेली, नेपाली आदि भाषाहरूका विविध पक्षहरूको अध्ययन ।

झ) कैलाली जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाहरू 'मालिका', 'सुरभि' 'गजल प्रवाह' आदि पत्रिकाको नेपाली साहित्यमा योगदान ।

ञ) नेपाल सहित्यमा सु.प. साहित्य समाज, कैलाली जनपुस्तकालय, सु.प. गजल मञ्ज आदि सङ्घसंस्थाको योगदान ।

# सन्दर्भग्रन्थसूची

**नेपाली तथा हिन्दी पुस्तकहरू काठमाडौं**


अधिकारी, गणेशप्रसाद, **समाजशास्त्र तथा मानवशास्त्र एक परिचय** (काठमाडौं: रत्नपुस्तक भण्डार) २०६४ ।

अधिकारी, सूर्यमणि, **पश्चिम नेपालको ऐतिहासिक अन्वेषण** (काठमाडौं: नेपाल एसियाली अनुसन्धान केन्द्र) २०४३ ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश** (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार) २०६१ ।

ओझा, देवीप्रसाद, **सु.प.मा साहित्य र साहित्यकारहरू** (कञ्चनपुर: सु.प. सामाजिक तथा अनुसन्धान समिति) २०६० ।

**कैलाली जिल्लाको वस्तुगत विवरण** (कञ्चनपुर: शाखा तथ्याङ्क कार्यालय) २०६३ ।

खतिवडा, सोमप्रसाद, **अभिलेख एवम् मुद्रणशास्त्र** (काठमाडौं: एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स) २०५९ ।

खनाल, मेघनाथ 'बन्धु' **गजल-यात्रा** (कैलाली: सु.प गजलमञ्च) २०६४ ।

चौधरी, 'लक्की', **अन्तर्भाव** (कैलाली: सु.प.गजलमञ्च) २०६३ ।

................. **तिहुवार** (कैलाली: श्रीमती गीता चौधरी) २०६२ ।

जोशी, टी.एन.किशोर, **देश रोएका बेला** (कैलाली: सु.प. साहित्य समाज) २०६२ ।

जोशी, पद्मराज 'प्रभात', **गौरापर्व एक परिचय** (कैलाली: स.प.संस्कृति प्रवर्द्धन समिति धनगढी तथा काठमाडौं प्रशंसा संरक्षण समूह) २०५९ ।

................. **पहाडकी सौराई** (कैलाली: सौराई प्रकाशन) २०६४ ।

................. **सु.प.को समाज लोकसंस्कृति एक झलक** (कैलाली: सौराई प्रकाशन) २०६४ ।

................. र अन्य, **नृपबहादुर स्वाँर स्मृतिग्रन्थ** (कैलाली: सु.प. साहित्य समाज) २०६४ ।

जोशी, मनिराज, **सरिता** (कैलाली विद्यार्थी साहित्य प्रतिष्ठान) २०५६ ।

................ **अमर साधक पहलमानसिंह स्वाँर** (काठमाडौंः पहलमानसिंह स्वाँर स्मृति प्रतिष्ठान) २०६१ ।

................ **दशरथ चन्द** (काठमाडौंः दशरथ चन्द मेमोरियल ट्रष्ट) २०६५ ।

जनक, 'रसिक' **युगिन सपना** (कैलालीः लेखक स्वयम्) २०६४ ।

जोशी, कुमारबहादुर, 'पहलमानसिंह स्वाँर र अटलबहादुर', **नेपाली स्नात्तकोत्तर समालोचना** सम्पा. घटराज भट्टराई, (काठमाडौंः पैरवी बुक्स एण्ड स्टेसनरी सेन्टर) २०५९ ।

जोशी, यज्ञराज, **आमाको महिमा** (कैलालीः लेखक स्वयम्) २०४३ ।

................ **भगवती वन्दना** (कैलालीः लेखक स्वयम्) २०४७ ।

................ **मातृभूमि नेपाल** (कैलालीः लेखक स्वयम्) २०४८ ।

................ **मेरो नेपाल दर्शन** (कैलालीः कैलाली जनपुस्तकालय) २०४८ ।

यज्ञराज 'यात्री' र अन्य (सम्पा) **साहित्यकार परिचय कोश** (धनगढीः सु.प. साहित्य समाज) २०६० ।

जोशी, रामचन्द्र, **आमा** (?: दिदी कलसादेवी र श्रीमती चन्द्रकान्ता शोभा जोशी) २०४१ ।

जोशी, रामलाल, **हत्केलामा आकाश** (काठमाडौंः नेपाल साहित्यकार संघ) २०५७ ।

जोशी, 'हेमन्ती', **प्रतिबिम्ब** (कैलालीः प्रज्ञा जोशी) २०६४ ।

त्रिपाठी, वाशुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** भाग एक (पाँ.सं.) (ललितपुरः साझा प्रकाशन) २०५८ ।

तिवारी, भोलानाथ, **भाषा विज्ञान** नवौं सं. (इलाहवादः किताव महल) २०५५ ।

दीर्घराज 'अनुराग' **उनैको यादमा** (काठमाडौंः गजल मञ्च नेपाल) २०५९ ।

दहाल, पेशल, **नेपालको इतिहास** (काठमाडौंः एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स) २०५८ ।

................ र सोमप्रसाद खतिवडा, **नेपाली समाज र संस्कृति**, (काठमाडौंः  एम्.के.पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स) २०५७ ।

................नेपाल पूर्णप्रकाश 'यात्री', **सेती अञ्चल दिग्दर्शन** (विराटनगरः हिमाली सौगात प्रकाशन) २०३५ ।

न्यौपाने, टंकप्रसाद, **साहित्यको रूपरेखा** (काठमाडौंः साझा प्रकाशन) २०५५ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश** (काठमाडौंः ने.रा.प्र.प्र). २०५८ ।

पौडेल, तुलसी, **सँस्कृतिको नमुना एक परिचय** (काठमाडौंः निमा पुस्तक प्रकाशन) २०५४ ।

पौड्याल, हिरामणि शर्मा, **पर्वती भाषिकाको स्वरुप र संरचना** (वाराणशीः न्यु कमला मुद्रण) २०४४ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य** (थापा थलीः एकता बुक्स प्रा.लि.) २०५७ ।

बराल, कृष्णहरि, **गजलः सिद्धान्त र परम्परा** (ललितपुरः साझा प्रकाशन) २०६४ ।

भट्ट, पुष्करराज, **कर्मयोद्धा** (बनेपाः जनमत प्रकाशन) २०५९ ।

................ **एक थोपा सागरको** (कञ्चनपुरः महाकाली साहित्य सङगम) २०६४ ।

भण्डारी, भालचन्द्र' ब्रह्मगोल', **जय नेपाल** (कैलालीः लेखक स्वयम्) २०५२ ।

............... **सुभद्रा** (दो.सं.) (कैलालीः लेखक स्वयम्) २०६४ ।

................ र अन्य (सम्पा.) **देवकान्त पन्त स्मृतिग्रन्थ** (कैलालीः सु.प. साहित्य समाज सु.प. साहित्य समाज) २०५९ ।

**मेचीदेखि महाकाली**, भाग ४, सूचना विभाग श्री ५ को सरकार ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा, **शिक्षाको दर्शन शास्त्रीय र समाजशास्त्रीय आधार** (काठमाडौंः एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स) २०५९ ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार) २०६१ ।

................**'शोधविधि'** (ते.सं.) (ललितपुरः साझा प्रकाशन) २०६२ ।

................**लोकवार्ताविज्ञान र लोकसाहित्य**, (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार) २०६३ ।

श्रेष्ठ, दयाराम, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ** (दो.स.) (काठमाडौंः त्रिकोण प्रकाशन) २०६१ ।

श्रेष्ठ, प्रिया 'पत्थर', **पग्लिएका व्यथाहरू** (कैलालीः कलश साङ्गीतिक समूह) २०५३ ।

................**पत्थरका प्रलाप** (कैलालीः सु.प. साहित्य समाज) २०५९ ।

................**आँसुको सौगत** (कैलालीः सु.प. गजल मञ्च) २०६० ।

................**सम्यक दृष्टि** (बनेपाः जनमत प्रकाशन) २०६४ ।

सुवेदी, राजाराम, **कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य** (काठमाडौं श्री रणबहादुर राई र श्रीमती दुर्जनकुमार राई) २०५६ ।

स्वाँर नृपबहादुर, **कथा-व्यथा** (कैलालीः लेखक स्वयम्) २०५९ ।

................**देशभित्र-देशबाहिर** (कैलालीः सु.प. साहित्य समाज) २०६० ।

**पत्रपत्रिकाहरू**

ओझा, 'अभिलाषी' "जन्मभूमिका रमाइला क्षणहरू", **सुरभि** (गौरा विशेषाङ्क) (वर्ष ९, अङ्क ८ २०६१) (असोज-असार) पृष्ठ ४२ ।

चन्द, वीरबहादुर, 'सत्यताका पक्षधर ज्वानः सर्जकः पुष्करराज भट्ट' **गुगुल्डि** (वर्ष १२, अङ्क १, पूर्णाङ्क १३३ २०६५) पृष्ठ ६-८ ।

न्यौपाने, घनश्याम, 'परिश्रमी' 'जलको स्वरुप र बहरहरूको चिनारी तथा नेपाली गजलपरम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन', **गजल प्रवाह** (प्रवेशाङ्क वर्ष १ २०६१)
(वैशाख-असोज पृ. १-१०)

भट्ट, पुष्करराज, 'नेपाली गजल र यसको ऐतिहासिक विकासक्रम' **गजल प्रवाह** (वर्ष ४, अङ्क ४, पूर्णाङ्क ४ २०६४) २-५ ।

भण्डारी, सुभाषचन्द्र, 'विभत्स नेपालः शान्तिको अभ्यार्थना' **सुरभि** (गौरा विशेषाङ्क) (वर्ष ९, अङ्क ८, २०६१) ।

'वियोगी', 'माधव', 'सुदूरपश्चिमाञ्चलको साहित्यिक गतिविधि': धनगढीको केन्द्रीयतामा **युगपुकार** ( वर्ष २ अङ्क ३ २०६२) पृष्ठ २-६ ।

शाह, टोपेन्द्र 'रसिक' 'गजल विधाको प्रवेश, लेखन तथा विकासक्रम सु.पको सन्दर्भमा' **गजल प्रवाह** (वर्ष २ अङ्क ३ २०६२) पृष्ठ २-६ ।

'नेपाली साहित्यमा गजल विधाको प्रवेश, विकासक्रम तथा सु.प.मा यस विधाको गतिविधि', **भूकम्प** (वर्ष ५ अङ्क १, पूर्णाङ्क ११ २०६०) पृष्ठ ५-७ ।

श्रेष्ठ, प्रिया 'पत्थर' सु.प. गजलमञ्चको स्थापना र हालसम्मको गतिविधि **गजल प्रवाह** प्रवेशाङ्क (वर्ष १ २०६१) पृष्ठ १६-१८

स्वाँर, नृपबहादुर, 'मेरो शैक्षिक भ्रमण र २००८ सालको कैलाली **शैक्षिक स्मारिका** (वर्ष १ अङ्क १ २०६१) पृष्ठ २७।

**शोधपत्रहरू:**

अवस्थी, भवानीदत्त, 'रोसन' **देवकान्त पन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि.कीर्तिपुर, २०५७।

ओझा, खगेन्द्रराज, **साहित्यकार यज्ञराज जोशीको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ, २०६२।

खनाल, परेगराज, **उपन्यासकार श्रेष्ठ प्रिया' 'पत्थर' र उनका 'पुनरावृत्ति' र 'मर्यादा' उपन्यासको विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज बाँके, २०६३।

राई, भीमसेन **नेपाली साहित्यको विकास प्रक्रियामा पहलमानसिंह स्वाँरको व्यक्तित्व र योगदानको विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, २०३२।

रेग्मी, अम्बिकाप्रसाद, **उपन्यासकार खड्कबहादुर सिंह** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि.वि.कीर्तिपुर, २०४५।

शर्मा, गणेशप्रसाद, **बागलुङ्ग जिल्लाको साहित्यिक योगदान**, अप्रकाशित शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर २०५५।